# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २७, अङ्क २४ | २०७५, चैत १६–३० | पूर्णाङ्क ६४२



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **मुख्य रजिष्ट्रार श्री नृपध्वज निरौला** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **का.मु.रजिष्ट्रार श्री नारायणप्रसान पन्थी** | **- सदस्य** |
| **अधिवक्ता श्री खम्मबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिष्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री रामप्रसाद पौडेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री मन्दिरा शाही
शाखा अधिकृत श्री देवी चौधरी
शाखा अधिकृत श्री राजकुमार गुरूङ
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री यशोदा निरौला
ना.सु. श्री अर्जुनबाबु सापकोटा
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

ना.सु.श्री अर्जुन चौधरी
डिट्टा श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
सिनियर बुकबाइन्डर श्री विद्यानन्द पोखरेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री गंगा थापा
बुकबाइन्डर श्री धनमाया मानन्धर

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | | | |
|---|---|---|---|
| संयुक्त इजलास | १० | इजलास नं. १० | ४ |
| इजलास नं. १ | ४ | इजलास नं. ११ | २ |
| इजलास नं. २ | ४ | इजलास नं. १२ | ३ |
| इजलास नं. ३ | ४ | इजलास नं. १३ | १ |
| इजलास नं. ४ | ५ | इजलास नं. १४ | ३ |
| इजलास नं. ५ | १३ | इजलास नं. १६ | २ |
| इजलास नं. ६ | ५ | इजलास नं. १७ | १ |
| इजलास नं. ७ | २ | एकल इजलास | १ |
| इजलास नं. ८ | ६ | | |
| इजलास नं. ९ | ४ | | |
| जम्मा | ५७ | जम्मा | १७ |

कूल जम्मा ५७ + १७ = ७४

# नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ। त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७५, चैत – २, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

# Toll Free Number

# १६६०–०१–३३३–५५

वा

**इमेल ठेगाना**

**cjs@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ।

**मूल्य रू.२०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ - ६** |
| १. | लिखत बदर | सुदर्शन घिमिरे वि. शारदा फुयालसमेत | १ |
| २. | उत्प्रेषण / परमादेश | गौरीप्रसाद उप्रेती वि. सनराइज बैंक न्युरोड शाखा, न्युरोड काठमाडौंसमेत | २ |
| ३. | उत्प्रेषण / परमादेश | कलानिधी पौडेल वि. लुम्बिनी मैनाचुली कन्काई जे.भी.दमक - १० झापासमेत | २ |
| ४. | उत्प्रेषण / परमादेश | खड्काबहादुर घले वि. पुनरावेदन अदालत, पाटन, ललितपुरसमेत | ३ |
| ५. | अंश दर्ता | प्रमीलादेवी महतो वि. सोनादेवी महतो | ३ |
| ६. | उत्प्रेषण / परमादेश | अनिल राजभण्डारी वि. पुनरावेदन अदालत, पाटन, ललितपुरसमेत | ५ |
| ७. | उत्प्रेषण / परमादेश | श्याम नन्दन यादव वि. पुनरावेदन अदालत, पाटन, ललितपुरसमेत | ६ |
| **इजलास नं. १** | | | **६ - १०** |
| ८. | कर्तव्य ज्यान | बेबरी दाहाल वि. नेपाल सरकार | ६ |
| ९. | कर्तव्य ज्यान | यामबहादुर परियार वि. नेपाल सरकार | ८ |
| १०. | उत्प्रेषण | रामगोविन्द खागी वि. जिल्ला वन कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोकसमेत | ९ |
| **इजलास नं. २** | | | **१० - १४** |
| ११. | अपहरण तथा शरीर बन्धक | रवि श्रेष्ठसमेत वि. नेपाल सरकार | १० |
| १२. | अंशदपोट | नीरमाया तामाङ वि. कृष्णबहादुर तामाङ | १२ |
| १३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. कृष्णबहादुर अधिकारीसमेत | १२ |
| १४. | डाँका | नेपाल सरकार वि. गणेशप्रसाद हरिजनसमेत | १३ |
| **इजलास नं. ३** | | | **१४ - १७** |
| १५. | परमादेश | जिल्ला विकास समितिको कार्यालय, बारा कलैया वि. हनुमान मेटल्स प्रा.लि. | १४ |
| १६. | निषेधाज्ञा | नथुनी कवारी वि. कुलप्रसाद सुवेदीसमेत | १५ |
| १७. | बहुविवाह | अनिरूद्र खड्का वि. नेपाल सरकार | १६ |
| १८. | उत्प्रेषण / परमादेश | हिमांशु शेखर पाठक वि. गृह मन्त्रालय, सिंहदरबारसमेत | १६ |

| | | | |
|---|---|---|---|
| **इजलास नं. ४** | | | **१७ – २०** |
| १९. | उत्प्रेषण / परमादेश | ईश्वरी श्रेष्ठ वि. सिभिक सेभिङ्ग एन्ड क्रेडिट को-अपरेटिभ लिमिटेडसमेत | १७ |
| २०. | दाखिल खारेज गरिपाउँ | कदमलाल खाँ थारू वि. विपतराम माझी | १७ |
| २१. | उत्प्रेषण / परमादेश | डा. बच्चुराम कार्की वि. शेरबहादुर नाल्वो | १८ |
| २२. | उत्प्रेषण | बेखाराम श्रेष्ठ वि. मालपोत कार्यालय, साँखुसमेत | १९ |
| २३. | उत्प्रेषण / परमादेश | शुभाषजंग पाण्डे वि. सार्वजनिक खरिद पुनरावलोकन समिति, रेडक्रसमार्ग ताहाचलसमेत | १९ |
| **इजलास नं. ५** | | | **२० - २८** |
| २४. | ठगी | नेपाल सरकार वि. कमलमान गुभाजु | २० |
| २५. | अप्राकृतिक मैथुन | नेपाल सरकार वि. परिवर्तित नाम कञ्चनपुर G | २१ |
| २६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. शुक्रबहादुर महर | २१ |
| २७. | उत्प्रेषण / परमादेश | गगन सिंह नेगी वि. महेन्द्रनगर नगर विकास समिति महेन्द्रनगर कञ्चनपुरसमेत | २२ |
| २८. | वैदेशिक रोजगार कसुर | खमान सिं गुरूङ वि. नेपाल सरकार | २३ |
| २९. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. मोहम्मद सिद्दिकी मुसलमानसमेत | २४ |
| ३०. | जबरजस्ती चोरी | नेपाल सरकार वि. ज्ञानेश्वर दाहाल | २५ |
| ३१. | लागु औषध (नाइट्रोसन समेत) | नेपाल सरकार वि. सुसन ताम्राकारसमेत | २६ |
| ३२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. दीपक खवाससमेत | २७ |
| ३३. | वैदेशिक रोजगार कसुर | राजेन्द्रबहादुर पौडेल वि. नेपाल सरकार | २८ |
| **इजलास नं. ६** | | | **२९ - ३२** |
| ३४. | हात हतियार खरखजाना | नेपाल सरकार वि. सुवास तामाङ | २९ |
| ३५. | उत्प्रेषण / परमादेश | कृष्णप्रसाद सञ्जेल वि. उच्च अदालत पाटन, हेटौंडा इजलास, मकवानपुरसमेत | २९ |
| ३६. | कर्तव्य ज्यान | दानबहादुर दोङ्ग वि. नेपाल सरकार | ३० |
| ३७. | जबरजस्ती करणी | नेपाल सरकार वि. अमित तामाङसमेत | ३० |

| | | | |
|---|---|---|---|
| ३८. | बन्दी प्रत्यक्षीकरण | नेत्रकाजी शाक्य वि. मेनका शाक्य | ३२ |
| **इजलास नं. ७** | | | **३३ - ३७** |
| ३९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सफिक महमद खानसमेत | ३३ |
| ४०. | लागु औषध (अफिम) | टंकबहादुर राउतसमेत वि. नेपाल सरकार | ३५ |
| **इजलास नं. ८** | | | **३७ - ४१** |
| ४१. | निषेधाज्ञा | विनोद लामा वि. सुमन मोक्तानसमेत | ३७ |
| ४२. | निर्णय बदर हक कायम | नाथु केवट वि. जवाहरलाल केवट | ३७ |
| ४३. | सार्वजनिक साझा चोक मिची बनाएको घरटप पर्खाल पिलर भत्काई चलनसमेत चलाई पाऊँ | सानुबहादुर प्रधान वि. उर्मिला श्रेष्ठ | ३८ |
| ४४. | लागु औषध (खैरो हेरोइन) | सचिन खनालसमेत वि. नेपाल सरकार | ३९ |
| ४५. | डाँका | नेपाल सरकार वि. लैलु चौधरीसमेत | ३९ |
| **इजलास नं. ९** | | | **४१ - ४५** |
| ४६. | हातहतियार खरखजाना | नेपाल सरकार वि. मदनकुमार मिश्र | ४१ |
| ४७. | कर्तव्य ज्यान | विरू धामी वि. नेपाल सरकार | ४२ |
| ४८. | उत्प्रेषण | आसराम मुस्याख्वासमेत वि. भूमिसुधार कार्यालय, भक्तपुरसमेत | ४३ |
| ४९. | निषेधाज्ञा | अनारदेवी तत्मा वि. सबरलाल चौधरीसमेत | ४४ |
| **इजलास नं. १०** | | | **४५ - ४८** |
| ५०. | उत्प्रेषण / परमादेश | बालकृष्ण पौडेल वि. जिल्ला वन कार्यालय, इलामसमेत | ४५ |
| ५१. | लागु औषध (डाइजेपाम) | हुसन मुवारक अलि वि. नेपाल सरकार | ४६ |
| ५२. | वैदेशिक रोजगार कसुर | शंकर कुमार खत्री वि. नेपाल सरकार | ४६ |
| ५३. | जबरजस्ती करणी | बलबहादुर नेपाल वि. नेपाल सरकार | ४८ |
| **इजलास नं. ११** | | | **४८ - ५०** |
| ५४. | दर्ता बदर, हक कायम, जग्गा खिचोला | दुर्गाप्रसाद पाण्डे वि. अमृता न्यौपानेसमेत | ४८ |
| ५५. | अंश चलन | डोम तामाङसमेत वि. धनमाया तामाङ | ४९ |
| **इजलास नं. १२** | | | **५० - ५२** |
| ५६. | परमादेश | अधिवक्ता मीरा ढुङ्गानासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ५० |

| | | | |
|---|---|---|---|
| ५७. | अबन्डा जग्गा बन्डा दर्ता गरी नामसारी चलन | रामप्रसाद राजवंशीसमेत वि. सुरेशकुमार चौधरी | ५१ |
| **इजलास नं. १३** | | | **५२ - ५३** |
| ५८. | उत्प्रेषण | रिञ्जे शेर्पा वि. मालपोत कार्यालय, सखुवासभा, खाँदबारीसमेत | ५२ |
| **इजलास नं. १४** | | | **५३ - ५५** |
| ५९. | उत्प्रेषण / परमादेश | आशा भुषाल वि. त्रिभुवन विश्वविद्यालय केन्द्रीय क्याम्पस, कीर्तिपुरसमेत | ५३ |
| ६०. | उत्प्रेषण / परमादेश | शिवशक्ति भट्टराईसमेत वि. भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय, सडक विभाग बबरमहलसमेत | ५४ |
| ६१. | कर्तव्य ज्यान र जबरजस्ती चोरी | नेपाल सरकार वि. सलबहादुर गुरूङ | ५५ |
| **इजलास नं. १६** | | | **५५ - ५८** |
| ६२. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. रोहित गुरूङ | ५५ |
| ६३. | वैदेशिक रोजगार सम्बन्धी कसुर | रजनी जोशी वि. नेपाल सरकार | ५७ |
| **इजलास नं. १७** | | | **५८ – ६०** |
| ६४. | लागु औषध ब्राउन सुगरसमेत | नेपाल सरकार वि. कृष्ण श्रेष्ठ भन्ने कृष्णनाथ श्रेष्ठसमेत | ५८ |
| **एकल इजलास** | | | **६०** |
| ६५. | बन्दी प्रत्यक्षीकरण | रेवतरमण भट्टराईको हकमा कमला भट्टराई वि. महानगरीय प्रहरी वृत्त कमलपोखरी, काठमाडौंसमेत | ६० |

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६६-CI-०४७३, लिखत बदर, *सुदर्शन घिमिरे वि. शारदा फुयालसमेत*

विवादित कि.नं. ३७ को जग्गाको फिल्डबुकमा जोताहामा गंगादेवी घिमिरे भनी जनिएको र कैफियत महलमा यो कित्ता बाबुको नाउँको दर्ता हो मेरो बाबुसँग राजीनामा गरी लिई जोती खाई आएको छु भन्ने उल्लेख भएको देखिन्छ । कि.नं. ३७ को उक्त जग्गा सुदर्शन घिमिरेको बाबु बाजेका तर्फबाट प्राप्त हुन आएको नदेखिएको र माइती पक्षबाट गंगा घिमिरेलाई प्राप्त हुन आएको देखिँदा सुदर्शन घिमिरेको पैतृक सम्पत्ति भन्ने देखिएन । पुनरावेदक वादी सुदर्शन घिमिरेको फिराद दाबी एवम् पुनरावेदन जिकिरअनुसार गंगा घिमिरेको नाममा प्राप्त हुन आउँदा उक्त कि.नं. ३७ राजीनामाबाट आएकोले बन्डा लाग्ने सम्पत्ति हो भनी जिकिर लिएको देखिए तापनि उक्त सम्पत्ति राजीनामाबाट खरिद गर्दा पैतृक सम्पत्तिसमेत खर्च गरी लिएको हो भनी वस्तुनिष्ठ प्रमाण पुनरावेदक वादीले देखाउन सकेको नपाइने ।

मुलुकी ऐन, स्त्री अंशधनको महलको १ र ५ नं. को कानूनी व्यवस्थालाई हेर्दा सो महलको १ नं. मा “कन्या, सधवा वा विधवा स्वास्नी मानिसले आफ्नो आर्जनको चल अचल आफ्नो खुस गर्न पाउँछन्” भनी उल्लेख भएको देखिन्छ । यस कानूनी व्यवस्थाअन्तर्गत अंशबन्डाबाट प्राप्त भएको, दाइजो, पेवा, दान बकस वा अपुतालीबाट प्राप्त भएको सम्पत्ति त्यस्तो स्वास्नी मानिसले आफूखुस गर्न पाउने अन्तर्गतकै सम्पत्ति देखियो । अंशबन्डाबाट आफ्नो हक भोग तथा स्वामित्वमा रहेको सम्पत्ति जुनसुकै बेहोराबाट पनि जो कोहीलाई हक हस्तान्तरण गर्न सक्ने नै देखिने ।

आमाका नाममा रहेको जग्गा हस्तान्तरणको लिखतमा छोरा साक्षी बसेको र लोग्ने / बाबु सुदर्शन घिमिरे साक्षी नबसेको र निज सुदर्शन घिमिरेले लिखत बदरमा दाबी लिई आएको र गंगादेवी घिमिरे तथा छोरा राजेन्द्र घिमिरेले सुरू म्यादसमेत गुजारी बसेकोसमेत अवस्थाबाट मिलेमतोबाट लिखत बदर मुद्दा दिएको भन्ने स्पष्ट हुन आउने ।

परिवारको एउटा सदस्यले आफ्नो नामको अरू कसैको हक नलाग्ने जग्गा भएकोले बिक्री गरी व्यवहार चलाउँदै जाने र आफ्नो व्यवहार कारोबार मिलिसकेपछि लिखतमा साक्षी नबसेका घर परिवारका अन्य सदस्यहरूले लिखत बदरको जिकिर लिँदै जाने हो भने अचल सम्पत्तिको हक हस्तान्तरणको प्रक्रिया अविश्वसनीय हुँदै जाने हुन्छ । खरिद गर्ने व्यक्ति जहिले पनि जोखिममा पर्ने बिक्रीकर्ताले दोहोरो लाभ लिन सक्ने अवस्था रहन्छ । अचल सम्पत्तिको हक हस्तान्तरणको प्रक्रिया दूषित हुन जान्छ जुन न्यायको दृष्टिले उचितसमेत नदेखिने ।

तसर्थ माथि विश्लेषण गरिएका आधार, कारण र प्रमाणहरूसमेतबाट विवादित कि.नं. ३७ को जग्गा पैतृक सम्पत्ति नभई प्रत्यर्थी गंगा घिमिरेको आफ्नो बाबुको तर्फबाट आएको भई निजको नाउँमा दर्ता भएको निज गंगा घिमिरेले आफ्नै पालामा आर्जन गरेको आफूखुस गर्न पाउने सम्पत्ति उमेर पुगेका छोरासमेतलाई साक्षी राखी घर व्यवहार सञ्चालन गर्न बिक्री गर्दा प्रत्यर्थी वादी लोग्नेको मन्जुरी लिन नपर्ने भई लिखत बदर गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६६।२।३१ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: रामप्रसाद बस्याल

इति संवत् २०७३ साल चैत २० गते रोज १ शुभम् ।

२

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-WO-०३६४, उत्प्रेषण / परमादेश, *गौरीप्रसाद उप्रेती वि. सनराइज बैंक न्युरोड शाखा, न्युरोड काठमाडौंसमेत*

सार्वजनिक खरिद ऐनको दफा २३ को उपदफा (४) मा सार्वजनिक निकायले यस दफाबमोजिम बोलपत्रको परीक्षण गर्ने सिलसिलामा बोलपत्रदातासँग आवश्यक जानकारी माग गर्न सक्नेछ भन्ने उल्लेख भई विपक्षी योजनाले बोलपत्रदातासँग योजनाको लागि आवश्यक कागज माग गर्न सक्ने अधिकार बोलपत्र आह्वानकर्ता विपक्षीलाई रहेकोसम्म पाइन्छ । यसरी माग भएको कागज पेस गर्दा पहिला पेस गरेको बोलपत्र संलग्न मूल्यसमेतमा सारभूत रूपमा परिवर्तन गरी पछि अर्कै कागजात पेस गरेमा त्यस्तो बोलपत्रदाताको बोलपत्रबापतको जमानत जफत गर्नसक्ने अधिकार विपक्षी आयोजनालाई रहेको देखिन्छ । तर, प्रस्तुत विवादमा विपक्षी आयोजनाले जमानत जफत गर्ने निर्णय गर्दा निवेदकले पहिले विद्युतीय माध्यमबाट पेस गरेको मूल्यमा सारभूत रूपमा परिवर्तन गरी पछि Hard Copy पेस गरेको भनी उल्लेख गर्न सकेको स्थिति छैन । यसबाट माग भएको Hard Copy पेस नगरेकै आधारमा बोलपत्र दाताको जमानत जफत गर्ने अधिकार विपक्षी योजनालाई रहेको भन्न नमिल्ने ।

निर्माण कार्यको व्यवस्थापन गर्ने विपक्षी योजना कार्यालयले योजनाअनुरूप हुने निर्माण कार्यको गुणस्तर कायम राख्ने, समयमै योजना सम्पन्न गराउने र योजनाले निर्धारण गरेको लक्ष्यलाई सम्बोधन गर्ने गराउने प्रयोजनका लागि बोलपत्र आह्वानको सूचनामा सर्त राख्ने र सोबमोजिम कार्यान्वयन गराउने विषयलाई आयोजनाबाट लाभान्वित हुने सर्वसाधारण जनताको हितलाई मध्यनजर राखी न्यायपूर्ण मानिन सक्ने भएपनि ठोस कानूनी आधारविना स्वीकृत नभएको बोलपत्र दाताले योजनाले मागेको कागजात पेस नगरेको विषयलाई बोलपत्रदाताको जमानत नै जफत गर्ने आधार बनाएको कार्य न्यायको रोहमा उचित मान्न नमिल्ने ।

तसर्थ, निवेदक मृत सञ्जीवनी निर्माण सेवाको बोलपत्र (Bid) स्वीकृत नभएपछि निवेदकले पेस गर्नुपर्ने Hard Copy पेस गरेको थिएन भन्ने मात्र आधारबाट बैंक ग्यारेन्टी जफत गर्ने गरेको कार्य न्याय र कानूनसम्मत नदेखिँदा विपक्षी ११ किलो छेपेटार-भालुस्वाँरा-वारपाक सडक योजनाबाट मिति २०७०।४।२७ मा भएको निर्णय एवम् सो निर्णयका आधारमा मिति २०७०।६।२३ मा भएको पत्राचारसमेत उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । निवेदकले Bid Bond Guarantee बापत राखेको बैंक ग्यारेन्टी फुकुवा माग्न आए कानूनको रीत पुर्‍याई फिर्ता दिनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत: कपिलमणि गौतम
कम्प्युटर: रामशरण तिमिल्सिना
इति संवत् २०७४ साल भदौ ५ गते रोज २ शुभम् ।

३

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-WO-०८२७, उत्प्रेषण / परमादेश, *कलानिधी पौडेल वि. लुम्बिनी मैनाचुली कन्काई जे.भी.दमक -१० झापासमेत*

निवेदनमा उल्लिखित बेहोरा हेर्दा दुवै पक्षको आपसी सम्झौताबाट मध्यस्थकर्ता नियुक्ति भएको र मध्यस्थकर्तालाई दुई पक्षबीच सम्झौतामा उल्लिखित कुनै कुरामा विवाद भएमा निर्णय गर्ने अधिकार प्रदान गरेको दुवै पक्षले हस्ताक्षर गरेको सम्झौतामा उल्लेख भएको देखिन्छ। मध्यस्थले दुई पक्षबीच उत्पन्न विवाद

र सम्झौताअनुसार नै प्राप्त अधिकारअन्तर्गत रही मध्यस्थता ऐन, २०५५ को परिधिभित्र रही सम्झौतामा उल्लिखित क्षेत्राधिकारमा सीमित रही निर्णय गरेको देखियो। यसरी मध्यस्थले गरेको मिति २०७०।१।२३ को निर्णयमा मध्यस्थता ऐन, २०५५ को दफा ३० को उपदफा २ र ३ को अवस्था विद्यमान नरहेको भन्दै निवेदन जिकिर खारेज गर्ने गरी पुनरावेदन अदालत, पाटनले गरेको फैसलामा अन्यथा देखिन नआएकोले निवेदकको निवेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः मध्यस्थले गरेको निर्णय (Award) सदर हुने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०७०।११।११ मा भएको फैसलामा निवेदन दाबीअनुसारको त्रुटि भएको नदेखिँदा निवेदन मागबमोजिम परमादेशको आदेश जारी गरिरहन परेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: इश्वरमणि ओझा

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल असोज २४ गते रोज ३ शुभम्।

४

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-WO-०७००, उत्प्रेषण / परमादेश, *खड्काबहादुर घले वि. पुनरावेदन अदालत, पाटन, ललितपुरसमेत*

निवेदकले नियोक्ताले मध्यस्थता नियुक्त गर्न सहमति नजनाएकोले विकल्पका रूपमा मध्यस्थता ऐन, २०५५ अनुसार आफ्नो तर्फबाट मोहनमान गुरूङलाई मध्यस्थ नियुक्त गर्दै नियोक्ताका तर्फबाट मध्यस्थ नियुक्ति गरिपाउँ भनी पुनरावेदन अदालत, पाटनमा निवेदन दिएको देखिन्छ । पुनरावेदन अदालत, पाटनले पक्षहरूका बीचमा सम्पन्न मिति २०६५।४।२० को खरिद सम्झौतामा मध्यस्थताद्वारा विवादको समाधान गर्ने व्यवस्था नै उल्लेख भएको नपाइँदा निवेदकको माग दाबीबमोजिम मध्यस्थ नियुक्तिको प्रक्रिया अगाडि बढाइरहनु परेन भन्दै मिति २०७१।९।२२ मा निवेदन खारेज गरेको देखिन आयो । यसरी यी पक्षहरूबीच भएको मिति २०६५।४।२० को खरिद सम्झौता हेर्दा पक्षहरू बीच कुनै विवाद सिर्जना भएमा मध्यस्थको माध्यमबाट विवादको समाधान गर्ने भन्ने उल्लेख नभई विवादहरूको समाधान सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम हुने भनी उल्लेख भएको तथा सम्झौताबमोजिमको जिल्ला अस्पताल भवनको निर्माण कार्य सम्पन्न भई अन्तिम बिलको भुक्तानीसमेत भइसकेको सो बिलमा रिट निवेदकले हस्ताक्षरसमेत गरी सकेको सन्दर्भसमेतलाई विचार गरी हेर्दा रिट निवेदकले उठाएको विवादलाई मध्यस्थ नियुक्त गरी मध्यस्थकर्तामार्फत समाधान गर्नुपर्ने अवस्थाको देखिन नआउने।

अतः पक्षहरू बीच भएको सम्झौतामा मध्यस्थ राख्ने प्रावधान नै राखिएको देखिन आएन । त्यस्तो प्रावधान र सहमतिसमेत नभएको विषयमा मध्यस्थ राख्न मिल्ने अवस्था पनि देखिँदैन। मध्यस्थ नियुक्तिको प्रक्रिया अगाडि बढाइरहनु परेन भन्दै पुनरावेदन अदालत, पाटनबाट मिति २०७१।९।२२ भएको निर्णयमा निवेदन दाबीअनुसारको त्रुटि भएको नदेखिँदा निवेदन मागबमोजिम आदेश जारी गरिरहन परेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः इश्वरमणी ओझा

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल असोज २४ गते रोज ३ शुभम्।

५

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-CI-१३३२, अंश दर्ता, *प्रमीलादेवी महतो वि. सोनादेवी महतो*

प्रत्यर्थी वादीले मुलुकी ऐन, अ.बं. ८० नं. बमोजिम नातामा बयान गर्दा पुनरावेदक प्रतिवादीहरूले घरमा बस्न नदिई घरबाट निकाला गरेकोले १० वर्षदेखि माइती (इन्डिया) गई बसेको भन्नेसमेत बेहोरा खुलाई बयान गरेको देखिन्छ। पुनरावेदक वादीहरूको वारेसले नातामा बयान गर्दा वादी सोनादेवी २०६० साल पौषमा जगदेव ठाकुरसँग अर्को विवाह गरी गएकोले अंश दिनु पर्ने नाता छैन भनी प्रतिउत्तर जिकिरलाई समर्थन हुने गरी बयान गरेको देखिन्छ। मिसिल संलग्न जिल्ला प्रहरी कार्यालय, सिराहाको मिति २०६१।११।१० च.नं. ८३७ को पत्रसाथ संलग्न कागज हेर्दा प्रतिवादी रामशंकर महतोले यी वादीलाई औकातअनुसार खान लाउन दिई राख्नेछु । कुनै प्रकारको गाली गलौज कुटपिट गर्ने छैन भनी मिति २०६१।१।२९ मा कागज गरी मेलमिलाप गरेको देखिन्छ । यसबाट २०६० पौषमा वादी दोस्रो विवाह गरी गएको भने प्रतिउत्तर जिकिर एवम् निजका वारेसले नातामा गरेको बयान आरोप मात्र रही विश्वसनीय देखिन नआउने।

प्रतिवादी रामशंकरले वादी सोनादेवी र जगदेव ठाकुरउपर दायर गरेको जारी मुद्दामा जगदेव ठाकुरले वादी दाबीमा पूर्ण इन्कार रही प्रतिवाद गरेको देखिन्छ। सो जारी मुद्दामा यिनै पुनरावेदकको दाबी नपुग्ने ठहरी सुरू सप्तरी जिल्ला अदालतबाट मिति २०६६।३।९ मा भएको फैसला नै सदर हुने ठहरी पुनरावेदन अदालत, राजविराजबाट फैसला भएको देखिँदा प्रत्यर्थी वादी सोनादेवीले अर्को विवाह गरेको भन्ने कुरा वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन सकेको नदेखिने।

प्रतिवादी रामशंकरका २ वटी श्रीमतीमा जेठी जीवछी भन्ने प्रमीला महतो र कान्छी प्रत्यर्थी वादी सोनादेवी महतो भएका र जेठीतर्फ ३ वटी छोरी र १ छोरा दीपेन्द्र महतो भएकोमा छोरीहरूको विवाह भइसकेको हुँदा प्रतिवादी रामशंकर महतो, निजकी जेठी श्रीमती प्रमीलादेवी महतो, निजतर्फका दीपेन्द्र महतो, कान्छी श्रीमती सोनादेवी महतो र निजतर्फको एक छोरी अनिताको विवाह भइसकेको हुँदा दुई छोराहरू संजिव महतो र संजय महतो गरी जम्मा ६ अंशियार रहेको र विवाह हुन बाँकी कान्छीतर्फका संजिव र संजय तथा जेठी श्रीमतीतर्फ दीपेन्द्र महतोसमेत ३ जना रहेको बुझिएका अंशियार दीपेन्द्र महतोले पुनरावेदन अदालतमा गरेको बयानबाट देखिन आउने।

नाबालक संजिव र संजयसमेतकी संरक्षिका आमा सोनादेवी महतोले पुनरावेदन अदालतको फैसलाउपर पुनरावेदन गरेको नदेखिए पनि पिता पति रामशंकरका जेठीपट्टिका छोरा दीपेन्द्रको हकमा मात्र विवाह खर्च सार्नु पर्ने अर्थ गर्नु न्यायोचित हुँदैन। अंशियार संख्या र अंश भागमा पुनरावेदन अदालतको फैसला मनासिब देखिएको परिप्रेक्ष्यमा फैसलाबमोजिम बन्डा छुट्टाउँदाका अवस्थामा जिल्ला अदालतबाट विवाह गर्न बाँकी अंशियार संजीव, संजय तथा दीपेन्द्र महतोसमेत ३ जनाको कानूनबमोजिम विवाह खर्च पर सारी नरम गरम मिलाई बन्डा छुट्टाउने कार्य हुन सक्ने देखिन्छ । पुनरावेदन अदालतको फैसलामा उल्लेख हुन छुट भएको सो कुराले पुनरावेदन अदालतबाट भएको फैसलामा तात्विक असरसमेत पर्न नसक्ने।

अतः सुरू सिराहा जिल्ला अदालतको फैसलामा अंशियार कायम हुन छुट भएका दीपेन्द्र महतोको हदसम्म उल्टी गरी तायदाती फाँटवारीमा उल्लिखित श्रीसम्पत्तिलाई चार भाग लगाई चार भागको एक भाग वादीको पतिको अंश भागमध्येबाट ६ भागको तीन भाग वादीहरूको अंश छुट्याई निजहरूका नाममा दर्तासमेत हुने ठहऱ्याई पुनरावेदन अदालत, राजविराजबाट मिति २०७०।८।२५ मा भएको फैसला

मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः कपिलमणि गौतम

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल भदौ १४ गते रोज ४ शुभम् ।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७१-CI-११९३, लिखत दर्ता बदर, *प्रमीलादेवी महतो वि. सोनादेवी महतो*
- ०७१-CI-११९४, लिखत दर्ता बदर, *प्रमीलादेवी महतो वि. सोनादेवी महतो*

६

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-WO-०३८२, उत्प्रेषण / परमादेश, *अनिल राजभण्डारी वि. पुनरावेदन अदालत, पाटन, ललितपुरसमेत*

निवेदक कम्पनीले लिजमा दिएको घर जग्गाकै घरको मर्मत सम्भार र थप निर्माणको लागि विपक्षी होटल चाइना गार्डेन प्रा.लि तथा निजका संस्थापक Yan Xin Sheng विपक्षी बंगलामुखी कन्सट्रक्सन प्रा. लि. बीच १९ May, २०१२ मा भएको सम्झौतामा यी रिट निवेदक कम्पनीका Legal Representative एवम् सञ्चालक अनिल राजभण्डारीसमेत साक्षी बसेको देखिएबाट घर जग्गाको मर्मतसम्भार र थप निर्माणमा रिट निवेदक कम्पनीको सहमति संलग्नता तथा जानकारीमा नै रहेको देखिने ।

निवेदक कम्पनीले विपक्षी होटल चाइना गार्डेन प्रा.लि. तथा निजका संस्थापक Yan Xin Sheng सँग गरेको २५ वर्षे सम्झौता अन्त्य गरी उक्त घर जग्गामा रहेको घरको मर्मत सम्भार र थप निर्माणपश्चात् निवेदक स्वयम्ले होटल एलो प्यागोडा सञ्चालन गरेको देखिन्छ । यसरी होटल चाइना गार्डेन प्रा.लि. ले विपक्षी बंगलामुखी कन्सट्रक्सन प्रा.लि. सँग सम्झौतामार्फत मर्मत सम्भार र थप निर्माणपश्चात् आधुनिक होटलको रूप ग्रहण गरेपश्चात् यी निवेदक कम्पनीले अघिल्लो २५ वर्षे लिज (भाडा) सम्झौता भङ्ग गरी आफैँ होटल सञ्चालन गरेको देखिँदा पनि यी रिट निवेदक कम्पनीका जानकारीबिना विपक्षी बंगलामुखी कन्स्ट्रक्सन प्रा.लि. ले उक्त घरको मर्मत सम्भार तथा थप निर्माण गरेको थियो भनी भन्न सक्ने अवस्था नरहने ।

निवेदक कम्पनी र विपक्षी होटल चाइना गार्डेन प्रा.लि. तथा निजका संस्थापक Yan Xin Sheng बीच 30 Oct, 2011 मा भएको २५ वर्षे लिज (भाडा) सम्झौता करारको सर्त नं. २४ मा करार सम्झौतामा कुनै विवाद उत्पन्न भएमा मध्यस्थद्वारा विवादको निरूपण हुने भनी उल्लेख भएको र विपक्षी होटल चाइना गार्डेन प्रा.लि. तथा निजका संस्थापक Yan Xin Sheng र विपक्षी बंगलामुखी कन्स्ट्रक्सन प्रा.लि. बीच 19 May 2012 मा भएको मर्मत सम्भार तथा थप निर्माणको सम्झौता करारको सर्त नं. २४(१) मा करार सम्झौतामा विवाद उत्पन्न भएमा मध्यस्थद्वारा विवाद निरूपण गर्ने भनी उल्लेख भएको देखिएको र उपर्युक्त करारहरू एक अर्कामा अन्तरप्रभावी रहे भएकोसमेत देखिन आएकाले पुनरावेदन अदालत, पाटनले निवेदकको तर्फबाट समेत मध्यस्थ नियुक्त गर्ने गरी गरेको निर्णयमा अन्यथा गर्नुपर्ने देखिन नआएकोले निवेदकको निवेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः निवेदकको तर्फबाट समेत मध्यस्थ नियुक्ति गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०७२।०३।२० मा भएको निर्णयमा निवेदन दाबीअनुसारको त्रुटि भएको नदेखिँदा निवेदन मागबमोजिम उत्प्रेषणको आदेश जारी गरिरहन परेन ।

रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: इश्वरमणि ओझा

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल असोज २४ गते रोज ३ शुभम् ।

७

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-WO-०४४१, उत्प्रेषण / परमादेश, *श्याम नन्दन यादव वि. पुनरावेदन अदालत, पाटन, ललितपुरसमेत*

मध्यस्थले दुवै पक्षबीच उत्पन्न विवाद र सम्झौताअनुसार नै प्राप्त क्षेत्राधिकारअन्तर्गत रही मध्यस्थता ऐन, २०५५ को परिधिभित्र रही निर्णय गर्दा दाबीकर्ता र प्रत्यर्थीले लिएका प्रतिवादीहरूको छुट्टाछुट्टै व्याख्या गर्दै दाबीकर्ता / ठेकेदारको दाबी रकम रू.२,१६,१२,९४५।५१ मध्ये रू.८३,४९,८७३।– दाबीकर्ता / ठेकेदारले प्रत्यर्थी / रोजगारदाताबाट पाउने निर्णय (Award) गरेको र सोमध्ये दाबीकर्ताले प्रत्यर्थी / रोजगारदाताबाट अग्रीम भुक्तानी लिएको रकम रू.७७,५२,५२३।९२ कट्टा गरी हुन आउने कुल रकम रू.६,९७,३४९।०८ प्रत्यर्थी / रोजगारदाताबाट दाबीकर्ताले पाउने निर्णय (Award) गरेको देखिन्छ । यसरी मध्यस्थले गरेको निर्णयमा चित्त नबुझाई दुवै पक्ष अदालत प्रवेश गरेपश्चात् पुनरावेदन अदालत, पाटनले मध्यस्थता ऐन, २०५५ को दफा ३० को उपदफा ३(ख) मा उल्लिखित मध्यस्थले गरेको निर्णय सार्वजनिक हित वा नीतिप्रतिकूल हुने भएमा त्यस्तो निर्णय पुनरावेदन अदालतले बदर गर्न सक्ने व्यवस्था भएबमोजिम मध्यस्थले गरेको निर्णय (Award) को उचित छानबिन गर्दै दाबीकर्ताको दाबी नं. ६ को सम्बन्धमा प्रत्यर्थी / रोजगारदाताले ठेकेदार / दाबीकर्तालाई उपलब्ध गराएको डिजाइन र स्पेसिफिकेसनभन्दा फरक सामाग्री प्रयोग गरी दाबी गरेको रकमसमेत भराउने गरी गरेको मध्यस्थको निर्णय (Award) सार्वजनिक हित वा नीतिविपरीत देखिन आएकोले उक्त रकम भराउने निर्णय (Award) दुवै पक्षबीच भएको सम्झौतामा उल्लेख भएको भन्दा फरक रहेको देखिँदा उक्त रकम प्रत्यर्थी / रोजगारदाताले दाबीकर्तालाई भराउनु पर्ने अवस्था देखिन आएन भनी निर्णय गरेको देखिन्छ । यसरी पुनरावेदन अदालत, पाटनले दाबीकर्ताको दाबी नं. ६ बाहेकका अन्य दाबीलाई उचित मान्दै दाबीकर्ताले अग्रीम लिएको रकमबाट रू.४,४९,३६५।९२ प्रत्यर्थी / रोजगारदातालाई बुझाउनु पर्ने गरी भएको फैसलालाई अन्यथा मान्न नमिल्ने ।

अतः पुनरावेदन अदालत, पाटनले मध्यस्थको दाबी नं. ६ को निर्णयबाहेक अन्य निर्णय सदर गर्ने गरी गरेको मिति २०७०।९।२१ को फैसला मिलेकै देखिँदा निवेदन मागबमोजिमको आदेश जारी गरी रहनु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: इश्वरमणी ओझा

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल असोज २४ गते रोज ३ शुभम् ।

- यसै लगाउको ०७२-WO-०५८५, उत्प्रेषण / परमादेश, *हरिबहादुर राउत वि. पुनरावेदन अदालत, पाटन, ललितपुरसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. १

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७१-CR-१३४४, कर्तव्य ज्यान, बेबरी दाहाल वि. नेपाल सरकार

जाहेरवाला विष्णुमाया अधिकारी र मौकामा कागज गर्ने मानिस भरतप्रसाद अधिकारीसमेतले गरेको बकपत्र, शव परीक्षण प्रतिवेदन र प्रतिवेदक चिकित्सकहरूले अदालतमा गरेको बकपत्रसमेत कागज प्रमाणलाई हेर्दा उल्लिखित कागज प्रमाणहरूले प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान बेहोरालाई नै समर्थित गरेको अवस्था देखिने ।

प्रतिवादी अदालतमा कसुरमा इन्कार रहेपनि मौकामा बयान गर्दा मृतकलाई लागेको चोट मैले बाटोको सिँढीमा धकेली दिँदा लागेको हुनुपर्दछ भनी कसुरमा साबित रहेको र निजको उक्त साबिती शव परीक्षण प्रतिवेदन, शव परीक्षण गर्ने चिकित्सकले अदालतमा गरेको बकपत्र, जाहेरवाला तथा मौकामा कागज गर्ने भरतप्रसाद अधिकारीले गरेको बकपत्रलगायतका कागज प्रमाणहरूबाट समर्थित भई प्रतिवादी बेबरी दाहालले पार्वती अधिकारीलाई कुटपिट गरी धकेली दिँदा टाउकोमा लागेको चोटको कारण पार्वती अधिकारीको मृत्यु हुन पुगेको देखिँदा यिनै प्रतिवादीकै कर्तव्यबाट पार्वती अधिकारीको मृत्यु भएको देखिने ।

प्रतिवादीलाई उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी वारदात घटेको, साधारण लाठा, ढुङ्गा, लात, मुक्का इत्यादिको प्रयोग भएको र मृतकको ऐनको म्यादभित्र मृत्यु भएको अवस्था हुनुपर्ने देखिन्छ । प्रतिवादीको भैंसीको पाडीले मृतकको मकैबाली नष्ट गरेको निहुँमा भनाभन हुँदा उक्त घटना घट्न गएको, मृतकले प्रतिवादीलाई दन्तद्वारे, मुसादाँतेजस्ता शब्द प्रयोग गरी तथानाम गाली गरेको, मृतकको बुहारीले प्रतिवादीको हातबाट लाठी खोसेको र प्रतिवादीले मृतकलाई बाटोको सिँढीनेर धकेली दिएको भन्ने देखिन आउने ।

भैंसीको पाडीले बाली नष्ट गरेको निहुँमा प्रस्तुत वारदात घटित भएको देखिँदा मनसायपूर्वक नै योजनाबद्ध तरिकाले वारदात भएको हो भनी भन्न मिल्ने अवस्था देखिँदैन । प्रतिवादी र मृतकहरू एकै गाउँका छिमेकी भएका, मृतकलाई मार्नु पर्नेसम्मको पूर्वइवी अदावत केही नरहेको जस्ता आधार र कारणहरूलाई दृष्टिगत गर्दा प्रस्तुत वारदात मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिमको कसुर ठहर गर्न मिल्ने अवस्थाको देखिन नआउने ।

प्रतिवादीको मृतकलाई मार्नु पर्नेसम्मको पूर्वरिसइवी रहेको र मृतकलाई मार्ने नै मनसायले योजनाबद्ध रूपमा उक्त वारदात घटित गराएको भन्ने कुरा मिसिल संलग्न कागज प्रमाणबाट नदेखिँदा ज्यान मार्ने मनसाय वा ज्यान लिने इबीलागका कारण उक्त घटना घटाएको भन्ने कुरा देखिन नआउने ।

अपेक्षित परिणामको कल्पना गरेर घटना घटाएको अवस्थामा मात्र परिणामको पूर्वानुमान गर्न सकिने अवस्था रहन्छ तर प्रस्तुत मुद्दाको मिसिलबाट अपेक्षित परिणामको कल्पना गरेर त्यस्तो घटना घटाएको अवस्था नदेखिने ।

अतः विवेचित आधार, कारण र प्रमाणहरूबाट सुरू कास्की जिल्ला अदालतबाट प्रतिवादीउपर ज्यानसम्बन्धी महलको १३(३) नं. को दाबी पुग्न नसकी ज्यानसम्बन्धी महलको ६(४) नं. को कसुर अपराध कायम भई सोही नं. बमोजिम प्रतिवादी कान्छी भन्ने बेबरी दाहाललाई २(दुई) वर्ष कैदको सजाय हुने ठहऱ्याई भएको फैसला केही उल्टी गरी प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय नगरी ज्यानसम्बन्धी महलको १४ नं. बमोजिमको कसुर अपराध ठहर गरी सोही महलको १४ नं. बमोजिम १० वर्ष कैद गर्ने गरी पुनरावेदन अदालत, पोखराबाट मिति २०७१।१०।२६ मा गरेको फैसला मिलेको नदेखिँदा केही उल्टी भई

प्रतिवादी बेबरी दाहाललाई ज्यानसम्बन्धी महलको ६(४) नं. बमोजिम कैद वर्ष २(दुई) सजाय हुने।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल पुस २१ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७१-CR-१४४६, कर्तव्य ज्यान, यामबहादुर परियार वि. नेपाल सरकार

प्रतिवादीले हेमलाल लामिछानेलाई दाजुको छोरीको विवाहमा निम्तो नगरेको कारण वादविवाद भनाभन हुँदा उक्त घटना घटित भएको देखिन्छ । हेमलाल लामिछानेलाई मार्ने मनसायले धकेलेको होइन, संयोग मात्र परेछ भनी प्रतिवादीले बयानको क्रममा उल्लेख गरेको देखिन्छ । मनसायपूर्वक नै मारेको हो भनी दाबी लिने वादी पक्षले सो कुरा वस्तुनिष्ठ कागज प्रमाणबाट पुष्टि गर्न सक्नु पर्नेमा सो गर्न सकेको देखिँदैन भने प्रतिवादीले मनसायपूर्वक नै धकेली मारेको हो भनी प्रमाणित गराउन सकेको पनि देखिँदैन। यस्तो अवस्थामा मनसायपूर्वक नै हेमलाल लामिछानेलाई प्रतिवादीले धकेली भीरबाट खसाई मारेको हो भनी मान्न मिल्ने नदेखिने।

पूर्वरिसइवी राखेर आपराधिक कार्य गरेको हो होइन भन्ने कुरा प्रमाणहरूबाट देखिनु पर्दछ । केवल प्रतिवादीको मृतकसँग पूर्वरिसइवी रहेको थियो भनी मौकामा कागज गर्दा व्यक्त भनाइकै आधारमा अनुमानको भरमा प्रतिवादीको पूर्वरिसइवी रहेको भनी निष्कर्ष निकाल्नु मनासिब नहुने।

प्रतिवादी यामबहादुर परियार र मृतक हेमलाल लामिछाने घर फर्कने क्रममा बाटोमा भएको देखिएको र प्रतिवादीले दाजुको छोरीको विवाहमा नबोलाएको भन्ने विषयमा प्रतिवादी र मृतकबीच विवाद भई धकेलाधकेल भएको देखिएकोले लुकी चोरीकन भीरबाट धकेली दिएको भन्ने पनि देखिएन । घटना मृतक र प्रतिवादीबीच आमनेसामनेको अवस्थामा नै भएको देखिने।

मृतक र प्रतिवादीबीच भनाभन धकेला धकेल हुँदा घटित हुन गएको अवस्था देखिन्छ। प्रतिवादीले बयानको क्रममा घटनास्थलमा मृतकको कारणबाट आफूलाई थाम्नै नसक्ने गरी रिस उठेको र सोही रिसको कारण धकेली दिएको भनी भनेको देखिँदैन । मृतकको कारणबाट उसै मौकामा उठेको रिस थाम्न नसकी प्रतिवादीले धकेली भिरबाट खसाई सोही कारणबाट मृतकको मृत्यु हुन पुगेको भन्ने कुरा पुष्टि हुने कुनै ठोस सबुद प्रमाण वादी पक्षबाट पेस गर्न सकेको अवस्था देखिँदैन । यस अवस्थामा वारदात घटित भएको समयमा प्रतिवादीले मौकामा उठेको रिस थाम्न नसकी उक्त कसुर घटाएको भन्ने पनि देखिन नआउने।

घटनास्थलबाट कुनै जोखिमी हतियार तथा लाठा ढुङ्गा बरामद भएको देखिँदैन । जाहेरवालाले जाहेरी दिँदा पनि त्यस्तो जोखिमी हतियार वा विष सबुदको रूपमा पेस गर्न सकेको देखिँदैन । यस स्थितिमा मृतकलाई जोखिमी हतियार वा विष खुवाई मारेको, लाठा, ढुंगा, लात मुक्का प्रयोग गरेको पनि देखिन नआउने।

प्रतिवादीको मृतकलाई मार्ने कुनै मनसाय रहेको देखिन नआएको, कुनै रिसइवी रहेकोसमेत नदेखिएको, लुकी चोरिकन हानेको अवस्था पनि नदेखिएको, प्रतिवादीले आफूलाई नियन्त्रण गर्न नसक्ने गरी मृतकले रिस उठाएको कारण उक्त घटना भएको भन्ने पनि नदेखिएको र जोखिमी हतियार प्रयोग गरेको वा विष खुवाएको अवस्था नभई लाठा, ढुङ्गा लात मुक्का प्रयोग गरी मारेको भन्ने पनि नदेखिएको

हुँदा प्रस्तुत मुद्दामा ज्यानसम्बन्धी महलको १४ नं. पनि आकर्षित हुने नदेखिने।

समग्र मिसिलको अध्ययनबाट प्रतिवादी र मृतकबीच नशाको सुरमा धकेलाधकेल भएको, प्रतिवादीले आफूले गरेको कार्यबाट मृतक मर्न सक्ने कुराको पूर्वानुमान गर्ने अवस्था नरहेको र मृतक दुर्भाग्यवश भिरबाट खस्न पुगेको कारण मृत्यु भएको देखिन आएको, मृत्युको कारण Undetermined भन्ने भएकोसमेतका अवस्थामा घटनाको प्रकृति ज्यानसम्बन्धी महलको ५ नं. मा वर्णित प्रकृतिको देखिन आउने।

अत: प्रकरणहरूमा विवेचित आधार, कारण र प्रमाणहरूबाट सुरू तनहुँ जिल्ला अदालतबाट प्रतिवादीलाई अभियोग दाबीबमोजिम ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरी गरेको फैसला उल्टी गरी प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० वर्ष कैद सजाय गर्ने गरी गरेको फैसलासमेत मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादीले गरेको कसुरको प्रकृति ज्यानसम्बन्धी महलको ५ नं. बमोजिम भवितव्य प्रकृतिको देखिँदा निजलाई सोही ज्यानसम्बन्धी महलको ६ नं. को देहाय ४ नं. बमोजिम २ वर्ष कैद सजाय हुने।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल पुस १७ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री प्रकाशमानसिंह राउत,** ०७१-WO-०४३९, उत्प्रेषण, *रामगोविन्द खागी वि. जिल्ला वन कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोकसमेत*

कुनै पनि व्यक्ति वा निकायले प्रचलित कानूनले प्रदान गरेकोभन्दा बढ्ता अधिकार प्रयोग गर्न पाउँदैन भने कानूनले प्रदान गरेको अधिकारभन्दा बढी अधिकार प्रयोग गरे नगरेको कुरा जिम्मेवार निकायले निगरानी गर्नुपर्ने नै हुन्छ। प्रचलित वन ऐनले प्रदान गरेको अधिकार क्षेत्रभित्र रहेर काम गर्नु सम्बन्धित निकायको दायित्व एवम् कर्तव्य हुन आउँछ। इँट्टा भट्टा सञ्चालकले पनि वन ऐन, तथा सोसम्बन्धी सरकारी नीति नियमभित्र रहेर इँट्टा भट्टा सञ्चालन गर्नुपर्ने।

निवेदक स्वयम्ले निवेदनमा आफूलाई इलाका वन कार्यालयले बयानका लागि उपस्थित हुन पत्र तामेल गरी बयान दिएको भनी उल्लेख गरेको देखिन्छ। निजको सो भनाइबाट निजलाई कारबाही प्रक्रियामा बुझेको नै भन्ने देखिँदा सुनुवाइको अवसर नदिएको र प्राकृतिक न्यायको सिद्धान्तविपरीत कार्य गरेको भन्ने भनाइ पनि पुष्टि हुन सकेको देखिन नआउने।

कुनै पेसा, रोजगार र उद्योग व्यापार गर्ने स्वतन्त्रताको हकलाई संविधानले मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ । तर ती हकहरूको उपयोग गर्दा सर्वसाधारण जनताको सार्वजनिक स्वास्थ्यविपरीत हुने गरी उपयोग गर्न पाउने भन्ने संविधानको मर्म र भावना होइन। वन जंगल मानिस र सारा जीवन जगत्को अस्तित्व र भविष्यसँग गाँसिएको र मानिसको स्वस्थ जीवनयापन गर्न चाहिने प्राणवायु (Oxygen) उत्पादन गर्ने अवयव भएकोले यसको संरक्षण र जगेर्ना गर्नु सम्बन्धित निकायको कर्तव्य नै हुन जाने।

जिल्ला स्तरमा जिल्ला वन कार्यालयको वन क्षेत्रको संरक्षण गर्ने महत्त्वपूर्ण दायित्व रहेको र जिल्ला वन कार्यालय र इलाका वन कार्यालयले तालुक वन तथा भू-संरक्षण मन्त्रालयको पत्र र वन ऐन, २०४९ ले प्रदान गरेको अधिकार प्रयोग गरी कारबाही प्रक्रिया

अगाडि बढाएको देखिँदा त्यस्तो कारबाही प्रक्रियालाई अन्यथा मान्नु पर्ने अवस्था नदेखिने।

कि.नं. ८२८ मा इँट्टा भट्टा सञ्चालन गरेको भन्ने देखिन्छ । निवेदकहरूको निवेदनबाट पनि कि.नं.८२८ निवेदकहरूको आफ्नो जग्गा भन्ने देखिँदैन । संविधानले प्रचलित कानूनको अधीनमा रहेर मात्र सम्पत्ति आर्जन गर्ने हक प्रदान गरेको अवस्था देखिन्छ । प्रचलित कानूनभन्दा बाहिर गएर इँट्टाभट्टा सञ्चालन गरेको अवस्थामा निवेदकको सम्पत्तिसम्बन्धी हकमा आघात पुग्ने अवस्था हुँदैन । तसर्थ विपक्षीहरूको कार्यबाट निवेदकको सम्पत्तिसम्बन्धी हकमा आघात पुग्न गएको भन्ने दाबी पनि मनासिब देखिन नआउने।

अतः विवेचित आधार र कारणहरूसमेतबाट जिल्ला वन कार्यालय र इलाका वन कार्यालयले वन तथा भूसंरक्षण मन्त्रालयको पत्र र वन ऐन, २०४९ बमोजिम नै कारबाही प्रक्रिया अगाडि बढाएको देखिएको, निवेदकलाई कारबाही प्रक्रियाको क्रममा बुझेको देखिएको र निवेदकले निवेदनमा दाबी गरेजस्तो निवेदकको संविधान प्रदत्त मौलिक हकमा आघात पुगेको अवस्था नदेखिएकोलगायतका अवस्थाहरूलाई दृष्टिगत गर्दा निवेदकको मागदाबीबमोजिम विपक्षीको नाउँमा उत्प्रेषणको आदेश जारी हुनुपर्ने अवस्था देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७३ साउन १७ गते रोज २ शुभम्।

- उस्तै प्रकृतिको ०६९-WO-१३८८, उत्प्रेषण, *ज्ञानबहादुर बम्जनसमेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, काठमाडौंसमेत* भएको रिट निवेदनमा पनि यसैअनुसारको आदेश भएको छ।

## इजलास नं. २

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७१-CR-०१८५, ०७१-CR-०४३१, ०७१-CR-०५०७ र ०७१-CR-०५३१, अपहरण तथा शरीर बन्धक, *रवि श्रेष्ठ वि. नेपाल सरकार, नेपाल सरकार वि. राजकुमार पौडेल, पूर्ण जर्घा मगर वि. नेपाल सरकार र विदुरप्रसाद गौतम वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीद्वय रवि श्रेष्ठ र विदुरप्रसाद गौतमको अनुसन्धानमा भएको साबिती बयान र अदालतमा भएको बयान तथा निजहरूले चलाएको मोटरसाइकल जलाइदिएको भन्ने भनाइबाट समर्थित भएको छ । निजहरूको अनुसन्धान अधिकारीसमक्ष भएको साबिती बयान जबरजस्ती स्वेच्छाविपरीत गराइएको भन्ने निजहरूको पुनरावेदन जिकिर भए तापनि सो कुरा कुनै स्पष्ट प्रमाणले खण्डन गरेकोसमेत नपाइएको, पीडितसँगै गएकी एन्जीला पियाले दुवै प्रतिवादीले नै मोनीका पियालाई अपहरण गरी मोटरसाइकलमा राखी लगेकोमा स्थानीय व्यक्तिले मोनीकालाई यी प्रतिवादीहरूको कब्जाबाट मुक्त गरी मोटरसाइकल जलाइदिएकाले अपहरण गर्ने यी दुवै प्रतिवादीहरू यिनै हुन् भनी सनाखतसमेत गरेको देखियो, उद्धार गर्ने भनिएका रामप्रसाद छत्कुलीले समेत यी दुवै पुनरावेदक प्रतिवादीहरूलाई सनाखतसमेत गरेको पाइयो, प्रहरीमा बुझिएका व्यक्तिहरूले समेत यी दुवै प्रतिवादीले मोनीका पियालाई अपहरण गरी मोटरसाइकलमा राखी लगेका हुन् भनी अनुसन्धानको क्रममा पोल गरेकोमा अदालतमा समेत समर्थन हुने गरी बेहोरा लेखाएको देखिँदा यी पुनरावेदक प्रतिवादीद्वय

विदुरप्रसाद गौतम र रवि श्रेष्ठले मुलुकी ऐन, अपहरण गर्ने तथा शरीरबन्धक लिनेको महलको १ नं. विपरीत अपराध कसुर गरेको देखिएकोमा पीडितलाई तत्कालै केही समयपछाडि नै उद्धार गरिएको, पीडितलाई गम्भीर किसिमको शारीरिक र मानसिक क्षति पुगेको अवस्था नहुँदा निज दुवै प्रतिवादीहरूलाई अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं. बमोजिम कैद वर्ष ७ हुने र एक जनाभन्दा बढी व्यक्ति मिली अपहरण गरेको देखिँदा दुवै प्रतिवादीलाई सोही महलको ७ नं. बमोजिम जनही २/२ वर्षका दरले थप कैद सजाय हुने एवम् नाबालक महिलाको अपहरण गरेको देखिँदा सोही महलको ९ नं. बमोजिम दुवै पुनरावेदक प्रतिवादीलाई जनही थप २/२ वर्षका दरले थप कैद सजाय हुने ठहरेको सुरू जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको फैसला मिलेकै देखिन आउने।

पुनरावेदक प्रतिवादी रमेश भन्ने पूर्ण जर्घा मगरकी श्रीमती बिना थापा जर्घा मगरले मौकामा गरेको कागजमा मेरो श्रीमान्समेतले पैसाको बार्गेनिङ गर्ने उद्देश्यले निजको मिलोमतोमा मोनीका पियाको अपहरण गरेको हुनुपर्छ भन्ने बेहोराको कागज गरेकी, तथापि निजले अदालतसमक्ष बकपत्र गर्दा अपहरणमा आफ्ना पतिको संलग्नता नभएको भनी इन्कारी बकपत्र गरेको कुरा निजले आफ्ना पतिलाई बचाउने अभिप्रायले गरेकोसम्म आफ्नो मौकाको बकपत्र गर्नु अस्वाभाविक नरहेको तथा निज बिना थापा जर्घा मगर पीडित मोनीका पिया पढ्ने विद्यालयमा काम गर्ने गरेकोसमेत देखिएको, प्रतिवादी प्रकाश लामाले समेत अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा यी प्रतिवादीउपर अपहरणमा संलग्न रहेको भनी पोल गरेको पाइएको र अनुसन्धानका क्रममा बुझिएका सम्पूर्ण व्यक्तिहरूले आफ्नो मौकाको कागजमा यी पुनरावेदक प्रतिवादीको समेत संलग्नतामा अपहरण भएको हो भनी पोल गर्दै उक्त मौकाको कागजको समर्थनमा बेहोरा लेखाएको पाइँदा प्रतिवादी रमेश भन्ने पूर्ण जर्घा मगरसमेतको योजना, सल्लाह र सहमतिमा प्रस्तुत अपहरणको वारदात भएको देखिँदा यी पुनरावेदक प्रतिवादीलाई अपहरण गर्ने तथा शरीरबन्धक लिनेको महलको ३ र ४ नं. बमोजिम ७ वर्ष कैद र सोही महलको ७ र ९ नं. बमोजिम थप २।२ वर्ष कैद सजाय हुने ठहरेको सुरू जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको फैसला मनासिबै देखिन आउने।

प्रतिवादी राजेश भन्ने राजकुमार पौडेल अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा पीडित भनिएकी मोनीका पियालाई अपहरण गर्ने गराउने कार्यमा आफ्नो कुनै संलग्नता छैन भनी इन्कारी बयान लेखाएको पाइएको, निजसँग अन्य प्रतिवादीको फोन सम्पर्क भएको भन्ने कुरा कहिँकतैबाट खुल्न नआएको, निजउपर जाहेरीमा किटानी जाहेरी नपरेको, मौकामा पक्राउ परी बयान गर्ने विदुरप्रसाद गौतम र रवि श्रेष्ठले यी प्रतिवादीलाई पोल गरेको नदेखिएको, निज प्रतिवादीले अधिकारप्राप्त अधिकारी तथा अदालतमा बयान गर्दा कसुरमा इन्कारी रहेको पाइएको। पीडित एवम् एन्जिला पियाको पहिलो कागजमा यी प्रतिवादीउपर पोल गरेको कहिँकतै नपाइएको । यस्तो अवस्थामा निजउपर शङ्काको आधारमा मात्र निजलाई कसुरदार ठहर हुन नसकिने गरी निजले अभियोग दाबीबाट सफाइ पाउने ठहरेको काठमाडौं जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको फैसला अन्यथा नभएकोले परिवर्तन गरिरहनु पर्ने नदेखिने।

तसर्थ, उल्लिखित तथ्य, कानूनी व्यवस्था एवम् विवेचनासमेतको आधारमा सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६९।८।२० को फैसला

सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७०।१२।१८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: शकुन्तला कार्की

कम्प्युटर: चन्द्रशेर राना

इति संवत् २०७४ साल जेठ १ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७१-CI-१५२१, अंशदपोट, *नीरमाया तामाङ वि. कृष्णबहादुर तामाङ*

मुलुकी ऐन, अ.ब. १३९ नं. बमोजिम बुझिएका व्यक्ति प्रतिवादी कृष्णबहादुर तामाङका साइला बाबु सन्त तामाङको छोरा गोपाल तामाङ र कान्छा बाबु कान्छा तामाङको पत्नी कान्छी तामाङसमेतले कि.नं.१५ को क्षेत्रफल ७-७-०-० जग्गा कृष्णबहादुर तामाङको स्वआर्जनको निजी जग्गा हो। सो जग्गा निजले मोहन गिरीका छोरा रामबहादुर गिरी र प्रेमबहादुर गिरीसँग २०३२।११।१८ मा जंगी अड्डाको जुनियर मिस्त्रीमा जागिर खाई सो जागिरबाट प्राप्त भएको रकमबाट खरिद गरी लिएका हुन् भनी अदालतसमक्ष बकपत्र गरिदिएको देखिन्छ। विवादित कि.नं. १५ को जग्गामा प्रतिवादी कृष्णबहादुर तामाङसमेतको घर रहेको कुरा निजको पुनरावेदन अदालत, पाटनमा परेको पुनरावेदन पत्रबाट देखिएको र सो एउटै स्थानको जग्गा सगोलको बन्डा लाग्ने सम्पत्ति रहे भएको भए मिति २०५५।०९।१० मा अंशबन्डा गर्दा यी पुनरावेदक / वादीलाई थाहा जानकारी हुन नसक्ने अवस्था पनि देखिन नआउने।

प्रमाण ऐन, २०३१ को दफा २६ अनुसार देवानी मुद्दामा आफ्नो दाबी प्रमाणित गर्ने भार वादीको हुनेछ भन्ने कानूनी व्यवस्था रहेको र दाबी लिएका सम्पत्तिहरू पैतृक सम्पत्ति नै हुन् भनी वादीबाट वस्तुनिष्ठ र सुस्पष्ट प्रमाणबाट पुष्टि हुन आएको नदेखिएको अवस्थामा त्यस्तो सम्पत्तिलाई स्व-आर्जनको सम्पत्ति हो भनी अनुमान गर्नुपर्ने हुन आउँछ भन्ने ने.का.प. २०५७ नि.नं. ६९५२ पृष्ठ ७७२ मा सिद्धान्त प्रतिपादनसमेत भएको देखिन्छ। जुन सिद्धान्त प्रस्तुत मुद्दामा समेत आकर्षित हुने।

अत: मिति २०५५।०९।१० मा र.नं. २४२३ बाट पारित अंशबन्डा लिखतमा नपरेको विवादित कि.नं.१५ को क्षेत्रफल ७-७-०-० को कृष्णबहादुर तामाङको नाउँमा रहेको जग्गा निजी नभई सगोल आर्जनको भई दपोट गरिराखेकोले सुरू तथा पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण हुँदा फिराद माग दाबीबमोजिम गरिपाउँ भन्ने पुनरावेदक / वादीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन। तसर्थ, उल्लिखित आधार प्रमाणसमेतबाट सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७०।११।१२ मा भएको फैसला उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०७१।९।२८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : सकुन्तला कार्की

कम्प्युटर: चन्द्रशेर राना

इति संवत् २०७४ साल असोज २० गते रोज ६ शुभम्।

३

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७१-CR-११५९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. कृष्णबहादुर अधिकारीसमेत*

प्रतिवादीमध्येका कृष्णबहादुर अधिकारीले वारदातस्थलमा लाठी बोकी मृतकलाई हान्न गएकोमा सो घटना हुनुअगावै अर्का प्रतिवादी जसलाई सर्वस्वसहित जन्मकैद भएका प्रकाश भन्ने राजेन्द्र अधिकारीले मृतक रविन्द्र खड्कालाई खुकुरीले हानी गम्भीर घाइते पारिसकेका रहेछन् भनी यी

प्रतिवादी कृष्णबहादुर अधिकारी र रविन्द्र खड्का स्वयम्ले अनुसन्धान र अदालतमा समेत बयान गरेको देखिन्छ । कृष्णबहादुर अधिकारीको बयान, शव परीक्षण प्रतिवेदनमा उल्लिखित Probable death due to brain deep cut injury cannot be ruled out (अर्थात् दिमागमा परेको गहिरो चोटको कारणले मरेको होइन भन्न सकिन्न) भनी उल्लेख भएबाट समेत यी प्रतिवादीले वारदातस्थलमा उपस्थित भई रबिन्द्र खड्कालाई मार्नमा सम्म संयोग पारेको र मृतकलाई लाठी प्रहार गरेको भन्ने नदेखिँदा निजलाई अभियोग दाबीबमोजिम सजाय नगरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(२) नं. बमोजिम ५ (पाँच) वर्ष कैद गर्ने गरेको पुनरावेदन अदालत, जनकपुरको फैसला अन्यथा नभई मिलेको नै देखिने ।

प्रतिवादीहरू मनमाया अधिकारी र मनोज अधिकारीको हकमा विचार गर्दा मनमाया अधिकारीले मृतकलाई मार्नको लागि वचन दिएको भन्ने कुरा मिसिल संलग्न कागजातहरूबाट कहिँकतै पुष्टि हुँदैन । सोको अलावा निज वारदातस्थलमा समेत उपस्थित भएको देखिँदैन । यस्तो अवस्थामा निजलाई अभियोग दाबीबाट सफाइ दिने गरी पुनरावेदन अदालत, जनकपुरबाट भएको फैसला अन्यथा भन्न मिलेन । त्यसैगरी अर्का प्रतिवादी मनोज अधिकारी वारदातस्थलमा उपस्थितसम्म भई प्रतिवादीमध्येका कृष्णबहादुर अधिकारीले मृतकलाई प्रहार गर्न बोकेको लाठी खोसी मृतक रविन्द्र खड्का मर्नुभन्दा पहिला नै निजको बचाउको लागि सहयोग गरी स्वास्थ्य केन्द्रमा उपचारार्थ लैजान सहयोग गरेको भन्नेसमेत मिसिल संलग्न तथ्यगत प्रमाणबाट पुष्टि भइरहेको छ । यस्तो अवस्था मृतकलाई बचाउन सहयोग गर्ने यी प्रतिवादीलाई कर्तव्य ज्यानजस्तो गम्भीर अपराधमा जाहेरी परेकै आधारमा मात्र सजाय गर्न मिल्ने देखिँदैन । यसर्थ निजलाई अभियोग दाबीबाट सफाइ दिने ठहर गरेको पुनरावेदन अदालत, जनकपुरको फैसला मिलेको नै देखिने ।

अतः मिसिल संलग्न कागजातहरूबाट प्रतिवादी कृष्णबहादुर अधिकारीले प्रस्तुत मुद्दाको वारदात हुन उक्साएको एवम् संयोगसम्म पारेको देखिँदा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(२) नं. बमोजिम ५ (पाँच) वर्ष कैद गर्ने र अन्य प्रतिवादीहरू मनमाया अधिकारी र मनोज अधिकारीलाई अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ भनी सुरू रामेछाप जिल्ला अदालतले मिति २०६९।२।२९ मा गरेको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०७०।२।५ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७४ साल कात्तिक २७ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७०-CR-१५४७, डाँका, *नेपाल सरकार वि. गणेशप्रसाद हरिजनसमेत*

प्रतिवादी विरेन्द्र पहिलेदेखि चिने जानेको विश्वासपात्र मानी जाहेरवालाले आफूसाथै भारतमा रूपैयाँ लिनको लागि लगेको मिसिल संलग्न कागजातहरूबाट देखिन्छ । विरेन्द्रकुमारसँग जाहेरवालाको कुनै रिसइवी भएको भन्नेसमेत देखिँदैन । निजलाई केवल शङ्काकै भरमा मोटरसाइकलमा पेट्रोल हाल्न गएको, फोन गरेको, खाजा खान बोलाएको तथा मोटरसाइकलको गति कम गरेको भन्नेजस्ता तर्कको आधारमा कसुरदार हो भन्ने आधारबाट निज प्रतिवादी विरेन्द्रलाई किटानी जाहेरी दिएको देखिन्छ । यस्तो अवस्थामा प्रतिवादीहरूमध्ये विरेन्द्रकुमार यादव सो वारदातको कसुरमा संलग्न

भएको भनी उल्लिखित आधार प्रमाणहरूबाट पुष्टि हुनसक्ने देखिँदैन । यसर्थ सुरू रूपन्देही जिल्ला अदालतबाट प्रतिवादी विरेन्द्रकुमार यादवलाई कसुरदार ठहऱ्याएको सुरूको फैसला उल्टी गरी निजले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई पुनरावेदन अदालत, बुटवलले गरेको फैसला मिलेकै देखिने।

प्रतिवादीहरूमध्ये घनश्याम केवटसमेतका हकमा वादी नेपाल सरकारको पुनरावेदन परेको भए तापनि निजहरू उपर सुरू जाहेरीमा निजहरूको नाउँ लेखाएको नदेखिएको, यी प्रतिवादीहरूले अदालतमा बयान गर्दा कसुरमा इन्कार रही बयान गरेका छन् । निज प्रतिवादीहरूको सँगसाथबाट डाँका वारदातमा प्रयोग हुने कुनै पनि दशीको सामान, प्रमाणमा लाग्ने वस्तु बरामद भएको देखिँदैन। यसर्थ निजहरूको हकमा पुनरावेदन अदालत, बुटवलबाट डाँका वारदातको कसुरबाट सफाइ दिने ठहऱ्याएको फैसलालाई अन्यथा भन्न सक्ने अवस्था र स्थिति मिसिल संलग्न कागज प्रमाणबाट देखिएन। यस्तो अवस्थामा रहेका प्रतिवादीहरूलाई डाँका वारदातको संगीन अपराधमा दोषी ठहर गर्न मिल्ने नदेखिई प्रतिवादीहरू गणेशप्रसाद हरिजन, इन्द्रकमल साहनी, जुम्मन अली र घनश्याम केवटले अभियोग दाबीबाट सफाइ पाउने ठहर गरी पुनरावेदन अदालत, बुटवलले गरेको फैसला मिलेको देखिने।

कसुरदार ठहर भएका प्रतिवादीहरूले भारतीय रूपँये ३,००,०००।– को नेपाली रूपैयाँ ४,८०,०००।- डाँका गरेकोले सोको डेडी अर्थात् मुलुकी ऐन, चोरीको १४(४) नं. ले हुने रू.७,२०,०००।- जरिवाना हुनेमा सो रकमलाई कसुरदार ठहर भएका प्रतिवादीहरू बैजु हरिजन, कमरूद्दिन अन्सारी, नरसिंह प्रसाद कहार र श्यामसुन्दर कलवारलाई दामासाहीले रू.१,८०,०००।– को दरले जम्मा रू.७,२०,०००।- जरिवाना हुने ठहऱ्याएको पुनरावेदन अदालतको फैसला मनासिब नै देखिने।

अतः मिसिल संलग्न कागजातहरूबाट प्रतिवादी वीरेन्द्रकुमार यादवले अभियोग दाबीबाट सफाइ पाउनु पर्नेमा अभियोग दाबीबमोजिम सजाय गर्ने र कसुरदार ठहर भएका प्रतिवादीहरूबाट जनही बिगोको डेडी जरिवाना हुने ठहऱ्याएको हदसम्मको सुरू रूपन्देही जिल्ला अदालतबाट मिति २०६९।२।८ मा भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी गरी प्रतिवादी विरेन्द्रकुमार यादवले अभियोग दाबीबाट सफाइ पाउने र कसुरदार ठहर भएका प्रतिवादीहरूलाई बिगोको डेडीले रू.७,२०,०००।– जरिवाना हुनेमा सो रकमलाई दामासाहीले जरिवाना गरेको एवम् प्रतिवादीहरू वैजु हरिजन (चमार), कमरूद्दिन अन्सारी, नरसिंह प्रसाद कहार र श्यामसुन्दर कलवारलाई मुलुकी ऐन, चोरीको १४(४) नं. बमोजिम जनही ६ वर्ष कैद हुने र प्रतिवादीहरू गणेशप्रसाद हरिजन, इन्द्रकमल सहनी, जुम्मन अली र घनश्याम केवटलाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याएको पुनरावेदन अदालत, बुटवलको मिति २०७०।३।२४ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७३ साल चैत ८ गते रोज ३ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री मीरा खडका,** ०६७-CI-००१७, परमादेश, *जिल्ला विकास समितिको कार्यालय, बारा कलैया वि. हनुमान मेटल्स*

*प्रा.लि. र हनुमान मेटल्स प्रा.लि. वि. जिल्ला विकास समितिको कार्यालय, बारा कलैया*

निवेदनमा निवेदकले ठेकेदार र जिल्ला विकास समितिसमेतलाई विपक्षी बनाएकोमा जिल्ला विकास समितिबाट मात्र कवाडी करबापतको रकम फिर्ता गर्नुपर्ने भन्ने आदेश भएको पाइयो । जिल्ला विकास समितिले हामीले ठेक्का लगाएको हो तर ठेकेदारले गल्ती गरी उठाएको रकम तिर्न बुझाउन हामीले पर्दैन भनी जिकिर लिएको भए तापनि जिल्ला विकास समितिले ठेक्का लगाएको हुँदा उठेको रकमहरू जिल्ला विकास समितिको खातामा जाने हुँदा जिल्ला विकास समिति लाभकर्ता भएकोमा विवाद छैन । ०६१६ को रिट निवेदनमा जिल्ला विकास समितिले कवाडी करबापत लिएको रकम फिर्ता गरिदिनुपर्ने भनी भएको आदेश पालन भएको अवस्थामा प्रस्तुत निवेदनमा पनि लाभकर्ता रहेको जिल्ला विकास समितिले आदेशअनुसारको रकम फिर्ता गरिदिन पर्दैन भनी लिएको जिकिरसित सहमत हुन सकिएन। जिल्ला विकास समितिले आवश्यक प्रक्रिया अपनाई कवाडी करबापत लिएको रकम पुनरावेदक / निवेदकलाई फिर्ता गरिदिनु पर्ने गरी पुनरावेदन अदालत, हेटौंडाबाट भएको आदेश मिलेकै देखिँदा सदर हुने।

मूल्य अभिवृद्धि करको सम्बन्धमा सो VAT रकम राजस्वमा जाने भए तापनि जिल्ला विकास समितिले अदालतको आदेशानुसार फिर्ता गर्नुपर्ने भनी सो रकम निकासा माग गर्न सक्ने नै हुँदा लिन नमिल्ने रकम लिएकोमा सो रकम राजस्वमा दाखिला भयो भन्दैमा सो रकम फिर्ता दिन नपर्ने गरी भएको आदेशलाई न्यायोचित मान्न सकिँदैन। यस अवस्थामा निवेदन दाबीको निवेदकले दाखिला गरेको मूल्य अभिवृद्धि कर रकम जिल्ला विकास समितिबाट भराउन नपर्ने गरी भएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६६।१०।०७ को आदेश मिलेको नदेखिँदा सो हदसम्म उक्त आदेश उल्टी भई निवेदकले पुनरावेदन मागबमोजिमको VAT रकम रू.२७,३००।– समेत फिर्ता पाउने हुँदा आवश्यक कानूनी प्रक्रिया पूरा गरी निवेदक हनुमान मेटल्सलाई उक्त VAT रकम फिर्ता दिनु भनी विपक्षी जिल्ला विकास समितिको कार्यालय, बाराको नाममा परमादेश जारी हुने।

इजलास अधिकृत: अनुपमा पन्त

इति संवत् २०७४ साल फागुन १३ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७३-CI-०६०१, निषेधाज्ञा, *नथुनी कवारी वि. कुलप्रसाद सुवेदीसमेत*

सर्वोच्च अदालतबाट निवेदक डम्बरकुमारी उप्रेती विरूद्ध मालपोत कार्यालय, महोत्तरीसमेत भएको २०५२ सालको रिट नं. २६०४ को उत्प्रेषणमिश्रित परमादेश मुद्दामा जग्गा नाप जाँच ऐनबमोजिम नाप, नक्सा भएको जग्गा दर्ता गर्नसम्म छुट भएकोमा साबिक दर्ता, तिरो र भोगका सम्बन्धमा समेत छानबिन गरी तोकिएको समितिको सिफारिसमा मालपोत कार्यालयले दर्ता गर्न सक्नेछ भन्ने प्रावधान रहेको, परिपत्र एवम् विभागीय निर्देशनले कानूनको रूप लिन नसक्ने भनी विभिन्न सिद्धान्तहरू प्रतिपादन भएको अवस्थामा नेपाल सरकारको निर्णय तथा मालपोत विभागको निर्देशनका आधारमा स्रेस्तामा जग्गाधनी नेपाल सरकार कायम गरी नेपाल सरकारका नाममा दर्ता स्रेस्ता कायम गरी फिल्डबुकसमेतमा दर्ता जनाउन नापी शाखामा लेखी पठाउने भन्ने मालपोत कार्यालय, महोत्तरीको २०५१।१०।२० को निर्णय कानूनसम्मत नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ भनी फैसला भएको देखिने।

अत: प्राप्त प्रमाण एवम् विवेचित तथ्यसमेतका

आधारमा विवादित जग्गाको स्वामित्वसम्बन्धी विवादको निर्क्योल यिनै पुनरावेदकले जिल्ला अदालतमा दायर गरेको उपर्युक्त विचाराधीन मुद्दाबाट ठहरेबमोजिम हुन सक्ने नै हुँदा प्रस्तुत मुद्दामा कि.नं. ३५ को जग्गा सम्बन्धमा यी पुनरावेदकको हक रहे भएको नदेखिएको र अन्तिम निर्णय हुँदासमेत सो अवस्था नरहेको सन्दर्भमा निवेदकको निर्विवाद हकको अभावमा निषेधाज्ञाको आदेश जारी हुन नसक्ने सिद्धान्तसमेतबाट निवेदन मागबमोजिम निषेधाज्ञा आदेश जारी नगर्ने गरी भएको पुनरावेदन अदालत, जनकपुरको मिति २०७२।१२।१६ को निर्णय मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुभाशचन्द्र दाहाल

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७५ साल जेठ ९ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०६९-CR-००४८, बहुविवाह, *अनिरूद्र खड्का वि. नेपाल सरकार*

प्रतिवादी अनिरूद्र खड्काले अदालतसमक्ष गरेको बयान र विवाह दर्ता प्रमाणपत्रसमेतबाट विवाह मिति २०६०।०५।२५ नै रहेको र जाहेरवाली बच्ची खड्काले मिति २०६०।०८।०७ मा जाहेरी दरखास्त दिएको देखिन्छ । प्रस्तुत मुद्दाको जाहेरी दरखास्त ऐनले तोकेको म्याद ३ महिनाभित्रै परेको देखिएबाट उक्त जाहेरी दरखास्त हदम्याद नाघी दिएको भन्ने प्रतिवादीको जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीले घरमा पहिलो श्रीमती हुँदाहुँदै र अंश लिई भिन्न नहुँदै दोस्रो विवाह गरेकोमा जेठी श्रीमतीबाट परेको अंश मुद्दामा पछि मिलापत्र भएकै कारण विवाहको वारदात भइसकेपछि भएको मिलापत्रले पहिले नै भएको विवाहको वारदातलाई प्रभावित पार्न सक्ने देखिँदैन । मुलुकी ऐन, बिहावारीको ९ नं. मा कुनै लोग्ने मानिसले आफ्नो स्वास्नी जीवित छँदै वा कानूनबमोजिम लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद नहुँदै वा लोग्ने र स्वास्नीबीच अंशबन्डा भई भिन्न बसी नसक्दै अर्को विवाह गर्न नहुने प्रस्ट कानूनी व्यवस्था रहेको सन्दर्भमा दोस्रो विवाह गरिसकेपछि मात्र पहिलो श्रीमतीलाई अंश दिँदैमा कसुरबाट उन्मुक्ति पाउन सक्ने देखिँदैन । यस अवस्थामा प्रतिवादी अनिरूद्र खड्काले आफ्नो पत्नी जाहेरवाली बच्ची खड्का छँदाछँदै प्रतिवादी कल्याणी खड्कासित दोस्रो विवाह गरी मुलुकी ऐन, बिहावारी महलको ९ नं. को कसुर गरेको हुँदा निजलाई ऐ.ऐनको १० नं. बमोजिम १ वर्ष कैद र रू.५,०००।– (पाँच हजार) जरिवाना हुने गरी काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर गरी पुनरावेदन अदालत, पाटनबाट भएको फैसला अन्यथा नदेखिने।

अतः माथि विवेचित आधार कारणबाट काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट मिति २०६१।१२।११ मा भएको फैसला सदर हुने ठहर गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६४।०५।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः अनुपमा पन्त

कम्प्युटरः मिनु शाही

इति संवत् २०७५ साल जेठ २५ गते रोज ६ शुभम्।

४

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७४-WO-०३५३, उत्प्रेषण / परमादेश, *हिमांशु शेखर पाठक वि. गृह मन्त्रालय, सिंहदरबारसमेत*

जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तान वालिग भएपछि नेपालको

नागरिकता प्राप्त गर्नसक्ने भनी संविधानले नै सुनिश्चित गरिसकेको सन्दर्भमा संविधानको भावनाविपरीतको परिपत्रको आधारमा नागरिकता दिन इन्कार गरी व्यवधान सिर्जना गर्न नमिल्ने ।

नागरिकताको प्रमाणपत्रले नै व्यक्ति कुन देशको हो भन्ने पहिचान दिन्छ । यसैले यो व्यक्तिको राष्ट्रियता र पहिचानसँग सम्बन्धित संवेदनशील विषय हो । राज्यद्वारा नागरिकलाई प्रदान गरिएका विभिन्न अधिकारको उपभोग गर्ने, त्यसको हकदाबी गर्ने आधार पनि नागरिकताको प्रमाणपत्र हुने हुँदा नागरिकताबाट वञ्चित व्यक्तिले विभिन्न अवसर गुमाउनुपर्ने अवस्था आउन सक्छ । जुन हाम्रो संविधानले सुनिश्चित गरेको कानूनको समान संरक्षण एवम् समानतासम्बन्धी सिद्धान्तको समेत प्रतिकूल हुने देखिन्छ । तसर्थ नेपाली नागरिकता पाउन योग्य रहेका निवेदकलाई नागरिकता दिनबाट वञ्चित गर्ने गरी जनकपुर उपमहानगरपालिका वडा नं.१४ को वडा कार्यालयले नागरिकताको सिफारिस दिन नमिल्ने भनी लिएको जिकिर स्वीकारयोग्य नदेखिने ।

माथि विवेचित आधार कारणहरूबाट निवेदकको बाबु आमा नेपालको नागरिक रहेको देखिएको, निवेदक नेपाली नागरिकको छोराको रूपमा नेपालमा जन्मी हुर्की अध्ययन गरेको भन्ने देखिएको हुँदा माथि उल्लिखित संवैधानिक एवम् कानूनी व्यवस्थाअनुसार वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नबाट वञ्चित गर्न मिल्ने देखिएन । अतः निवेदकले आवश्यक कानूनी प्रक्रिया पूरा गरी नागरिकता माग गर्न आएमा निजलाई वंशजको आधारमा नेपालको नागरिकता दिनु भनी विपक्षीको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत: सुरेशराज खनाल

इति संवत् २०७५ साल वैशाख ४ गते रोज ३ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री टंकबहादुर मोक्तान** , ०७०-CI-०३५३, उत्प्रेषण / परमादेश, *ईश्वरी श्रेष्ठ वि. सिभिक सेभिङ्ग एन्ड क्रेडिट को-अपरेटिभ लिमिटेडसमेत*

अदालतमा विचाराधीन मुद्दालाई असर पर्ने गरी रिट क्षेत्रबाट हस्तक्षेप गर्न मिल्दैन । पुनरावेदिकाले दाबी लिएको जग्गाको सम्बन्धमा जिल्ला अदालतमा विचाराधीन रहेको कीर्ते जालसाज र हिसाब दिलाई पाउँ मुद्दाबाटै निर्णय हुने नै भएको र जिल्ला अदालतमा विचाराधीन मुद्दालाई असर पर्ने गरी पुनरावेदिकाको मागबमोजिम रिट क्षेत्रबाट प्रवेश गरी आदेश जारी गर्न नमिल्ने ।

अतः विवेचित तथ्य एवम् प्रमाणको आधारमा जिल्ला अदालतमा विचाराधीन मुद्दालाई असर पर्ने गरी रिट क्षेत्रबाट हस्तक्षेप गर्न नमिल्ने भनी रिट निवेदन खारेज गर्ने गरी भएको पुनरावेदन अदालत, पाटनको मिति २०६९।११।२ को फैसला मिलेकै देखिँदा सदर हुने ।

उपरजिस्ट्रार: इन्दिरा शर्मा

कम्प्युटर: विपिनकुमार महासेठ

इति संवत् २०७४ साल चैत ४ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री टंकबहादुर मोक्तान**, ०७०-CI-०९८५, दाखिल खारेज गरिपाउँ, *कदमलाल खाँ थारू वि. विपतराम माझी*

दाबीका जग्गामा एकपटक वादीको हक स्थापित हुने ठहरी अदालतबाट निर्णय भई अन्तिम

भएर रहेको र सो फैसला कार्यान्वयनको सिलसिलामा विवाद उत्पन्न भएको अवस्थामा अदालतबाट भएको फैसलालाई नै निस्तेज गर्ने गरी सोही जग्गाको सम्बन्धमा पुनः हक बेहकको प्रश्न उठाई पुनः अदालत प्रवेश गर्ने छुट दिँदै जाने हो भने कुनै पनि विवादको कहिल्यै टुङ्गो लाग्न नसक्ने भई अनिश्चितता सिर्जना हुन जाने एवम् फैसला अन्तिमताको सिद्धान्त प्रतिकूल हुन जाने।

अदालतको फैसलाबमोजिम प्रत्यर्थी वादीको हक लाग्ने भनी ठहर भएको जग्गा के कुन प्रयोजनका लागि रोक्का राखिएको हो, वादीको मन्जुरीले ऋण लिएको हो, होइन ? ऋणको दायित्व कसको हो ? एकको हक कायम भएको जग्गा अर्को व्यक्तिले धितो राखी ऋण खाएको हो, होइन भन्ने कुराको सम्बन्धमा सम्बन्धित बैंक वा निकायको प्रतिक्रिया लिई जानकारी गराई अदालतको पुर्जीबमोजिम दाखेल खारेज दर्ता गर्नुपर्छ । अदालतबाट अन्तिम भएर रहेको फैसला कार्यान्वयन नगरी यो वा त्यो बहाना गरी एउटै जग्गाको सम्बन्धमा पटकपटक हक कायम गराई राख्ने कार्यले कानूनी मान्यता पाउन सक्दैन। प्रत्यर्थी वादीको हक कायम भएका दाबीको जग्गाको वादीले दाखिल खारेज गर्न पाउने भनी पुनरावेदन अदालत, विराटनगरबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अतः फैसलाले जिती पाएको जग्गा दाखेल खारेज नगरी पुनः हक कायम गराई ल्याउनु भनी मालपोत कार्यालय, सुनसरीबाट मिति २०५८।९।१५ मा भएको निर्णयलाई उल्टी गरी वादीले दाखिल खारेज गरी लिन पाउने ठहर गरी पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६९।११।१६ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

उपरजिस्ट्रार: इन्दिरा शर्मा

इति संवत् २०७५ साल वैशाख ७ गते रोज ६ शुभम्।

३

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री टंकबहादुर मोक्तान**, ०७१-CI-०४३०, उत्प्रेषण / परमादेश, *डा. बच्चुराम कार्की वि. शेरबहादुर नाल्वो*

नेपालको संविधान तथा नागरिक अधिकार ऐन, २०१२ समेतले व्यक्तिलाई सम्पत्ति आर्जन, भोगचलन, बेचबिखन गर्नेलगायतका हक अधिकार प्रदान गरेको र सो अधिकारमा कानूनबमोजिम बाहेक कसैले पनि अनाधिकृत हस्तक्षेप गर्नबाट रोक लगाएको छ । रिट निवेदकको नाममा दर्ता रही निवेदकको भोगाधिकार रहेको जग्गाको सम्बन्धमा उजुरी परेको भन्ने आधारमा जग्गाधनीलाई आफ्नो हक भोगको जग्गाको बिक्री वितरण एवम् हक हस्तान्तरण गर्न रोक लगाउने गरी आदेश दिने अधिकार कानूनले कसैलाई नदिएको हुँदा प्रत्यर्थी रिट निवेदकको जग्गा भोगचलन, बेचबिखन गर्न नपाउने गरी विपक्षी जिल्ला प्रशासन कार्यालय, झापाको पत्रादेशबमोजिम सम्पर्क रोक्का रही रहने गरी आदेश जारी गर्न नमिल्ने हुँदा पुनरावेदन अदालतको आदेशलाई अन्यथा भन्न नमिल्ने।

अतः उल्लिखित तथ्य एवम् प्रमाणको आधारमा दाबीको कि.नं. १५९५ को जग्गा पारित गर्ने कुरामा अवरोध पुऱ्याउने गरी विपक्षीहरूबाट भए गरेका काम कारबाही उत्प्रेषणको आदेशद्वारा बदर गरी उक्त जग्गाको कानूनबमोजिम हकभोग, बेचबिखन वा अरू कुनै बेहोराले हक हस्तान्तरणलगायतको हक प्रचलन गर्न निवेदकलाई दिनु भनी विपक्षीहरूका नाममा परमादेश जारी हुने ठहर गरी पुनरावेदन अदालत, इलामबाट मिति २०७१।३।१८ मा भएको आदेश मिलेको देखिँदा सदर हुने।

उपरजिस्ट्रार: इन्दिरा शर्मा

कम्प्युटर: विपिनकुमार महासेठ

इति संवत् २०७४ साल चैत ४ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री टंकबहादुर मोक्तान**, ०७२-CI-०१७७, उत्प्रेषण, *बेखाराम श्रेष्ठ वि. मालपोत कार्यालय, साँखुसमेत*

विपक्षीमध्येका हितकारी बहुउद्देश्यीय सहकारी संस्थाको लिखित जवाफमा पुनरावेदकको हक हिस्सा रोक्का नराखी ऋणीको अंश हक हिस्सा अर्थात् २ भागको १ भाग मात्र रोक्का राखेको भन्ने खुल्न आएको पाइयो । ऋणीहरूको अंशभागसमेत पुनरावेदक जिम्मा रहेको भन्ने देखिएको अवस्थामा ऋणीहरूको अंशभागबाट सहकारी संस्थाले आफ्नो लेना रकम असुल गर्ने गरी ऋणीहरूको अंश हकजति अर्थात् २ भागको १ भाग मात्र रोक्का राख्ने गरी भए गरेका काम कारबाहीबाट पुनरावेदकको कुनै हक अधिकार हनन् भएको मान्न मिल्ने नदेखिँदा रिट खारेज गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अतः माथि विवेचित तथ्य एवम् प्रमाणसमेतको आधारमा निवेदकको भाग सम्पत्ति रोक्का भएको नदेखिई ऋणीहरूको अंश भाग मात्र रोक्का रहेको भन्ने खुल्न आएको पाइँदा रिट खारेज हुने ठहर गरी भएको पुनरावेदन अदालत, पाटनको मिति २०७१।१२।११ को आदेश मिलेको देखिँदा सदर हुने।

उपरजिस्ट्रार: इन्दिरा शर्मा

कम्प्युटर: विपिनकुमार महासेठ

इति संवत् २०७४ साल चैत ४ गते रोज १ शुभम्।

५

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री टंकबहादुर मोक्तान**, ०७४-WO-०२३२, उत्प्रेषण / परमादेश, *शुभाषजंग पाण्डे वि. सार्वजनिक खरिद पुनरावलोकन समिति, रेडक्रसमार्ग ताहाचलसमेत*

विपक्षी इन्फो डेभलपर्स / ड्राई आइस सोलुसनलाई मिति २०७४।३।४ को पत्रबाट नै रिट निवेदक कम्पनीसँग किन र कुन कानूनको आधारमा अद्यावधिक गरेको कागज माग गरिएको हो भनी निजामती किताबखानाले जानकारी गराएकोमा सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम सो मितिले सात दिनभित्र निवेदन दिनुपर्ने हुन्छ। तर विपक्षी इन्फो डेभलपर्स / ड्राई आइस सोलुसनले सो नगरी मिति २०७४।४।१ मा मात्र उपर निवेदन गरेको देखिन्छ। यसरी कानूनले तोकेको म्यादभन्दा बाहिर गई निजामती किताबखानामा निवेदन दिएकोमा मिति २०७४।४।३ मा नै सो निवेदनउपर कुनै कारबाही गरिरहन नपर्ने निजामती किताबखानाले निर्णय गरिसकेको देखिन्छ। यसरी रिट निवेदक कम्पनीलाई अद्यावधिक गरेको विवरण माग्न मिल्ने हो वा होइन भन्ने विषय पहिला नै अन्तिम भइसकी रिट निवेदक कम्पनी र निजामती किताबखानाको बीचमा परामर्श सेवा खरिदसम्बन्धी सम्झौतासमेत भइसकेको अवस्थामा पुनरावलोकन समितिले हस्तक्षेप गर्न मिल्ने अवस्था नहुने।

प्रस्तुत रिट निवेदनमा विपक्षी निजामती किताबखानाले रिट निवेदक कम्पनीसँग कम्पनी अद्यावधिक गरेको कागज माग गरेको अवस्था रहेको छ। प्रस्तावदाता रिट निवेदक कम्पनीले पेस गरेको विवरण तथ्यगत रूपमा झुट्ठा वा सारभूत रूपमा अपुरो रहेको अवस्था होइन। यसरी कम्पनी अद्यावधिक गरिएको विवरण माग गरिनाले बोलपत्र मूल्य वा अन्य सारभूत कुरामा कुनै असर गर्ने पनि होइन। यस अवस्थामा प्रस्ताव पेस गरिसकेपछि कम्पनी अद्यावधिक गरेको कागज पेस गरेको भन्ने आधारमा पुनरावलोकन समितिले परामर्श सेवा खरिद सम्झौतासहित सम्पूर्ण खरिद प्रक्रिया रद्द गर्ने भनी गरेको मिति २०७४।५।७ को निर्णय कानूनसङ्गत भनी मान्न मिल्ने नदेखिने।

निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने हो वा होइन भन्ने दोस्रो प्रश्नको सम्बन्धमा विचार गर्दा माथि विवेचित कारण र आधारमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा १०(६) को प्रतिबन्धात्मक वाक्यांशमा सानातिना त्रुटि भएको अवस्थामा बोलपत्र दाता वा प्रस्तावदाताबाट थप विवरण माग गर्न सक्नेनै व्यवस्था रहेको तथा निवेदक कम्पनी र विपक्षी निजामती किताबखानाको बीचमा सम्झौता भइसकेको अवस्थामा पुनरावलोकन समितिले हस्तक्षेप गर्नु पुनरावलोकन समितिको क्षेत्राधिकारको समेत विपरीत भएको देखिँदा पुनरावलोकन समितिको मिति २०७४।५।७ को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब रिट निवेदक कम्पनी र विपक्षी निजामती किताबखानाको बीचमा भएको मिति २०७४।४।१६ को सम्झौताबमोजिम गर्नु गराउनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत: सन्देश श्रेष्ठ

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल चैत १३ गते रोज ३ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७२-CR-०८२४, ठगी, *नेपाल सरकार वि. कमलमान गुभाजु*

प्रतिवादीले आफ्नो स्वामित्वमा नभएको जग्गा आफूसँग छ भनी जाहेरवालालाई झुक्याई वा झुट्ठा कुरालाई सद्दे हो भनी झुक्याई वा धोखा दिई गफलतमा पारी बेइमानी नियतसँग जाहेरवालालाई हानि नोक्सानी र आफूलाई फाइदा हुने गरी बैना गरी जाहेरवालासँग रकम लिएको जग्गा पास गर्न नसकेको र रकमसमेत फिर्ता नगरेको स्थिति विद्यमान देखिँदा यी प्रतिवादीले मुलुकी ऐन, ठगीको महलको १ र २ नं. को कसुर गरेका होइनन् भन्न मिल्ने देखिन आएन । अर्कोतर्फ यी प्रतिवादीले आफूसँग नरहेको नभएको जग्गा आफूसँग छ भनी जाहेरवालासँग बैना स्वरूप रकम लिनुका साथै यति डेभलपमेन्ट बैंक लि. बाट जग्गा लिलाम बिक्री भइसकेको कुराको यथार्थ जानकारी जाहेरवालालाई समयमै नदिई पटकपटक रकम नभएको चेक दिने कार्य ठगीको परिभाषाभित्र नपर्ने भन्न पनि नमिल्ने।

प्रतिवादीले आफ्नो नाममा नै नभएको जग्गा बिक्री गर्न भनी जाहेरवालासँग पन्ध्र लाख रूपैयाँ लिई बैना कागज गरेको तथ्य स्वीकार गरेको र केही रकम जाहेरवालालाई दिएको भने पनि सो कुरा पुष्टि गर्न प्रमाण ऐन, २०३१ को दफा २७ बमोजिम विश्वसनीय प्रमाण पेस गर्न नसकेको हुँदा अभियोग दाबीबमोजिमको कसुर यी प्रतिवादीले गरेको देखिन आउने।

मिसिल संलग्न जाहेरी दरखास्तको बेहोरा, यी प्रतिवादी कमलमान गुभाजुले मिति २०६९।६।१५ मा गरी दिएको बैना कागजको बेहोरा र प्रतिवादीले मौकामा र सुरू अदालतमा गरेको बयानसमेतको बेहोराबाट यी प्रतिवादी कमलमान गुभाजुले जाहेरवालासँग वास्तविक रूपमा बैना स्वरूप रू.१५,००,०००।- (पन्ध्र लाख रूपैयाँ) लिएको देखिन्छ। प्रस्तुत मुद्दाको उठान पनि मिति २०६९।६।१५ को बैना कागजबाट भएको छ । यस बैना कागजमा जाहेरवालाबाट प्रतिवादीले रू.१५,००,०००।- (पन्ध्र लाख रूपैयाँ) मात्र बुझिलिएको देखिन्छ। यस कुरालाई जाहेरवाला र प्रतिवादीले अन्यथा भन्न सकेका छैनन् । यस परिस्थितिमा बैना कागजमा लेखिएको रकमभन्दा बढी रकम अर्थात् अभियोग दाबीबमोजिमको बिगो

रू.१७,००,०००।- (सत्र लाख रूपैयाँ) कायम गर्न मनासिब नदेखिँदा बिगोको हकमा रू.१५,००,०००।- (पन्ध्र लाख रूपैयाँ) नै कायम हुने।

तसर्थ, माथि विवेचना गरिएअनुसार तत्कालीन पुनरावेदन अदालत, पोखराले प्रतिवादी कमलमान गुभाजुलाई ठगीको ४ नं. बमोजिम तजबिजी कैद ९(नौ) महिना हुने र प्रमाणबाट बिगो रू.१५,००,०००।- (पन्ध्र लाख रूपैयाँ) मात्र देखिएकोमा बिगोबापत रू.१७,००,०००।- (सत्र लाख रूपैयाँ) जाहेरवालाले प्रतिवादीबाट भराई पाउने ठहर गरेको सुरू कास्की जिल्ला अदालतको मिति २०७१।२।२१ को फैसला सो हदसम्म केही उल्टी गरी प्रतिवादीलाई बिगोबमोजिम रू.१५,००,०००।- (पन्ध्र लाख रूपैयाँ) जरिवाना हुने र रू.१५,००,०००।- (पन्ध्र लाख रूपैयाँ) जाहेरवालाले प्रतिवादीबाट भराई लिन पाउने ठहऱ्याई गरेको तत्कालीन पुनरावेदन अदालत, पोखराको मिति २०७२।५।१० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विदुरकुमार उपाध्याय

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७४ साल जेठ २४ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७२-CR-११२३, अप्राकृतिक मैथुन, *नेपाल सरकार वि. परिवर्तित नाम कञ्चनपुर G*

बालबालिकासम्बन्धी ऐनले प्रतिवादी नाबालकको हकमा सजायमा छुट वा कमी दिएको अवस्था भई पीडितले पाउने क्षतिपूर्ति नै नपाउने गरी छुट दिएको भनी सम्झन वा अर्थ गर्न मिल्ने नदेखिने।

पीडित नाबालिका कञ्चनपुर F लाई पीडक प्रतिवादी कञ्चनपुर G बाट के कति रकम क्षतिपूर्ति स्वरूप भराइदिनु उचित हुन्छ भनी विचार गर्दा यी पीडक सानो क्षेत्रफलको कच्ची घरमा बसोबास गर्ने कृषि पेसा अगालेका आर्थिक रूपमा कमजोर दलित परिवारका व्यक्ति भएको भन्ने मिसिल संलग्न कागजबाट देखिएको हुँदा कानूनको मकसद पनि पूरा हुने र पीडितले पनि न्याय पाउने प्रतिवादी कञ्चनपुर G बाट पीडित नाबालिका कञ्चनपुर F लाई क्षतिपूर्तिस्वरूप रू.१०,०००।- भराई दिन उचित र मनासिब देखिने।

तसर्थ माथि विवेचित आधार एवम् कारणहरूबाट सुरू कञ्चनपुर जिल्ला अदालतले यी प्रतिवादी कञ्चनपुर G ले अभियोग दाबीबमोजिमको कसुर गरको ठहऱ्याई पीडितले पाउने क्षतिपूर्ति सम्बन्धमा मौन रहेको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, महेन्द्रनगरको फैसला सो हदसम्म नमिलेको देखिँदा केही उल्टी भई अभियोग मागदाबी तथा पुनरावेदन जिकिरबमोजिम प्रतिवादी परिवर्तित नाम कञ्चनपुर G बाट पीडित परिवर्तित नाम कञ्चनपुर F ले क्षतिपूर्तिबापत रू.१०,०००।- भराई लिन पाउने।

इजलास अधिकृत : विदुरकुमार उपाध्याय

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल जेठ २४ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७३-CR-०२०८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. शुक्रबहादुर महर*

सुरू जाहेरी बेहोरा मौकामा र अदालतबाट बुझिएका व्यक्तिहरूको भनाइ एवम् बकपत्र, प्रतिवादीको स्वास्थ्य परीक्षण गरी डाक्टरले दिएको Medical report, वरिष्ठ कन्सल्टेन्ट साइक्याट्रिक डा.ले दिएको राय, मेडिकेयर नेसनल हस्पिटल एन्ड रिसर्च सेन्टर

लि.को मिति २०६७।२।७ को प्रेस्कृप्सनसमेतबाट यी प्रतिवादी वारदातपूर्व नै मानसिक रोगग्रस्त देखिएको, मानसिक रूपमा पूर्ण स्वस्थ भई ज्यान मार्ने नियतले मनसायपूर्वक योजनाबद्ध तरिकाबाट श्रीमती अरूणादेवी महरको हत्या गरी कसुरबाट बच्न वारदातपश्चात् यी प्रत्यर्थी प्रतिवादीले आफ्नो मानसिक सन्तुलन बिग्रेको भन्ने प्रमाणको सिर्जना गरेको भन्ने देखिएन । प्रत्यर्थी प्रतिवादीले आफ्नो श्रीमतीलाई मार्नुपर्नेसम्मको कुनै कारण विषय सिर्जना भएको थियो भन्ने आधार मिसिल संलग्न कागजबाट देखिन खुल्न आएको अवस्था पनि देखिँदैन । यी प्रतिवादी कारागारबाट चलान भई आई हाल पनि मानसिक अस्पताल विकास समिति लगनखेलमा मानसिक रोगको उपचारको क्रममा रहेको देखिएको छ । सो क्रममा मिति २०६८।७।२६ मा सो अस्पतालमा भर्ना भई मिति २०६८।८।७ मा डिस्चार्ज भएको देखिएको छ । यस अवस्थामा एकाएक श्रीमतीलाई बञ्चरोजस्तो धारिलो जोखिमी हतियार प्रयोग गरी मारेको कार्यबाट प्रतिवादी वारदात हुँदाका अवस्थामा आफूले गरेको कामको प्रकृति र परिणाम थाहा नपाउने गरी मगज बिग्रेको वा बौलाएको रहेछ भनी मान्नुपर्ने नै देखिन आएको हुँदा मुलुकी ऐन, दण्ड सजायको महलको १ नं. को कानूनी व्यवस्था प्रयोग गरी प्रतिवादीलाई उन्मुक्ति दिन मिल्दैन भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर एवम् दण्ड सजायको १ नं. को व्याख्यात्मक त्रुटि देखाई यस अदालतबाट मिति २०७३।४।१७ मा मुद्दा दोहोऱ्याई हेर्ने निस्सा प्रदान गरिएको आदेशसँग सहमत हुन नसकिने ।

तसर्थ, प्रतिवादी शुक्रबहादुर महरलाई कडा खालको मानसिक रोग (Schizophrenia) लागेका कारण निजले आफ्नो मानसिक सन्तुलन गुमाई आफ्नो श्रीमती अरूणदेवी महरलाई कर्तव्य गरी मारेको देखिन आएकोले निज प्रत्यर्थी, प्रतिवादी शुक्रबहादुर महरलाई मुलुकी ऐन, दण्ड सजायको महलको १ नं. बमोजिम कुनै प्रकारको सजाय हुँदैन भनी गरेको सुरू डडेल्धुरा जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरेको तत्कालीन पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०७१।२।६ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः विदुरकुमार उपाध्याय

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल जेठ २४ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६९-WO-०१०२, उत्प्रेषण / परमादेश, *गगन सिंह नेगी वि. महेन्द्रनगर नगर विकास समिति महेन्द्रनगर कञ्चनपुरसमेत*

रिट निवेदकले प्रस्तुत विवादको कित्ता नं. ५३९ को जग्गाको दर्ता स्रेस्ता र स्वामित्व आफ्नो नाममा प्रमाणित रहेको भनी रिट निवेदनमा जिकिर लिएको देखिँदैन । एकातिर रिट निवेदकले महेन्द्रनगर नगर विकास पुनरावेदन समितिलगायतमा उजुरी गरेको देखिए तापनि कित्ता नं. ५३९ को जग्गा र सोमा बनेको घरमा रिट निवेदकको निर्विवाद हक भोग स्थापित भएको कहीँबाट खुल्न आएको छैन भने अर्कातिर निजले निवेदन बेहोरामा उल्लेख गरेको मिति २०६८।६।७ को सर्वोच्च अदालतको फैसला, मिति २०६३।३।२६ को पुनरावेदन अदालत, महेन्द्रनगरको फैसला र मिति २०६४।८।२१ मा भएको सर्वोच्च अदालतको फैसलाहरूबाट समेत सो विवादित कित्तामा निजको स्वामित्व रहेको भन्ने कुरा उल्लेख भएको देखिँदैन । विवादित कित्ताको जग्गामा निवेदकको हक अधिकार सिर्जना भएको नदेखिएको स्थितिमा जबसम्म निजको हक र स्वामित्व निजको

दाबी रहेको जग्गामा दर्ता स्रेस्ता र निजबाट पेस हुन आएका सबुद कागज प्रमाणहरूबाट पुष्टि हुँदैन तबसम्म उक्त जग्गामा कानूनतः निजको हक अधिकार स्थापित हुन नसक्ने ।

यसर्थ, उपर्युक्त विवेचित आधार, प्रमाण तथा कारणबाट रिट निवेदकले दाबी लिएको विवादित कित्ता नं. ५३९ मा आफ्नो हक भोग, स्वामित्व रहेको भन्ने जिकिर पुष्टि हुने प्रमाणसमेत पेस गर्न नसकेको स्थिति, रिट निवेदकले विभिन्न मितिमा दायर गरेका मुद्दाहरूको फैसला, आदेशले विवादित जग्गाको निर्णय गर्नसम्म भनेको तर उक्त विवादित कित्ता नं. को जग्गा निज रिट निवेदकको नाममा दर्ता गर्न नभनेको स्थितिमा रिट निवेदकहरूले विपक्षीहरूको काम कारबाहीबाट आफ्नो के कुन कानूनी र संवैधानिक हकमाथि आघात पर्न गएको हो भन्ने कुरा स्पष्ट रूपमा खुलाउन नसकेको एवम् निवेदकले विपक्षीहरूको लिखित जवाफलाई अन्यथा हो भन्न नसकेको स्थितिसमेतका कारणबाट विपक्षीहरूको काम कारबाहीबाट निज निवेदकहरूको संवैधानिक एवम् कानूनी हकमा आघात परेको भन्ने अवस्थाको विद्यमानता नदेखिँदा विपक्षीहरूको नाममा निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने देखिन आएन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कमलकान्त जोशी

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७५ साल जेठ ८ गते रोज ३ शुभम् ।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- ०७०-WO-००६७, उत्प्रेषण / परमादेश, *गगन सिंह नेगी वि. महेन्द्रनगर नगर विकास समिति महेन्द्रनगर कञ्चनपुरसमेत*
- ०७०-WO-०३४७, उत्प्रेषण, *गगन सिंह नेगी वि. सुदूर पश्चिमाञ्चल विश्वविद्यालय, महेन्द्रनगर कञ्चनपुरसमेत*
- ०६९-MS-०००२, अदालतको अवहेलना, *गगन सिंह नेगी वि. महेन्द्रनगर नगर विकास समिति महेन्द्रनगर कञ्चनपुरसमेत*

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-CR-२०४३, वैदेशिक रोजगार कसुर, *खमान सिं गुरूङ वि. नेपाल सरकार*

आफूलाई लिखत झुक्याएर गराएको हो भन्ने प्रतिवादीले जिकिर लिइसकेपश्चात् प्रमाण ऐन, २०३१ को दफा २७ बमोजिमको प्रमाण पुर्‍याउने भार निज प्रतिवादीमा रहने र निजले आफ्नो जिकिरलाई पुष्टि गर्ने वस्तुनिष्ठ सबुद प्रमाण पुर्‍याउनुपर्ने दायित्व हुन्छ । लिखतमा स्वहस्ताक्षर भएका निज प्रतिवादीले आफ्नो कसुर कार्यमा संलग्नता नरहेको दर्साउने प्रमाण पेस गर्न नसकेको स्थिति एवम् निजको पुनरावेदन जिकिरलाई समर्थन गर्ने प्रत्यक्ष प्रमाणको अभावमा निजको लिखतमा नहेरी नबुझी सहिछाप गरिदिएको हो, वैदेशिक रोजगारमा पठाइदिने कागज रहेछ पछि थाहा भयो भन्ने बयान प्रतिवादीको विश्वसनीयसमेत नदेखिने ।

जाहेरवाला जम्पा खेटुप लामाले बकपत्र गर्दा प्रतिवादीले वैदेशिक रोजगारमा जापान पठाइदिन्छु भनेकोले रू.५,००,०००।- दिएको हुँ भनी स.ज ६ मा लेखाइदिएको देखिँदा प्रतिवादी खमान सिं गुरूङले बिना इजाजत जाहेरवालालाई वैदेशिक रोजगारमा पठाई दिन्छु भनी रकम लिई भनेबमोजिम वैदेशिक रोजगारीमा नपठाई रकमसमेत फिर्ता नगरेकोले प्रतिवादीको उपर्युक्त कार्य वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसुर स्थापित हुन आयो । Ignorance of law is not excused भन्ने मान्य न्यायको सिद्धान्त एवम् आफूले

गरेको हस्ताक्षरबाट सिर्जित परिस्थितिलाई अन्यथा हो भन्ने वस्तुनिष्ठ आधारबाट प्रमाणित गर्न नसकेको अवस्था एवम् प्रमाण ऐन, २०३१ को दफा ३५ को व्यवस्थाबमोजिम निजहरूबीचको लिखतले प्रमाणको रूप लिनसक्ने साथै जाहेरवालाबाट प्रतिवादीले रकम लिएकोमा विवाद नदेखिएको आधारमा प्रतिवादीको कसुरमा संलग्नता रहेको रहेनछ भनी मान्न नमिल्ने।

प्रतिवादी खमान सिं गुरूङले वैदेशिक रोजगारको लागि इजाजत लिएको देखिँदैन र निजले यी जाहेरवालालाई लिखतबमोजिम वैदेशिक रोजगारीका लागि पठाउन सकेको पनि नदेखिएको र जाहेरवाला स्वदेशमै रहे भएको अवस्थालगायतबाट वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिमको कसुरमा निज प्रतिवादीलाई एक वर्ष छ महिना कैद सजाय र रू.१,५०,०००।– (एक लाख पचास हजार) जरिवाना गरी जाहेरवालाको रू.५,००,०००।- (पाँच लाख रूपैयाँ) र सोको ५०% ले हुने हर्जानासमेत प्रतिवादी खमान सिं गुरूङबाट भरी पाउने ठहऱ्याई भएको फैसला अन्यथा भन्न मिल्ने देखिएन। निज प्रतिवादीको कसुर कार्य तथा तत्सम्बन्धी कानूनी व्यवस्थाअनुसार निजलाई वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको सजाय मनासिब नै देखिने।

अतः उपर्युक्त विवेचित आधार, प्रमाणबाट प्रतिवादी खमान सिं गुरूङलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ अनुसार एक वर्ष छ महिना कैद र रू.१,५०,०००।- (एक लाख पचास हजार रूपैयाँ) जरिवाना हुने, जाहेरवाला जम्पा खेटुप लामाले रू.५,००,०००।- (पाँच लाख रूपैयाँ) र सोको ५०% ले हुने हर्जानासमेत प्रतिवादी खमान सिं गुरूङबाट भरी पाउने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको मिति २०७२।१०।१८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कमलकान्त जोशी
कम्प्युटर: अभिषेककुमार राय
इति संवत् २०७४ साल चैत २७ गते गते रोज ३ शुभम्।

६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७३-CR-०४५६, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. मोहम्मद सिद्दिकी मुसलमानसमेत*

घटना विवरणका व्यक्तिहरू वेदी पासीसमेतले यी प्रतिवादीहरू वारदातमा संलग्न थिए र यी प्रतिवादीहरूले वारदात घटाउन यस्तो यस्तो कार्य गरे भनी खुलाउन सकेको देखिँदैन। प्रतिवादीहरू गफ्फार बढई, मुसलमान इस्तियाक मुसलमान, मोहम्मद सहिद मुसलमान, ईसरार मुसलमान र मोहम्मद सिद्दिकी मुसलमानले अनुसन्धान र अदालतमा बयान गर्दासमेत आरोपित कसुरमा इन्कार रही बयान गरेका छन् भने निजका साक्षीहरूले समेत निजको कसुरमा संलग्नता नरहेको भनी बकपत्र गरिदिएको र सो बकपत्रलाई अन्यथा भनी वादी पक्षले खण्डित गर्न नसकेको स्थितिमा प्रतिवादी मोहम्मद सइद मुसलमानबाहेक अन्य प्रतिवादीहरू प्रस्तुत ज्यान मार्ने उद्योगको वारदातमा संलग्न रहेको भन्ने तथ्य स्थापित हुन सकेको देखिँदैन । पीडितबाहेक चश्मदिद गवाहको अभाव रहेको प्रस्तुत मुद्दामा जाहेरवालीको घर घेरा हाल्ने र गोली प्रहार भइसकेपछि लखेट्ने भनिएका निज प्रतिवादीहरूलाई जाहेरवालीले आवाजले चिनेँ भन्ने कथन अन्य कुनै प्रमाणबाट पुष्टि हुन सकेको नदेखिने।

वादी पक्षका साक्षी यार मोहम्मद मुसलमानले अदालतमा बकपत्र गर्दा फहिमा खातुनको घरमा गोली

चलेको सुनी निजको घरतर्फ जाँदा त्यहाँ धेरै मानिस थिए, फहिमालाई गोली लागेको थियो भनी बेहोरा लेखाइदिएकोमा जाहेरवालीलाई बन्दुकबाट गोली हानी ज्यान मार्ने उद्योग गरेको भनी लेखाई दिएका छन् । मिसिल संलग्न कागजातबाट जाहेरवालीलाई गोली हानेकोमा विवाद नदेखिए तापनि निजले समेत सफाइ पाएका प्रतिवादीहरू गफार बढईलगायतले नै गोली चलाई जाहेरवालीको ज्यान मार्ने उद्योग गरेको भनी भन्न सकेको स्थिति देखिँदैन। फौजदारी न्यायमा कसुर स्थापित गर्ने विषय तथ्य र प्रमाणको न्यायसङ्गत विवेचनाबाट हुनुपर्ने न्यायिक मर्म अन्तर्निहित हुने।

प्रस्तुत मुद्दामा प्रतिवादीहरू नै जाहेरवालीलाई गोली प्रहार गर्ने कार्यमा संलग्न रहेको भन्ने कुरा स्वतन्त्र प्रमाणबाट पुष्टि हुन सकेको स्थिति देखिँदैन। फौजदारी मुद्दामा कसैउपर अभियोग लगाउनु नै पर्याप्त हुँदैन । आफूले दाबी लिएको कुरालाई पुष्टि गर्ने शङ्कारहित प्रमाण वादी पक्षले पेस गर्न सक्नुपर्ने हुन्छ। निज सफाइ पाएका प्रतिवादीको कसुर कार्यमा रहेको संलग्नताबारे अभियोजन पक्षले प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम वादी दाबी प्रमाणित गर्नुपर्ने दायित्व पूरा गर्न नसकेको स्थितिमा निज प्रतिवादीहरूलाई आरोपित कसुरमा सफाइ दिने गरी पुनरावेदन अदालत, बुटवलबाट भएको फैसला मिलेकै देखिने।

अत: उपर्युक्त विवेचित आधार, प्रमाण तथा कारणबाट प्रतिवादीहरू गफार बढई मुसलमान, इस्तियाक मुसलमान, ईसरार मुसलमान र मोहम्मद सिद्दिकी मुसलमानको उल्लिखित कसुर कार्यमा प्रत्यक्ष संलग्नता रहेको तथ्य वस्तुनिष्ठ आधारबाट स्थापित हुन नसकेको स्थितिबाट समेत निज प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाइ दिने गरी भएको पुनरावेदन अदालत, बुटवलको मिति २०७२।१२।१४ को फैसला सदर हुने।

इजलास अधिकृतः कमलकान्त जोशी

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७४ साल चैत २७ गते रोज ३ शुभम्।

७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७३-CR-०६५२, जबरजस्ती चोरी, *नेपाल सरकार वि. ज्ञानेश्वर दाहाल*

आफू पैसा निकाल्न नगएको र चोरीमा आफ्नो संलग्नता नरहेकोले आरोपित कसुरमा सफाइ पाउनुपर्ने बताउने यी प्रतिवादीलाई कसुर कायम भएका अर्का सह-प्रतिवादी ढुण्डीराज शर्माले गरेको अनुसन्धान क्रमको पोल बयान, जाहेरवालाको जाहेरीलाई प्रतिवादीले अन्यथा हो भनी भन्न नसकेको स्थिति, होटल मालिकले प्रतिवादीलाई चिनँ भनी गरिदिएको सनाखत कागज र बकपत्र साथै आई.एम.ई सञ्चालकको सनाखत कागज र अदालतसमक्ष गरेको निजको बकपत्र एवम् अनुसन्धान क्रमको बयान आफ्नो इच्छाप्रतिकूल नै भएको भन्ने प्रतिवादीको अदालतसमक्षको बयान पुष्टि गर्ने सबुद प्रमाण निजले प्रमाण ऐन, २०३१ को दफा २७ बमोजिम गुजार्न नसकेको अवस्थासमेतबाट प्रतिवादीको अदालतसमक्षको इन्कारी बयानलाई मात्र भरपर्दो आधारका रूपमा लिई निजको कसुर कार्यमा संलग्नता रहेनछ भनी मान्न नसकिने। प्रतिवादीहरू ढुण्डीराज शर्मा र ज्ञानेश्वर दाहालको कसुरमा संलग्नता देखिएको परिप्रेक्ष्यमा निजहरूले चोरीको महलको १ र ४ नं.को विपरीत जबरजस्ती चोरीको कसुर गरेको हुँदा प्रतिवादीहरूलाई मुलुकी ऐन, चोरीको महलको दफा १४(२) नं. बमोजिम जनही कैद महिना १ दिन १५

(एक महिना पन्ध्र दिन) र बिगो रू.५,५४,०००।– (पाँच लाख चौवन्न हजार) को डेढी रू. ८,३१,०००।– (आठ लाख एकतीस हजार) जरिवाना भई सो जरिवानाबापत समेत कैद हुने र बरामद बिगो जाहेरवालालाई फिर्ता दिई नपुग बिगोको हकमा चोरीको महलको १०(३) नं. बमोजिम प्रतिवादीहरूबाट जाहेरवालालाई भराई दिने गरी भएको पुनरावेदन अदालत, बुटवलको फैसला न्यायको रोहमा अन्यथा नदेखिने।

जाहेरवाला टोपबहादुर काफ्लेलाई प्रतिवादी ज्ञानेश्वर दाहालले लागु औषध खुवाई चोरी गरेकोले निज प्रतिवादी ज्ञानेश्वर दाहाललाई चोरीको महलको १८ नं. बमोजिम थप सजाय नगरेको पुनरावेदन अदालत, बुटवलको फैसला मिलेन भन्ने पुनरावेदन जिकिर सम्बन्धमा विचार गर्दा, एकातिर निज प्रतिवादीको साथबाट कुनै लड्डु बरामद भएको स्थिति छैन भने अर्कोतिर प्रतिवादी ज्ञानेश्वर दाहालले के कस्तो तरिकाले, कहाँबाट कस्तो प्रकारको लागु औषध ल्याई जाहेरवालालाई ख्वाएको हो भन्ने पुष्टि नभएको अवस्था छ। जाहेरवालाको स्वास्थ्य परीक्षण गरिएको देखिँदैन । यस अवस्थामा जाहेरवालालाई निज प्रतिवादी ज्ञानेश्वर दाहालले लागुपदार्थ खुवाई लठ्ठ पारेको भन्ने तथ्य मिसिल संलग्न कागजातबाट समर्थित हुन नसकेको स्थिति छ भने सोतर्फको वादी दाबी शङ्कारहित तबरबाट पुष्टि गर्ने दायित्व अभियोजन पक्षले प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम पूरा गर्न सकेको देखिँदैन। तसर्थ लागु औषधतर्फको वादी दाबी तथ्य र प्रमाणबाट समर्थित गराउनुपर्नेमा सो गर्न सकेको स्थिति मिसिल संलग्न कागजातबाट नदेखिँदा अपुष्ट जाहेरीकै आधारमा प्रतिवादीलाई थप सजाय गर्नु बेमनासिब एवम् न्यायको मान्य सिद्धान्तविपरीत समेत हुने हुँदा निज प्रतिवादीलाई चोरीको महलको १८ नं. बमोजिम थप सजाय नगरेको पुनरावेदन अदालत, बुटवलबाट भएको फैसला सो हदसम्म मिलेकै देखिने।

अतः उपर्युक्त विवेचित आधार कारणबाट प्रतिवादी ज्ञानेश्वर दाहाललाई चोरीको महलको १८ नं. बमोजिमको थप सजाय नहुने गरी भएको पुनरावेदन अदालत, बुटवलबाट मिति २०७३।१।२१ मा भएको फैसला सदर हुने।

इजलास अधिकृतः कमलकान्त जोशी

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७४ साल चैत २७ गते रोज ३ शुभम्।

८

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७३-CR-०६६६, लागु औषध (नाइट्रोसनसमेत), *नेपाल सरकार वि. सुसन ताम्राकारसमेत*

निषेधित लागु औषध वा सोसँग सम्बन्धित कुनै चिजवस्तु आफ्नो साथबाट फेला परेको अवस्थालाई प्रतिवादीले वैधता प्रमाणित गर्न नसकेमा अपराधको रूपमा लिइने भन्ने उक्त कानूनी व्यवस्थाको मकसद हो । प्रस्तुत मुद्दामा सुरू अदालतबाट मुद्दा पुर्पक्षका क्रममा तारेखमा रहने गरी धरौटीमा छुटेका प्रतिवादी दिवश शाक्यले आफूउपरको अभियोगको सम्बन्धमा प्रतिवाद गर्ने प्रमाण पेस नगरी तारेख गुजारी चुप लागी बसेको देखिएबाट निजले आरोपित कसुर कार्यमा आफ्नो संलग्नता रहेको कुरालाई स्वीकार गरी बसेको भन्ने देखियो । उक्त अवस्थामा निज प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गरी भएको पुनरावेदन अदालत, विराटनगरको फैसला निजको हकमा मिलेकै देखिने।

अभियोजन पक्षले निज प्रतिवादीले उक्त लागु औषध व्यावसायिक रूपमा बेचबिखन गर्न नै ल्याएका र यहाँ बिक्री गरेका हुन् भनी प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिमको सापेक्ष दायित्व पूरा गर्न सकेको स्थिति

मिसिल संलग्न कागजातबाट नदेखिँदा प्रतिवादीले उक्त लागु औषध बिक्री वितरणका लागि ओसारपसार गरेका रहेछन् भनी मान्न नसकिनेलगायतका आधार, कारण र बरामदी मात्रासमेतलाई विचार गर्दा वादीतर्फबाट बहसका क्रममा उल्लेखन भएको नजिर सिद्धान्त प्रस्तुत मुद्दामा आकर्षित हुने नदेखिने।

अतः विवेचित आधार, प्रमाण तथा कारणबाट प्रतिवादी दिवश शाक्यले आफूउपरको आरोप खण्डन, प्रतिवाद नगरी मौन बसी उल्टै तारेखसमेत गुजारेको अवस्थामा निजले कसुरमा आफ्नो संलग्नतालाई अघोषित एवम् अप्रत्यक्ष रूपमा स्वीकार गरेको देखिन गएको परिप्रेक्ष्यमा निजलाई अभियोग दाबीबमोजिम सजाय हुने गरी र सुरूदेखि नै आफूले सेवन गर्ने प्रयोजनका लागि लागु औषध बोकेको बताउने प्रतिवादी सुसन शाक्यको हकमा सेवनतर्फ मात्र सजाय हुने गरी भएको पुनरावेदन अदालत, विराटनगरको मिति २०७३।३।२९ को फैसला सदर हुने।

इजलास अधिकृतः कमलकान्त जोशी

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७४ साल चैत २७ गते रोज ३ शुभम्।

९

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७४-RC-००९९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. दीपक खवाससमेत*

प्रतिवादी अरविन चौधरीले वारदातमा आफ्नो संलग्नता नरहेको भए निर्दोषिता पुष्टि हुने प्रमाण पेस गर्नुपर्नेमा निज प्रतिवादी वारदात मितिदेखि नै उल्टै फरार रहेको देखिन्छन् भने निज प्रतिवादी विरेश भन्ने दीपक खवाससमेतले आफ्नो उक्त कसुरमा संलग्नता नरहेको, आफू उक्त मितिमा अन्यत्रै रहे भएको देखिने वस्तुनिष्ठ प्रमाण पेस गर्न नसकेको स्थितिमा निज प्रतिवादीहरूको भनाइलाई मात्र प्रमाणमा लिन नमिल्ने हुँदा निजहरूको प्रस्तुत वारदातमा संलग्नता रहेनछ भनी मान्न नसकिने।

सुरू र पुनरावेदन अदालतबाट अभियोग दाबीबमोजिमको कसुर कायम भई सर्वस्वसहित जन्मकैद सजाय पाएका र यस अदालतमा आफ्नो पुनरावेदन फिर्ता लिई सजायमा चित्त बुझाई बसेका प्रस्तुत घटनाका सह-प्रतिवादी सितकुमार चौधरीले लेखाइदिएको घटनाक्रमको विवरण, मृतकको ज्यान मरेको देखिएको स्थिति, मृतकको लास जाँच प्रकृति मुचुल्काबाट मृतकको शरीरका विभिन्न भागमा गहिरो घाउ चोट रहेको देखिएको र मृतकको मृत्युको कारण धारिलो हतियारले लागेका घाउ चोटको रक्तस्राव भनी देखिएको र निज सहप्रतिवादी सितकुमार चौधरीको साथबाट बरामद भएका फलामको खुँडा, रगत लागेको पाइन्टलगायतका दशी एवम् निजको मौका र अदालतसमक्ष प्रतिवादी विरेश भन्ने दीपक खवासले मृतकको शरीरको यत्रतत्र भागमा गरेको कुटपिटको कार्यबाट निजको मृत्यु भएको भन्ने बेहोराको पोल बयान अन्यथा नदेखिएको एवम् प्रतिवादीहरू दीपक खवाससमेतले सोको सबुद प्रमाणबाट खण्डन गर्न नसकेको अवस्थामा जाहेरवालाको अदालतमा भएको बकपत्र, बुझिएका विनोदकुमार सिंहसमेतले निज प्रतिवादीहरूसमेतको कार्यबाट मृतकको ज्यान मरेको भनी लेखाइदिएको मौकाको कागज, वस्तुस्थिति मुचुल्काका व्यक्तिसमेतले गरिदिएको कागज प्रमाणबाट कर्तव्य ज्यानको कसुरमा प्रतिवादी दीपक खवासलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने र अर्का प्रतिवादी अरविन चौधरीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(४) बमोजिम जन्मकैदको सजाय हुने गरी भएको फैसलाको साधक सदर गर्ने गरी भएको उच्च अदालत, विराटनगरको फैसला मिलेकै देखिँदा

निज प्रतिवादीहरूलाई सजाय कायम गरेको सुरू अदालतको फैसला र सोही फैसलालाई सदर गर्ने गरी भएको उच्च अदालत, विराटनगरको फैसला मिलेन भन्ने बेहोराको प्रतिवादीहरूका तर्फबाट रहनुभएका विद्वान् वैतनिक कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने।

अत: उपर्युक्त विवेचित आधार, प्रमाणसमेतबाट प्रतिवादी विरेश भन्ने दीपक खवास साथै फरार प्रतिवादी अरविन चौधरीको हकमा सुरू सुनसरी जिल्ला अदालतबाट भएको मिति २०७२।११।१९ को फैसला सदर गर्ने गरी उच्च अदालत, विराटनगरबाट मिति २०७४।१।२० मा भएको फैसला मनासिब नै देखिँदा प्रतिवादी विरेश भन्ने दीपक खवास साथै फरार प्रतिवादी अरविन चौधरीको हकमा यस अदालतमा जाहेर भएको साधक सदर हुने।

इजलास अधिकृतः कमलकान्त जोशी

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७५ साल जेठ ८ गते रोज ३ शुभम्।

१०

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७४-CR-०१५३, वैदेशिक रोजगार कसुर, *राजेन्द्रबहादुर पौडेल वि. नेपाल सरकार*

जाहेरवालाले बकपत्र गर्दा प्रतिवादीले वैदेशिक रोजगारमा जापान पठाइदिन्छु भनेकोले रू.९,५०,०००।- दिएको हुँ भनी स.ज. ५ मा लेखाइदिएको र सोही बेहोराको लिखतसमेत पेस गरेको देखिँदा प्रतिवादी राजेन्द्रबहादुर पौडेलले बिना इजाजत जाहेरवालालाई वैदेशिक रोजगारमा पठाइदिन्छु भनी रकम लिई भाखा गरी भाखाबमोजिम वैदेशिक रोजगारीमा नपठाई रकमसमेत फिर्ता नगरेको देखिएबाट प्रतिवादीको उक्त कार्यबाट वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसुर स्थापित हुन आउने।

प्रतिवादी राजेन्द्रबहादुर पौडेलले वैदेशिक रोजगारको लागि इजाजत लिएको देखिँदैन र निजले यी जाहेरवालालाई लिखतबमोजिम वैदेशिक रोजगारीका लागि पठाउन सकेको पनि नदेखिएको र जाहेरवाला स्वदेशमै रहे भएको अवस्थालगायतबाट वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिमको कसुरमा निज प्रतिवादीलाई एक वर्ष छ महिना कैद सजाय र रू.१,५०,०००।– (एक लाख पचास हजार) जरिवाना एवम् जाहेरवालाको बिगोतर्फ दाबी नरहेकोले त्यसतर्फ केही बोलिरहनु परेन भनी भएको फैसला अन्यथा भन्न मिल्ने देखिएन। तसर्थ, प्रतिवादीको कसुर कार्य तथा तत्सम्बन्धी कानूनी व्यवस्था एवम् अभियोग माग दाबीसमेतका आधारमा प्रतिवादीलाई वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको सजाय मनासिब नै देखिँदा आरोपित कसुरबाट सफाइ पाउने प्रयोजनका लागि विपक्षी झिकाई पाउँ भन्ने पुनरावेदकतर्फका विद्वान् अधिवक्ताको बहस एवम् प्रतिवादी राजेन्द्रबहादुर पौडेलको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः उपर्युक्त विवेचित आधार, प्रमाणबाट प्रतिवादी राजेन्द्रबहादुर पौडेललाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ अनुसार एक वर्ष छ महिना कैद र रू.१,५०,०००।- (एक लाख पचास हजार रूपैयाँ) जरिवाना हुने, जाहेरवालाको बिगो सम्बन्धमा अभियोग मागदाबी नरहेकोले सो सम्बन्धमा नबोली वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको मिति २०७२।९।२७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कमलकान्त जोशी

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७४ साल चैत २७ गते रोज ३ शुभम्।

## इजलास नं. ६

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-CR-११३०, हातहतियार खरखजाना, *नेपाल सरकार वि. सुवास तामाङ*

प्रतिवादीले बरामद भएको बन्दुक विना इजाजतको रहेको भन्ने जानीजानी निजले सो बन्दुक आफूले राखेको वा प्रयोग गरेको नभई छिमेकीले घरमा पालेको बँदेल मार्ने प्रयोजनका लागि पदमबहादुर बलको घरमा भएको बन्दुक ल्याउन अह्राएकोले सो बन्दुक ल्याई दिएकोसम्म देखिन्छ। जाहेरवाला बलराम अधिकारीलाई यी प्रतिवादीसमेतले बन्दुकले हान्छु भनी हप्काई दप्काई गरेको भनी दिएको जाहेरीतर्फ हेर्दा जाहेरवालाले सो कुरा अदालतमा आई बकपत्र गरी आफ्नो जाहेरी बेहोरा प्रमाणित गरेको देखिँदैन। छिमेकी प्रतिवादी भरत ढुङ्गानाको घरबाट बरामद भएको बन्दुक एकघरबाट अर्को घरमा बँदेल मार्ने प्रयोजनको लागि ल्याइदिएको आधारमा यी प्रतिवादीले दाबीको कसुर गरेको ठहर गर्न मिल्ने नदेखिने।

फौजदारी कसुरमा कसुर प्रमाणित गर्ने भार वादी पक्षको हुन्छ। जाहेरी दरखास्त र अनुसन्धानको क्रममा व्यक्त भएका भनाइहरू सो कुरा व्यक्त गर्ने व्यक्तिहरू अदालतमा उपस्थित भई आफूले व्यक्त गरेको कुरा यथार्थ हो भनी बकपत्र नगरेसम्म त्यस्तो भनाइलाई प्रमाणमा ग्रहण गरी कसुरदार ठहर गर्न न्यायसम्मत नदेखिने।

अतः प्रतिवादी सुवास तामाङलाई हातहतियार खरखजाना (संशोधनसहित) ऐन, २०१९ को दफा ३(२) र ५(१) को कसुरमा सोही ऐनको दफा २०(२) बमोजिम ३ वर्ष कैद सजाय हुने ठहरी भएको सुरू जिल्ला प्रशासन कार्यालय, मकवानपुरको फैसला उल्टी गरी निजलाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याई पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७२।६।१९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : जगतबहादुर पौडेल
कम्प्युटर : प्रेमबहादुर थापा
इति संवत् २०७५ साल साउन २३ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७३-WO-१३३८, उत्प्रेषण / परमादेश, *कृष्णप्रसाद सञ्जेल वि. उच्च अदालत पाटन, हेटौंडा इजलास, मकवानपुरसमेत*

निवेदकलाई विपक्षी हरिसिद्धि जनरल अडर सप्लायर्सका सञ्चालक अध्यक्ष रमेश थापाले दिएको चेक अनादर भएउपर सो चेकको रकम भरिपाउँ भन्ने दाबी लिएको देखिन्छ। निवेदकले प्राप्त गरेको अनादर भएको चेकको रकमको कारोबारमा विपक्षी रमेश थापाको आमा चिनीदेवी थापाको संलग्नता रहेको र सो रकमको दायित्व निज चिनीदेवीसमेतले बेहोर्नुपर्ने भन्ने तथ्य निवेदनमा खुलाउन सकेको नदेखिने।

यी ऋणीबाहेक अन्य एकाघरको मुख्य व्यक्तिको संलग्नता र मन्जुरीमा भएको व्यवहारको दायित्व मात्र सगोलको सम्पत्तिबाट बेहोरिने देखिएकाले विपक्षीको आमा चिनीदेवीको नाउँमा दर्ता भएको जग्गामा यी वादीको हक सिर्जना भएको अवस्था नभएको र निवेदकले चेक अनादर मुद्दामा दाबी लिएको रकमको दायित्व चिनीदेवीले बेहोर्नु पर्ने कानूनी आधार निवेदकले उल्लेख गर्न नसकेको स्थितिमा निज चिनीदेवीको नाउँको जग्गा रोक्का नराख्ने गरी विपक्षी मकवानपुर जिल्ला अदालतबाट भएको आदेश सदर गरेको उच्च अदालत, पाटन, हेटौंडा इजलासको मिति

२०७४।२।२५ को आदेशमा कुनै त्रुटि नदेखिएकाले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः मिनबहादुर कुँवर

इति संवत् २०७५ साल भदौ १३ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७४-CR-०४०९, कर्तव्य ज्यान, *दानबहादुर दोङ्ग वि. नेपाल सरकार*

प्रतिवादीले अदालतमा बयान गर्दा मृतक मिश्रिलाल चौधरी र प्रतिवादी एउटै कोठामा बस्ने गरेका, मिति २०७१।६।१३ का दिनसमेत सँगै कोठामा बसेको, दुवैजनाले रक्सी खाएका, मृतकले मलाई मार्छु भनी हतियार लिएर ममाथि जाई लागेको हुँदा उक्त हतियार खोसेर निजको घाँटीमा ३ पटक हानेको हो। राति २ बजे उठी बनेपा हुँदै घरमा गई बसेकोमा पक्राउ गरेको हो भनी बयान गरेको पाइन्छ भने मौकामा बयान गर्दा सँगै बस्ने गरेकोले मृतक र म प्रतिवादीबीच कहिलेकाहीँ झगडा पनि हुन्थ्यो। मृतकलाई ३ पटक धारिलो हतियारले घाँटीमा हानी मारेको हुँ भनी बयान गरेको देखिन्छ। उल्लिखित बयान बेहोराबाट मृतकलाई धारिलो हतियारले पटकपटक प्रहार गरी कर्तव्य गरेको तथ्य प्रमाणित हुन आएको देखिने।

प्रतिवादीले धारिलो हतियारले ३ पटकसम्म मृतकको घाँटीमा प्रहार गरी घाँटी नै छिनाल्ने गरी प्रहार गरेको देखिँदा प्रतिवादीको सो कार्य ज्यानसम्बन्धीको १३(१) नं. ले परिभाषित गरेको कसुर पुष्टि हुन आउने।

आफूलाई मृतकले गर्न लागेको आक्रमणबाट बच्न आपसमा हुने संघर्ष र सोपश्चात् आफू बच्नको लागि गरिने प्रतिकार आफू बच्ने प्रयोजनसम्ममा सीमित हुनु पर्नेमा प्रस्तुत वारदातमा मृतकको घाँटीजस्तो संवेदनशील अङ्गमा पटकपटक प्रहार गरी घाँटीको अगाडिको भाग मात्र छिन्न बाँकी रहेको भन्ने देखिन्छ। लासको प्रकृति हेर्दा शरीरको आधा भाग मण्डी (ओढ्ने) र तन्नाले ढाकेको अवस्थामा रहेको भन्ने देखिएकोले मृतक र यी प्रतिवादीका बीच आपसमा झगडा भई बरामद भएको हतियारले एक अर्कालाई प्रहार गर्ने क्रममा मृतकलाई प्रतिवादीले प्रहार गरेको भन्ने प्रतिवादीको भनाइ स्वाभाविक देखिँदैन। यी पुनरावेदक प्रतिवादीले आफूसँगै बस्ने, काम गर्ने मृतकलाई निर्मम तरिकाले धारिलो हतियारले पटकपटक प्रहार गरी मृतकको साथमा रहेको रकमसमेत लिई भागेको अवस्था रहेकाले प्रस्तुत वारदात रिसको आवेगमा आई घट्न गएको भन्ने आधारमा प्रतिवादीलाई ऐनबमोजिम हुने सजायमा घटी गर्नुपर्ने अवस्था देखिन नआउने।

तसर्थ, प्रतिवादी राजु तामाङ भन्ने दानबहादुर दोङलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १ र १३(१) नं. को कसुरमा सोही ऐनको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई सुरू ललितपुर जिल्ला अदालतबाट मिति २०७१।८।९ मा भएको फैसला सदर गरी मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम व्यक्त गरेको रायमा सहमत नभएको भन्ने उच्च अदालत, पाटनबाट भएको फैसला अन्यथा नदेखिने।

अतः पुनरावेदन अदालतबाट प्रतिवादी राजु तामाङ भन्ने दानबहादुर दोङलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १ र १३(१) नं. को कसुरमा सोही ऐनको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : जयराम श्रेष्ठ

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७४ साल चैत १ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७४-CR-०८१८, जबरजस्ती

करणी, *नेपाल सरकार वि. अमित तामाङसमेत*

पीडितको स्वास्थ्य परीक्षण गर्ने डक्टर उषा श्रेष्ठले गरेको बकपत्रमा, पीडितको पुरानो कन्याजाली च्यातिएको थियो, डाम, घाउ, चोटपटक केही थिएन । पीडित रक्सीका नशामा थिइन् । पुरानो कन्याजाली च्यातिएको एक हप्ताअगाडि जहिले पनि हुन सक्छ भनी लेखाएको देखिन्छ । पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट निजको पुरानो कन्याजाली च्यातिएको भन्नेसम्म देखिएको सोबाहेक पीडितको गुप्ताङ्गमा अन्य घा चोटसमेत नरहेकोबाट जबरजस्ती करणीको चिह्न नदेखिएको र प्रतिवादीहरूको समेत स्वास्थ्य परीक्षण भएकोमा जबरजस्ती करणीका चिह्न निजहरूको यौनाङ्गमा रहेकोसमेत देखिएन । प्रतिवादीहरू चार व्यक्तिले पीडितलाई जबरजस्ती करणी गरेको भए पीडितको यौनाङ्गको अवस्था परीक्षण प्रतिवेदनले देखाएजस्तो सामान्य देखिने थिएन । पीडितको स्वास्थ्य परीक्षण गर्ने डक्टर उषा श्रेष्ठको बकपत्रबाट समेत पीडितलाई जबरजस्ती करणी गरेको भन्ने समर्थित भएको नदेखिने ।

पीडित स्वयम्ले गरेको बकपत्रबाट निजलाई प्रतिवादीहरूले जबरजस्ती करणी गरेका छैनन्, निजहरूले सफाइ पाउनुपर्छ भनी लेखाएकी छिन् । चश्मदित भनिएकी उषा परियारले समेत प्रतिवादीहरूले जाहेरवालीलाई जबरजस्ती करणी गरेको होइन भनी बकपत्र गरेकोबाट अभियोग दाबी स्थापित हुन सकेको नदेखिने ।

वारदातस्थलबाट बरामद भएको भनिएको टोपी, रूमाल, पाइन्ट, कट्टुसमेतका सामान प्रतिवादीहरूले आफ्नो हो भनी सनाखत गरेको देखिँदैन । बरामद भएका सामानहरू यिनै प्रतिवादीहरूको हो भन्ने कुनै ठोस र वस्तुगत प्रमाण वादी पक्षले प्रस्तुत गर्न नसकेको अवस्थामा यस स्थितिमा ती सामान यिनै प्रतिवादीका हुन् भन्न मिल्ने देखिएन । अदालतसमक्ष प्रस्तुत भएका वादी पक्षका साक्षी प्रमाणहरूबाट प्रतिवादीहरूले आरोपित कसुर गरेको भन्ने पुष्टि हुन सकेको पाइएन । जाहेरी दरखास्त एवम् अनुसन्धानको क्रममा भएको प्रतिवादीको बयानलाई पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन र डक्टरको बकपत्रसमेतबाट समर्थित हुन सकेको छैन । जाहेरी दरखास्तलाई निजै जाहेरवालीको बकपत्रले समर्थन गरेको नदेखिएको स्थितिमा प्रतिवादीहरूउपरको आरोपित कसुर स्थापित हुन सकेको नदेखिने ।

प्रमाण ऐन, २०३१ को दफा १८ मा तहकिकात वा जाँचबुझको सिलसिलामा तयार भएका लिखतमा उल्लेख भएको कुनै कुरा सो कुरा व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भई बयान गरेमा प्रमाण लिन हुन्छ भन्ने कानूनी व्यवस्था रहेको र सोही ऐनको दफा ८ मा दफा ३ बमोजिम मुद्दामा प्रमाण बुझ्दा यस परिच्छेदबमोजिम प्रमाणमा लिन हुने कुराहरू र साक्षीले अदालतसमक्ष बकेका अन्य कुराहरू मात्र प्रमाणमा लिन हुन्छ  भन्ने कानूनी प्रावधान रहेको परिप्रेक्ष्यमा अनुसन्धानको क्रममा भएका कागजमा उल्लेख भएका कुरा सो कुरा व्यक्त गर्ने व्यक्तिले अदालतमा स्वीकार गरी बकपत्र नगरेमा त्यस्तो कागजमा उल्लेख भएको बेहोरालाई शङ्कारहित प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने हुँदैन । अनुसन्धानका क्रममा बुझिएका वादीका साक्षी गवाहले अदालतमा बकपत्र गर्दा प्रतिवादीहरूलाई कसुरदार हुन्, निजहरूले दाबीको कसुर गरेको हो नभनी प्रतिवादीहरू निर्दोष हुन् भनी बकपत्र गरेकोले अनुसन्धानमा तयार गरेको कागजको आधारमा प्रतिवादीहरूलाई कसुरदार कायम गरी सजाय गर्न कानून एवम् न्यायसम्मत हुने नदेखिँदा आरोपित कसुरबाट प्रतिवादीहरूलाई सफाइ

दिनेसमेत ठहऱ्याएको सुरू अदालतको फैसला सदर गर्ने गरेको उच्च अदालत, पाटनको फैसला अन्यथा नदेखिने।

अतः विवेचित आधार प्रमाणबाट प्रतिवादीहरूउपरको अभियोग दाबी पुग्न नसक्ने भई प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७१।११।१८।२ को फैसला सदर गर्ने गरेको उच्च अदालत, पाटनको मिति २०७३।१२।११ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : जयराम श्रेष्ठ

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७५ साल भदौ ८ गते रोज ६ शुभम्।

५

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या. श्री पुरूषोत्तम भण्डारी,** ०७५-WH-००३६, बन्दीप्रत्यक्षीकरण, *नेत्रकाजी शाक्य वि. मेनका शाक्य*

आफ्नो काठमाडौं म.न.पा. वडा नं.१० बानेश्वर बुद्धनगरमा रहेको घरमा नानीमैजु शाक्य जीवनभर आफूसँग नै रहेकोमा मिति २०७५।२।९ गते मात्रै आफूले मेनका शाक्यकोमा पुऱ्याई दिएको थिएँ र सोपश्चात् गैरकानूनी रूपमा भाडाको कोठामा ताला लगाई बन्धक बनाई राख्ने, कागज बनाई मुद्दा राख्ने, खानपिन हिँड्डुल र भेटघाट गर्न बन्देज गर्नेजस्ता अमानवीय कार्य गरेको भन्ने निवेदकको निवेदन दाबी रहेको देखिए पनि नानीमैजु शाक्य आफैँ इजलासमा उपस्थित भई इजलाससमक्ष पेस गरेको वृद्धभत्ताका निमित्त प्राप्त प्र.प.नं.३४८ को जेष्ठ नागरिक परिचयपत्र, मतदाता नम्बर १९८१०२१४ को मतदाता परिचय पत्र र ना.प्र.नं.२७०१७५०४१४९ को नेपाली नागरिकताको प्रमाणपत्रमा निजको स्थायी वतन काठमाडौं म.न.पा. वडा नं.२३ भनी उल्लेख गर्नु भएको र निजको माइती घर काठमाडौं म.न.पा. वडा नं.२३ मा रहेको भन्ने देखिएकोले निज नानीमैजु शाक्य धेरै अघिदेखि आफ्नो माइती घर काठमाडौं म.न.पा.वडा नं.२३ मा रहनु बस्नु भएको भन्ने कुरा पुष्टि भएको देखिन आउने।

विपक्षी मेनुका शाक्यको साथमा इजलाससमक्ष उपस्थित हुनु भएकी वृद्ध नानीमैजु शाक्य नेवारी भाषा बोल्ने र सोधिएको कुराको सहज जवाफ दिनसक्नु हुने देखिएकोले इजलासबाट अदालतकै नेवारी भाषा बुझ्ने कर्मचारीमार्फत उहाँलाई नेवारी भाषामा सोधपुछ गर्दा आफू धेरै पहिलादेखि माइतमा दाजु छत्रमान सिंह शाक्यसँग बस्ने गरेको र निजको मृत्यु भएपश्चात् भाउजु विमला शाक्य र भदै मेनुका शाक्यसँग बस्ने गरेको छु। मलाई राम्रोसँग इज्जत आमदअनुसार खानलाउन दिएको र औषधोपचारसमेत गरेको हुनाले म माइतमा नै बस्छु। मलाई औषधोपचार गर्नसमेत धेरै खर्च लाग्ने भएको र मैले रिट निवेदकसमेतका घर परिवारबाट अंशसमेत नपाएकोले निजहरू विरूद्ध अंश मुद्दा दिएकी हुँ। मलाई मेनुका शाक्यसमेतले बन्दी स्वरूप व्यवहार गरेका छैनन् भनी व्यक्त गरेकाले निज नानीमैजु शाक्यको नेपालको संविधानको धारा १६, १७, १८, ४१ तथा जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा ३, ४ एवम् मुलुकी देवानी (संहिता) ऐन, २०७४ को दफा ११, १७, २०, २४ ले प्रत्याभूत गरेका संवैधानिक एवम् कानूनी अधिकारहरू हनन् भएको नदेखिएको र निज नानीमैजु शाक्य स्वेच्छाले विपक्षीको साथमा बसी आएको देखिएकोले निवेदकको निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्था देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: नारदप्रसाद भट्टराई

कम्प्युटर: विनोदकुमार बानिया

इति संवत् २०७५ साल असोज ४ गते रोज ५ शुभम्।

## इजलास नं. ७

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६८-CR-०५७३ र ०६९-CR-०४८५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सफिक महमद खानसमेत र सफिक महमद खान वि. नेपाल सरकार*

प्र.साफिक महमदले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा आफू मृतक मिर्जा दिलसाद वेगसँग केही वर्ष अगाडिदेखि तस्करी कार्यमा संलग्न भएको, यसै क्रममा सन् १९७७ मा बम्बैमा लागु औषध मुद्दामा पक्राउ परी जमानतमा छुटेको प्रसङ्ग उल्लेख गर्दै यसबीच मृतक मिर्जा दिलसाद वेगसँग मनमुटाव भएबाट प्रतिवादीमध्येका बब्लु श्रीवास्तवको सम्पर्कमा पुगेको तथ्य स्वीकार गरेको देखियो। यसरी हत्या कार्यमा संलग्न भनिएका प्रतिवादीहरू लल्ला, राजेश एवम् बब्लु श्रीवास्तवसमेतसँग निकटतम सम्बन्ध राखी आपराधिक कार्यमा संलग्न हुने गरेका यी प्रतिवादी सफिक महमद खान ज्यान मार्ने कार्यको मतलबमा रहेको तथ्य पुष्टि हुन आयो। ज्यान मार्नका निमित्त वचन दिएको वा वारदात भइरहेको ठाउँमा गई मार्नलाई संयोग पारिदिएको वा मर्नेको जिउमा हात हालेको, पक्रेको, समातेको आदि कुनै कार्यमा संलग्नता थियो भनी अभियोग दाबीमा किटानी उल्लेख भएको देखिएन। घटनाक्रम विवरणले निज सफिक महमद ज्यान मार्ने कार्यको मतलबमा सम्म पसेको देखियो। तसर्थ प्र.सफिक महमद खानलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम ३(तीन) वर्ष कैदको सजाय हुने ठहर गरेको पुनरावेदन अदालतको मिति २०६४।९।३ को फैसला मनासिब देखिन आयो। ऐ. महलको १३(४) नं. बमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने नदेखिने।

प्रतिवादी सुरेन्द्रकुमार भण्डारीको बयानलगायत मिसिल संलग्न प्रमाण कागजहरूबाट निज प्रतिवादी सुरेन्द्रकुमार भण्डारीले महेन्द्रनगरबाट कृष्णनगर (कपिलवस्तु) आई हत्या कार्यमा संलग्न व्यक्तिहरूलाई लिई काठमाडौं आएको देखिन्छ। मिर्जादिल सादवेगको हत्या हुनुभन्दा ३ दिनअगाडि काठमाडौं आएको र हत्यापश्चात् प्रतिवादीमध्येका १ जना भारतीय नागरिकलाई लिई काठमाडौंबाहिर गएकोसम्म देखिन्छ। सोभन्दा बढी अर्थात् निज प्रतिवादी सुरेन्द्रकुमार भण्डारीले ज्यान मार्ने कार्यमा मुख्य भई षड्यन्त्र गर्ने वा त्यस्तो काम गर्न लगाउने ज्यानसम्बन्धी महलको १६ नं. बमोजिमको कसुर गरेको तथ्य प्रमाणित हुन आएको पाइएन। तसर्थ, ज्यानसम्बन्धीको १६ नं. तर्फको दाबी पुग्ने नदेखिने।

प्रतिवादीहरू पुष्पराज गौतम र सतिश गौतमले अधिकारप्राप्त अधिकारी र अदालतसमक्षमा समेत कसुर अपराधमा इन्कार रही बयान गरेको पाइन्छ। प्रतिवादीमध्येको सन्देश शर्मा काठमाडौं आउँदा यी प्रतिवादीको घर (ससुराली घर) मा बस्नु र Communication Centre बाट फोन हुनु जस्ता कुरालाई हेरेर वादी पक्षले उक्त अभिव्यक्तिलाई मिसिल संलग्न प्रमाणबाट प्रस्ट गर्न नसकेको अवस्थामा सम्बन्धित व्यक्तिसँग बस्न आएको कारणलाई अनुमान गरी कसुर ठहर गर्नु न्यायिक मान्यताविपरीत हुने।

ज्यानसम्बन्धी महलको १६ नं. बमोजिम सजायको ठहर गर्न मुख्य अभियुक्तलाई सहयोग गरेको कुरा मिसिल संलग्न प्रमाणबाट प्रमाणित भएको र त्यस्तो प्रमाण एकआपसमा कसुर गर्दा गरेका प्रत्येक कार्यहरू आपसमा क्रम नटुटी पुष्टि भएको

हुनुपर्दछ । प्रस्तुत मुद्दा सो कुराले वादीको दाबी प्रमाणित गर्न सकेको नदेखिँदा त्यस्तो क्रम टुटेको प्रमाणलाई प्रमाणमा लिन मिल्दैन । मिर्जा दिलसाद वेगको ज्यान लिने कार्य भएपछि प्रतिवादीमध्येको सतिश र पुष्पराज गौतमले सो कुरा थाहा पाई जाहेर नगरेको सन्दर्भमा सजाय हुने हो कि भन्नलाई पनि मुलुकी ऐन, ज्यानसम्बन्धी महलको २४ नं. ले ज्वाई नाताका मानिसलाई भगाएकै अवस्थामा पनि खतवात लाग्न नसक्ने भएको हुँदा ऐ.को २५ नं. बमोजिमको दाबीसमेत पुग्ने अवस्था नरहने।

नेपाल सरकारको पुनरावेदन जिकिरलाई समष्टिमा हेर्दा अपराधको प्रकृतिबाट गम्भीर अपराध भएको भनी उल्लेख गरेपनि वा अपराधको प्रकृति अत्यन्त गम्भीर देखिएपनि सोअनुसारको वैज्ञानिक र भौतिक प्रमाण बुझी अनुसन्धान हुन सकेको देखिएन । अभियोजन पक्षले माथि उल्लेख गरिएको पुनरावेदक प्रतिवादीहरूका विषयमा दाबी लिँदा अभियोगपत्रलाई प्रमाणित गर्ने त्यस किसिमका आरोपहरू सम्बन्धमा तथ्ययुक्त वस्तुनिष्ठ प्रमाण पेस गर्न सकेको पाइएन । हालसम्म पनि अनुसन्धानको क्रममा जे जति पक्राउ परे त्यसपछि फरार रहेका अभियुक्तको गहनरूपमा खोजबिन गरेको वा थप कोही पक्राउ परेको भन्ने यस मुद्दाको मिसिलबाट देखिन आएको छैन । यस किसिमको गम्भीर आपराधिक घटनामा सरकारी पक्षको यस किसिमको उदासीनताले "अपराधीलाई सजाय गरी पीडितलाई न्याय प्रदान गर्ने" फौजदारी न्याय अभिष्ट पूरा हुन सक्ने नदेखिने।

फौजदारी घटनामा अनुसन्धानसमेत अत्यन्त गहन भूमिका राख्दछ । कुनै पनि अपराधी नछुटोस् तथा कोही निरपराधी दण्डको भागी हुनु नपरोस् भन्ने भावना र प्रतिबद्धता अनुसन्धानकर्तामा हुनु आवश्यक छ। अनुसन्धानमा वस्तुनिष्ठ प्रमाणको अभाव हुँदाहुँदै पनि अदालतसमक्ष अभियोगपत्र दायर गर्ने र अदालतबाट प्रमाणको अभाव नै आरोपित प्रतिवादीहरूलाई अभियोजन पक्षको मागबमोजिम नै सजाय हुनुपर्छ भन्ने आशा गर्नु न्यायको रोहमा उचित नहुने।

फौजदारी अभियोग लगाउँदा प्रमाण, तथ्यहरू एवम् मालाकार कडीको जोडिएको परिस्थितिजन्य प्रमाणको आवश्यकता हुन्छ । अन्य प्रतिवादीलाई चिनेको वा नाता परेको वा भविष्यका आपराधिक घटनाको जानकारी नभएको अवस्थामा कुनै प्रकृतिबाट अन्य सामान्य तथा व्यावहारिक कारणबाट सम्पर्कमा रहेको व्यक्तिलाई सोही कारणले मात्र मुद्दामा सम्मिलित गराउनु न्यायोचित हुँदैन । यस प्रकृतिका हलुका अनुसन्धानले न्याय व्यवस्थामाथिको आस्था विश्वासमा प्रश्न उठ्ने सम्भावना रहने हुँदा अभियोजन पक्ष सदैव चनाखो रहनुपर्ने।

अपराध हुनमा, घट्नमा तथा परिपञ्च मिलाउने कार्यमा संलग्नता देखिएको प्रतिवादीहरूका हकमा प्राप्त पुष्टि हुने कसुरको मागअनुसार सजाय गर्नुपर्ने हुँदा के कुन प्रमाणबाट कुन आरोपित व्यक्तिउपर कस्तो सजाय निर्धारण हुन्छ र को कुन आरोपित व्यक्तिले सफाइ पाउँछ भन्ने विषयमा अदालत, सदैव चनाखो रहनुपर्ने।

अतः माथि उल्लेख भएबमोजिम प्रतिवादी सफिक महमद खान र सुरेन्द्रकुमार भण्डारीको हकमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम क्रमश: तीन वर्ष र दुई वर्ष कैद हुने ठहर गरेको तथा प्रतिवादी पुष्पराज गौतम र सतिश गौतमलाई सफाइ दिने ठहर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६७।२।२४ को फैसला मिलेकै हुँदा सदर

हुने।

इजलास अधिकृत: महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल माघ १५ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-CR-११८१ र ०७२-CR-१७०९, लागु औषध (अफिम), *टंकबहादुर राउत वि. नेपाल सरकार र नेपाल सरकार वि. रामेश्वर महतो नुनियासमेत*

प्रतिवादीहरूले सुरू अदालतमा बयान गर्दा कसुर गरेकोमा इन्कार रहेपनि २०७०।१२।१० का दिन अन्दाजी ४ बजेको समयमा प्रहरीहरू आई हल्ला सुनेकाले सो स्थानमा जाँदा प्रहरीले हामीहरूलाई बोलाई यो अफिम खेती तिमीहरूले गरेका हौं भनी टंकबहादुर राउतको अफिम खेतीनजिक फोटो खिची हामीलाई पक्राउ गरी ल्याएको हो भनी उल्लेख गरेबाट कसुरमा केही न केही रूपमा संलग्न रहेको भन्ने देखिन्छ । यसरी सुरू अदालतमा गरेको इन्कारी बयानलाई समर्थन हुने कुनै प्रमाण यी प्रतिवादीहरूका तर्फबाट पेस दाखिल हुन नसकेको अवस्थामा केवल निजहरूले हामीहरू बेसार खेतीमा काम गर्ने मजदुर भई बेसार खेतीमा नै काम गरी रहेको र अफिम खेती गर्ने कार्यमा संलग्न नरहेको भन्ने कुरा मिसिल प्रमाणबाट खम्बिर हुन सक्ने नदेखिने।

प्रतिवादीहरू अफिम खेतीमा काम गर्दा गर्दैको अवस्थामा पक्राउमा परेको भन्ने सम्मको अवस्था देखिएको छ । तर निजहरूको अफिमको तयारी, सञ्चय, बिक्री वितरण जस्ता कार्यहरूमा संलग्नता रहेको भन्ने कुरा मिसिल प्रमाणबाट देखिँदैन। बरामद भएको लागु औषध अफिमलगायतका सामग्रीहरू प्रतिवादी टंकबहादुर राउतको घरबाट बरामद भएको अवस्था छ । यी प्रतिवादीहरूको घर डेरामा भएको खानतलासीबाट कुनै पनि लागु औषध बरामद भएको भन्ने देखिएको छैन। बरामद भएको लागु औषध रहेको प्रतिवादी टंकबहादुर राउतको घरमा यी प्रतिवादीहरूको उपस्थिति रहेको अवस्था पनि छैन। यसरी ठोस प्रमाणको अभावमा प्रतिवादीहरू रामेश्वर महतो, भोट महतो, सोनालाल महतो, प्रल्हाद महतो र प्रभु महतोलाई अभियोग दाबीबमोजिम लागु औषध तयारी, सञ्चय बिक्री वितरणको कारोबारमा संलग्नता रहेको भनी सुरू जिल्ला अदालतले गरेको फैसला नमिलेको भनी निजहरूलाई कसुरको मात्राअनुसार केवल अफिमको खेती गरेको कसुरमा सम्म सजाय गर्ने गरेको पुनरावेदन अदालत, राजविराजको फैसलालाई अन्यथा गर्नुपर्ने देखिएन । प्रतिवादीहरूलाई लागु औषधको तयारी, सञ्चय, बिक्री वितरण र कारोबारमा अभियोग दाबीअनुसार सजाय होस् भनी लिएको वादी नेपाल सरकारको पुनरावेदन एवम् बहस जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी टंकबहादुर राउतले मौकामा तथा सुरू अदालतमा बयान गर्दासमेत आफूले खेती गर्न दिएको भनी कसुर गरेकोमा इन्कारी बयान गरेको भए तापनि यी प्रतिवादीको जग्गामा अफिम खेती गरेको भन्ने मौकामा खिचिएका फोटोहरू, सहप्रतिवादी रामेश्वर महतोसमेतका जना ५ ले अफिम खेती लगाएको जग्गा यिनै प्रतिवादीको हो भनी मौकामा एवम् सुरू अदालतसमक्ष गरेको बयानसमेतबाट झुट्ठो रहेको देखिन्छ। सर्लाही घर बताउने मियाँ भन्ने व्यक्तिलाई रू.१०,०००।- मा ठेक्का दिएको भनेपनि उक्त ठेक्काको सम्झौतापत्र वा कागज केही पेस गर्न सकेको मिसिलबाट देखिएन। ठेक्का सम्झौताअनुरूप जग्गा भाडामा लिने व्यक्तिको यकिन वतनसमेत खुलाउन सकेको अवस्था छैन। वारदात भएको करिब ५१/२

महिनापश्चात् सुरू अदालतसमक्ष ठेक्का सम्झौतापत्रको प्रतिलिपिसम्म पेस गरेको देखिन्छ । आफूले मौकामा बयान गर्दाकै अवस्थामा बयानसाथ पेस गर्नुपर्ने प्रमाण वारदात मितिभन्दा निकै ढिलो गरी पेस गरेबाट उक्त सम्झौतापत्र प्रमाण ऐन, २०३१ अनुसार प्रमाणमा ग्राह्य हुनसक्ने अवस्थाको देखिन आएन । अफिम खेती गरिएको जग्गा यी प्रतिवादीको रहेको कुरा निज स्वयम्ले स्वीकार गरेको र त्यसमा अफिम खेती गरिएको कुरा सहप्रतिवादीहरूको वारदातस्थलमै मौकामा खिचिएका मिसिल संलग्न फोटोहरूबाट प्रस्ट भइरहेको अवस्थामा उक्त जग्गामा यी प्रतिवादी टंकबहादुर राउतले नै अफिम खेती गरेको भन्ने कुरा निर्विवाद पुष्टि हुन आउने ।

बरामद लागु औषधसमेतका अफिम तयार पार्ने सामानहरू टंकबहादुर राउतकै घरबाट बरामद भएका हुन् भन्ने कुरा निजको मौकाको बयान तथा सहप्रतिवादीहरूको बयानसमेतबाट देखिएको छ । आफूले उक्त घर भाडामा दिएको भनी बयान गरे तापनि घर भाडाको सम्झौता वा अन्य कागज प्रमाण पेस गरी सोको पुष्टि हुन सकेको देखिँदैन । यस अवस्थामा निजको घरबाट बरामद भएको लागु औषध अफिम र सोको तयारीका लागि राखिएका सामाग्री तथा बिक्री वितरण काममा प्रयोग हुने बरामद ढक तराजुलगायतका सामानहरूबाट निजले आफ्नो खेतमा अफिम खेती गर्ने तथा उक्त अफिमलाई घरमा ल्याई तयार गरी बिक्री वितरण गर्ने गरेको भन्ने कुरा सिलसिलाबद्ध रूपबाट पुष्टि भइरहेको देखिने ।

प्रतिवादी टंकबहादुर राउतको घरबाट तयारी अफिम, अफिमको बीउको दाना र अफिम तयार पार्न प्रयोग हुने बाँसको दाबिलो र लागु औषध बिक्री वितरणमा प्रयोग हुने ढक तराजुलगायतका अपराधसँग सम्बन्धित समानहरू बरामद भएको देखिँदा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १८ र १८(क) बमोजिम घर जफत गर्ने गरी भएको फैसला मिलेकै देखिने ।

अत: उल्लिखित आधार कारणहरूबाट सुरू उदयपुर जिल्ला अदालतबाट मिति २०७१।८।१५ मा भएको फैसला केही उल्टी भई प्रतिवादी टंकबहादुर राउतलाई लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १४(१)(च)(२) बमोजिम ४ वर्ष कैद र रू. ५०,०००।- जरिवाना र सोही ऐनको १४(१)(छ)(३) बमोजिम १५ वर्ष कैद र रू. पाँच लाख जरिवानासमेत जम्मा कैद वर्ष १९ हुनेमा यी प्रतिवादी ७३ वर्ष पूरा भएको देखिँदा जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२(१)(ख) बमोजिम हुने ठहर भएको कैद सजायको आधा ९ वर्ष ६ महिना छुट दिई बाँकी ९ वर्ष ६ महिना कैद र रू.५,५०,०००।- जरिवानासमेत हुने तथा अन्य प्रतिवादीहरूले लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १४(१)(च)(२) अनुसार जनही ४ वर्ष कैद र जनही रू.५०,०००।- जरिवाना गर्नेसमेत गरी भएको पुनरावेदन अदालत, राजविराजको मिति २०७२।४।२५ को फैसला मिलेकै देखिने ।

पुनरावेदक टंकबहादुर राउतले हाल मेरो उमेर ७५ वर्ष नाघिसकेकोले जेष्ठ नागरिक ऐन, २०६३ को दफा १२(१)(ग) बमोजिम सजायमा छुट पाउँ भनी यी प्रतिवादी पुनरावेदकले यस अदालतसमक्ष दिएको पुनरावेदनमा जिकिर लिएकोमा जेष्ठ नागरिक ऐन, २०६३ को दफा १२(१)(ग) बमोजिम सजायमा छुट पाउँ भनी व्यवस्थालाई हेर्दा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारवादी भई चलेको कुनै मुद्दामा कैद सजाय पाई कैद भोगिरहेको ज्येष्ठ नागरिकलाई निजको उमेर र कसुरको अवस्था हेरी कैद छुट दिन सकिने भन्ने कानूनी व्यवस्था भएको देखिन्छ । त्यसैगरी नेपालको संविधानको धारा ४१

मा जेष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ भन्ने संवैधानिक व्यवस्था रहेको पाइन्छ । सुरू मिसिल संलग्न रहेको निजको नाउँको नागरिकताको प्रतिलिपिमा निजको उमेर नागरिकता लिँदाका मिति २०४७।१२।२१ मा ४९ वर्ष उल्लेख भएकोले निज मिति २०७३।१२।२० मा ७५ वर्ष पुगी सकेको भन्ने देखिँदा निजलाई जेष्ठ नागरिक ऐन, २०६३ को दफा १२(१)(ग) बमोजिम ठहर भएको कैद सजायको ७५ प्रतिशत छुट दिई पुनरावेदन अदालतबाट भएको कैद वर्ष १९ को ७५ प्रतिशतले हुने कैद वर्ष १४ वर्ष ३ महिना छुट दिई बाँकी हुन आउने ४ वर्ष ९ महिना कैद हुने र रू.५,५०,०००।– जरिवानासमेत हुने ।

इजलास अधिकृत: जगदीशप्रसाद भट्ट

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७४ साल पुस २४ गते रोज २ शुभम् ।

## इजलास नं. ८

१

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६८-CI-११६०, निषेधाज्ञा, *विनोद लामा वि. सुमन मोक्तानसमेत*

विशेष ऐनको रूपमा रहेको वैदेशिक रोजगार ऐन, २०६४ बमोजिम उजुरी लिई सो ऐनअन्तर्गत निवेदकलाई कुनै कारबाही गर्न नपाउने गरी अन्तरिम आदेशले रोक लगाएको देखिँदैन । लेनदेनको कागजमा जमानी बसेको विषयमा निवेदकलाई पक्राउ नगर्नु नगराउनु भनी दिइएको अन्तरिम आदेशकै आधारमा अन्य कुनै पनि कानूनविपरीतको कार्यको सम्बन्धमा निवेदकलाई कारबाही गर्न नसकिने भन्ने देखिँदैन । सुविधा र सन्तुलनको दृष्टिकोणबाट जमानी बसेको विषयमा निवेदकलाई पक्राउ नगर्नु नगराउनु भनी अन्तरिम आदेश जारी भएकै आधारमा स्थायी निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने भनी मान्न मिल्नेसमेत नदेखिँदा निवेदकको उक्त पुनरावेदन जिकिर स्वीकार्य नदेखिने ।

अतः उल्लिखित आधार कारणसमेतबाट मिति २०६७।११।१० मा जारी भएको अन्तरिम आदेश निष्क्रिय गरी निवेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०६८।५।२१ को आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः उदवीर नेपाली

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल कात्तिक १४ गते ३ रोज शुभम् ।

- यसै लगाउको ०६८-CR-११६१, निषेधाज्ञा, *विनोद लामा वि. सुमन मोक्तानसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

२

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७०-CI-०९८६, निर्णय बदर हक कायम, *नाथु केवट वि. जवाहरलाल केवट*

वस्तुत आमा भुल्टी केवटले यी पुनरावेदकसमेत उपर अंश पाउँ भनी मुद्दा दिई अंश छुट्टयाई पाउने ठहरी अन्तिम फैसला भई बन्डा छुट्टयाई फैसला कार्यान्वयनसमेत भएको देखियो । यसबाट पुनरावेदक वादी आफ्नो आमा र प्रत्यर्थी प्रतिवादी जवाहरलाल केवटसँग छुट्टी भिन्न भइसकेको देखियो । यसरी पुनरावेदक वादीउपर अंश दिलाई पाउँ भनी आमाले मुद्दा दिनुपर्ने परिस्थिति सृजना भएको र अदालतको फैसलाबाट अंश छुट्टी भिन्न भइसकेको पुनरावेदक वादीले आमालाई लालन पालन स्याहार सुसार गरे होलान् भनी विश्वास गर्न सकिने अवस्था

नदेखिने।

बन्डा छुट्ट्याई सकेपश्चात् दाजुहरू छुट्टी भिन्न भई अलग बसेका र आमा भुल्टी केवटले छोरा जवाहरलाल केवटसँग सगोलमा आफ्नो अंश मिसाई सँगै रहे बसेको अवस्थामा २०५६।११।१३ मा आमा भुल्टी केवटको मृत्यु भएको हुँदा निजका नाममा रहेको जग्गा सगोलमा रहेका यी जवाहरलाल केवटले सगोलमा रहेको नाताले नामसारीका लागि मालपोत कार्यालय, नवलपरासीमा दरखास्त दिई सोबमोजिम मालपोत कार्यालय नवलपरासीबाट मिति २०५७।०३।१८ मा नामसारी गर्ने गरेको निर्णय मुलुकी ऐन, अपुतालीको महलको ६ नं. बमोजिम भए गरेको देखिँदा तत्कालीन पुनरावेदन अदालत, बुटवलको मिति २०७०।०१।१६ को फैसला अन्यथा भन्न मिल्ने नदेखिने।

तसर्थ, माथि विवेचित आधार एवम् कारणहरूबाट वादी दाबीबमोजिम ३ भागको १ भागमा वादीको हक कायम हुने ठहऱ्याई सुरू नवलपरासी जिल्ला अदालतबाट मिति २०६९।०२।२८ मा भएको फैसला उल्टी गरी बादीको फिराद दाबी पुग्न नसक्ने ठहऱ्याएको तत्कालीन पुनरावेदन अदालत, बुटवलको मिति २०७०।०१।१६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विदुरकुमार उपाध्याय
कम्प्युटर: संजय जैसवाल
इति संवत् २०७३ साल चैत ८ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०६७-CI-०९९४, सार्वजनिक साझा चोक मिची बनाएको घरटप पर्खाल पिलर भत्काई चलनसमेत चलाई पाऊँ, *सानुबहादुर प्रधान वि. उर्मिला श्रेष्ठ*

जग्गाको फिल्डबुक हेर्दा जग्गाधनी महलमा चोक भनी जनिएको देखिँदा सो जग्गा नापीकै अवस्थामा चोक रहेको भन्ने देखिन्छ । सो जग्गा प्रतिवादीले पुनरावेदनपत्रमा जिकिर लिएअनुरूप पुनरावेदकसमेतको निजी चोक हो भनी मान्न मिल्ने कुनै प्रमाण पेस गर्न सकेको देखिँदैन । दर्ता स्रेस्ता एवम् हक भोगको प्रमाणको अभावमा मौखिक भनाइकै आधारमा कुनै जग्गा कसैको निजी हक भोगको रहेछ भनी मान्न मिल्ने देखिएन। विद्यमान प्रमाणबाट उक्त जग्गा सार्वजनिक चोकको रहेको देखिँदा आफूसमेतको निजी चोक हो भन्ने प्रतिवादीको पुनरावेदन जिकिर स्वीकार्य देखिन नआउने।

आदेशानुसार भई आएको नक्सा मुचुल्काको न.नं. ७ मा जनिएको जग्गा कित्ता नं. ६६६ को चोकभित्रकै देखिन आएको छ। कित्ता नं. ६६६ को चोकअन्तर्गत रहेको न.नं. ७ को जग्गाभित्र पर्ने गरी प्रतिवादीले संरचना निर्माण गरेको भन्ने वादीको दाबी रहे पनि भई आएको उक्त नक्सा मुचुल्काबाट सो तथ्य स्थापित भएको नदेखिने।

भई आएको नक्सा मुचुल्काबाट न.नं. ७ को विवादित जग्गा कित्ता नं. ६६६ को चोकअन्तर्गत रहेको देखिएको, उक्त कित्ता नं. ६६६ को जग्गा पुनरावेदक प्रतिवादीसमेतको हक दर्ताको भन्ने नदेखिएको अवस्थामा उक्त कित्ता नं. ६६६ को जग्गामा प्रतिवादीले विवाद उठाएको देखिँदा सो न.नं. ७ को विवादित जग्गामा प्रतिवादीले खिचोलासम्म गरेको अवस्था विद्यमान रहेको देखियो । सो विवादित न.नं. ७ मा कुनै घर निर्माण नै भएको भन्ने नदेखिएकोले प्रतिवादीको घर भत्काई दिनुपर्ने प्रयोजन नदेखिने।

अतः उल्लिखित विवेचित आधार कारणबाट विवादित न.नं. ७ मा घर निर्माणको संरचना नदेखिएको अवस्थामा घर भत्काई दिनुपर्ने प्रयोजन नै नहुने भएकोले

घर भत्काई दिने ठहऱ्याएको हदसम्मको सुरू फैसला केही उल्टी गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६६।१०।१० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः उदवीर नेपाली

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल पुस २३ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०६९-CR-०४७४ र ०७०-CR-०८७४, लागु औषध (खैरो हेरोइन), *सचिन खनाल वि. नेपाल सरकार* र *सरिता भन्ने रेणुका श्रेष्ठ वि. नेपाल सरकार*

बरामद भएको वस्तु लागु औषध हेरोइन भएको तथ्यमा विवाद देखिएन। प्रतिवादी सचिन खनालले आफूबाट २ ग्राम खैरो हेरोइन बरामद भएको भनी बयानमा जिकिर लिए तापनि सोको पुष्ट्याइँ गर्न सकेको पाइँदैन। निजको भनाइ अन्य स्वतन्त्र प्रमाणबाट समेत पुष्टि हुन सकेको देखिएन। तसर्थ निज प्रतिवादीबाट २ ग्राम खैरो हेरोइन बरामद भएको हो १० ग्राम बरामद भएको होइन भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीहरू सचिन खनाल र सरिता भन्ने रेणुका श्रेष्ठले एक अर्कालाई बिक्री गर्ने गरेको भनी आफूले नै खुलाई दिएको उपर्युक्तानुसारको तथ्यलाई खण्डन हुने कुनै वस्तुगत एवम् ठोस प्रमाणहरू प्रतिवादीहरूले गुजार्न सकेको अवस्था देखिँदैन। उल्टै आफूलाई खैरो हेरोइन बिक्री गर्ने यिनै हुन् भनी प्रतिवादी सचिनले प्रतिवादी सरिता श्रेष्ठलाई अनुसन्धानको क्रममा सनाखतसमेत गरेको अवस्था देखिन्छ। यसरी परस्परमा पोल गरी यी दुवैजनाले खरिद गर्ने गरेको पाइएको हुँदा यी दुवैजना प्रतिवादीहरू लागु औषध खैरो हेरोइनको कारोबारी भई परस्परमा खरिद बिक्रीसमेत गर्ने गरेको र सोहीअनुसार नै प्रतिवादी सचिनले अर्को यी प्रतिवादी रेणुकाबाट खरिद गरी लिएका रहेछन् भन्ने बेहोरा एक अर्काको बयानबाट देखिएको र उक्त बयानलाई बरामदी मुचुल्का तथा सो मुचुल्कामा रोहबरमा बस्ने प्र.स.नि.आत्मराम सिलवालले गरी दिएको बकपत्रले समेत पुष्टि गरको हुँदा दुवैजना प्रतिवादीहरू लागु औषधको कारोबारमा संलग्न रही लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (घ) र (च) को कसुर गरेको स्थापित भई सोही ऐनको दफा १४(१)(छ)(१) बमोजिमको सजाय हुने नै देखिँदा प्रतिवादीहरूले आफूहरूलाई लागु औषधको सेवनसम्मको सजाय हुनुपर्दछ भन्ने जिकिरसँग सहमत हुने अवस्था नदेखिने।

तसर्थ पुनरावेदक प्रतिवादीहरू सचिन खनाल र सरिता भन्ने रेणुका श्रेष्ठले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (घ) र (च) को कसुरमा ऐ. ऐनको दफा १४(१)(छ)(१) बमोजिम निज प्रतिवादीहरूलाई जनही ५ वर्ष कैद र ऐ. ऐनको दफा १४(१)(६)(१) बमोजिम जनही रू.५,०००।– (पाँच हजार) जरिवाना हुने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।५।५ गते भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : सुदिपकुमार भट्टराई

कम्प्युटर अपरेटर : उत्तरमान राई

इति संवत् २०७४ साल चैत १२ गते रोज २ शुभम्।

५

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०६९-CR-१०१८, डाँका, *नेपाल सरकार वि. लैलु चौधरीसमेत*

प्रतिवादीहरूको बयान बेहोराहरूको समर्थन हुने गरी प्रतिवादीहरूको साक्षी हृदयनारायण चौधरी, मग्लु साह, दुर्गा महतो, सालम साह, हुदाई

पासवानसमेतले अदालतमा आई बकपत्र गरिदिएको पाइन्छ। यसका अलावा वारदातमा प्रत्यक्षदर्शी रहेको भनी कागज गर्ने पूर्ण पाण्डेसमेतले यी यी नाम भएका व्यक्तिहरू वारदातमा संलग्न थिए भनी भन्न नसकी प्रहरीद्वारा उपस्थित गराइएका व्यक्तिहरूलाई हेरी चिन्ही सनाखत गरी दिएको भनी कागजमा उल्लेख भएको पाइन्छ। जबकि मौकामा मिति २०६५।७।११ मा जाहेरवालाले दिएको जाहेरीमा सबैको मुख छोपिएको, कसैले रूमालले मुख ढाकेको, कसैले सर्टले मुख बाँधेको, कसैले मास्क लगाई मुख ढाकेको अवस्थामा रहेको भनी उल्लेख भएबाट मुख ढाकिएका व्यक्तिहरूलाई सनाखत गर्ने व्यक्तिले के कसरी चिने सो कुरा आफैँमा पत्यारलाग्दो छैन। अझ जाहेरवाला हरिभक्त सिटौलाले बकपत्र गर्दा Salesman (सेल्स मेन) ले भनी घटना थाहा पाएको, वारदातस्थलमा २ जना सेल्स मेन धनराज आचार्य र भुपेन्द्र सिंह, ड्राइभर अशोक यादव र पूर्ण कार्की, खलासी सुमन र अन्य ज्यालादारी काम गर्ने थिए भन्ने बकपत्र गरेको पाइन्छ। यसरी जाहेरवालाको बकपत्रसमेतबाट प्रतिवादीहरूको कसुर स्थापित हुने आधारहरू खुलेको पाइएन। यस्तो अवस्थामा प्रतिवादीहरू वारदातमा संलग्न रहेको भन्न सकिने अवस्था नदेखिने।

प्रतिवादी बलराम बुढाथोकीले प्रहरीसमक्ष बयान गर्दा वारदातको सम्बन्धमा कसैलाई नभन्न भनी रू.८,०००।- कमिसन दिएको हो भन्ने जिकिर उठाए तापनि उक्त रकम के कसरी कहाँ दिएको भन्ने मिसिल संलग्न कागजातबाट खुल्न आएको देखिँदैन। अर्कोतर्फ प्रतिवादी बलराम बुढाथोकीले प्रहरीसमक्षको बयानमा आफ्नो नभए प्रहरीले तयार गरेको बयानमा सहीछाप गरेको भनी बेहोरा लेखाएको साथै अन्य प्रतिवादीहरूले पनि प्रस्तुत वारदातमा निज प्रतिवादीको संलग्नता थियो भन्न सकिने अवस्था नदेखिने।

प्रथमतः प्रतिवादीहरूबाट नगद धनमाल बरामद हुन सकेको देखिँदैन। दोस्रो बरामद भएको भनिएको मोबाइल सेटहरूमध्ये एउटामा ब्याट्री नभएको भनी उल्लेख भएको र ती मोबाइलहरूमा सिम रहे नरहेको भन्ने कुरा खान तलासी मुचुल्काबाट खुल्न सकेको पाइँदैन। केवल मोडल मिलेकै आधारमा ती बरामद भएका मोबाइलहरू सोमनारायण श्रेष्ठ, धनराज आचार्य, अशोक यादवको हो भनी अनुमानका आधारमा भन्न मिल्ने हुँदैन। उक्त मोबाइल सेट जाहेरवालाकै वा सनाखत गरिएकै व्यक्तिको हो भन्ने दाबी लिने आधार र प्रमाण पेस भएको अवस्था छैन। मोबाइल सनाखत भएको आधारमा मात्र प्रतिवादीहरूको घटनामा संलग्नता भएको भन्नसमेत नमिल्ने।

विशेषतः जाहेरी दरखास्तलगायत अन्य संकलित प्रमाणहरूको स्वतन्त्र प्रमाणबाट परीक्षण एवम् समर्थन नभएसम्म त्यस्तो जाहेरी दरखास्त वा अन्य प्रमाणहरू आफैँमा ग्राह्ययोग्य हुन नसकी केवल अनुसन्धानको क्रममा सहयोगी हुन सक्दछ। प्रस्तुत वारदात जाहेरीमा उल्लेख भएअनुसार अन्य प्रमाणबाट पुष्टि हुन सकेको अवस्था देखिँदैन। प्रतिवादीउपर शङ्का गरी अभियोग लगाइएको, धनमाल बरामद हुन नसकेको, वस्तुगत आधारहरू पेस हुन सकेको अवस्था छैन। उल्लिखित यी आधारहरूबाट यी प्रतिवादीहरूको प्रस्तुत घटनामा संलग्नता रहेको भन्न सकिने अवस्थासमेत नदेखिने।

प्रतिवादीहरूको अदालतमा इन्कारी बयान भई उक्त बयानलाई निजहरूका साक्षीसमेतबाट समर्थन भइरहेको अवस्था केवल जाहेरी दरखास्त र अनुसन्धानका क्रममा भएको साबिती बयानले मात्र वारदातमा प्रतिवादीहरूको संलग्नताको पुस्ट्याइँ नहुने।

तसर्थ सुरू जिल्ला अदालतबाट सफाइ

दिएकोसम्म फैसला कायम भई अन्य प्रतिवादीहरूको हकमा सजाय ठहर गरेको फैसला केही उल्टी भई पुनरावेदक प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहरी पुनरावेदन अदालत विराटनगरबाट भएको मिति २०६८।११।२४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुदिपकुमार भट्टराई

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल चैत १२ गते रोज २ शुभम्।

## इजलास नं. ९

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७१-CR-१०३१, हातहतियार खरखजाना, *नेपाल सरकार वि. मदनकुमार मिश्र*

मदनकुमार मिश्रलाई निज विजय गिरीले पेस्तोल बोकेको बारेमा केही थाहा नभएको भन्ने कुरा परस्पर समर्थित हुन आएको छ । त्यस्तै मौकाको घटना विवरण कागज लेखाइदिने व्यक्तिहरूले अनुसन्धानका क्रममा विजय गिरीबाट पेस्तोल बरामद भएको भनी लेखाए पनि यी पुनरावेदक प्रतिवादीको उक्त कार्यमा के कस्तो संलग्नता रहेको थियो भन्ने बारेमा केही लेखाउन सकेको पाइँदैन । निजहरूले अदालतमा बयान गर्दा कसुरका बारेमा आफूलाई कुनै थाहा जानकारी नभएको भनी लेखाइदिएको पाइन्छ। यसबाट यी पुनरावेदक / प्रतिवादीको हातहतियारसँग सम्बन्धित कसुरजन्य कार्यमा कुनै किसिमको संलग्नता रहे भएको देखिँदैन। निजको कुनै मिलोमतो, सरसल्लाह आदि सो कार्यमा रहे भएको पनि देखिन आउँदैन । निजले अवैध हातहतियार छ भन्ने जानी जानी विजय गिरीलाई मोटरसाइकलमा ल्याएको पनि पुष्टि हुन आएको छैन। यसरी मिसिलमा यी प्रत्यर्थी / प्रतिवादी मदनकुमार मिश्रले कसुर गरेको भन्ने पुष्टि हुने कुनै प्रमाण रहे भएको नदेखिने।

कुनै व्यक्तिउपरको कसुर प्रमाणित हुने गरी वादी पक्षले प्रमाण पेस गर्न नसकेको अवस्थामा केवल अभियोग दाबी लिएकै भरमा कसैलाई दोषी ठहर गर्न मिल्दैन। यसमा पुनरावेदक नेपाल सरकारले दोषी ठहर भएका विजय गिरी यिनै प्रत्यर्थीको मोटरसाइकलमा चढी आएका, सोही अवस्थामा निज विजय गिरीको साथबाट पेस्तोलसमेत बरामद भएकोले यी प्रतिवादी मदनकुमार मिश्रसमेत कसुदार रहेको भनी जिकिर लिएको पाइन्छ । यसतर्फ हेर्दा, कसुरमा निजको संलग्नता के कसरी रहन गयो भन्ने सम्बन्धमा मिसिल संलग्न प्रमाणबाट केही खुल्न आउँदैन। निजले विजय गिरीसँग हतियार छ भन्ने थाहा पाएकोसम्म पनि देखिन आएको छैन । यी प्रत्यर्थी / प्रतिवादीले निज विजय गिरीलाई चिने जानेको भएर मात्र मोटरसाइकलमा ल्याइदिएको देखिन आउँछ । हातहतियार बोकेको भन्ने थाहा नपाएको अवस्थामा त्यस्तो व्यक्तिसँग साथ जानु, कुनै वैध सहयोग गर्नु जस्ता कार्यलाई अन्यथा भन्न मिल्ने नदेखिने।

अतः माथि विवेचित आधार प्रमाणहरूबाट प्रत्यर्थी / प्रतिवादी मदनकुमार मिश्रलाई हातहतियार खरखजाना ऐन, २०१९ को दफा २०(२) अनुसार रू.६०,००१।- जरिवाना हुने र बरामद भई आएको ना.४ प ९३६४ नं.को निजको मोटरसाइकल सोही ऐनको दफा १६ बमोजिम जफत हुने ठहऱ्याई जिल्ला प्रशासन कार्यालय, बाराबाट मिति २०७०।०३।१३ मा भएको फैसला उल्टी गरी निजले अभियोग दाबीबाट सफाइ पाउने र निजको ना.४ प ९३६४ नं. को मोटरसाइकल फिर्ता पाउने ठहऱ्याई पुनरावेदन अदालत, हेटौंडाबाट भएको मिति २०७१।०७।२३

को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल कात्तिक १६ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७१-CR-०७९४, कर्तव्य ज्यान, *विरू धामी वि. नेपाल सरकार*

मृतकले मिति २०७०।५।३ मादक पदार्थ सेवन गरी घर आएको भन्ने र भोलिपल्ट बिहान यी प्रतिवादीहरूसमेत आई हिजो किन मादक पदार्थ सेवन गरी गाली बेइज्जती गरेको भन्दै मृतकलाई लछारपछार गर्दै प्रहरीमा जिम्मा लगाउँछौं भनी लगेको अवस्थामा बाटोमै निजको मृत्यु भएको भन्ने देखिन्छ। मृतक अत्यधिक मादक पदार्थ सेवन गर्ने र भिसेरा परीक्षणबाट पनि मृत्यु हुँदा मदिराको मात्रा प्राप्त भएबाट एवम् प्रस्तुत वारदातको अघिल्लो दिन पनि मृतकले मादक पदार्थ सेवन गरेको कुरामा निजको श्रीमतीलगायत परिवारका अन्य सदस्यहरूले स्वीकार गरेको अवस्थामा मदिराको प्रभावमा गाली गलौज गर्ने व्यक्तिलाई घरबाट प्रहरीको जिम्मा लगाउनको लागि लाने सिलसिलामा होसियारपूर्वक लानु पर्ने अवस्थामा मृत्यु भएको देखिएकोले यी पुनरावेदक प्रतिवादी पूर्णरूपमा निर्दोष भन्न मिल्ने नदेखिने।

प्रस्तुत वारदातको समग्र घटनाक्रमको विश्लेषण गरी हेर्दा मृतकलाई मारी हाल्ने मनसाय वा पूर्वतयारी गरेको देखिँदैन। घर छिमेकमा मदिरा सेवन गरी गाली बेइज्जती गर्ने गरेमा समाजले प्रहरी प्रशासनको सहयोग लिनु स्वाभाविक हुन्छ। यस अवस्थामा प्रहरीलाई सूचना दिई निजहरूबाट कानूनबमोजिम पक्राउ गर्न लगाउन सक्नेमा आफैँले घरबाट लछारपछार गर्दै ल्याएबाट कानून आफ्नो हातमा लिएको देखिन्छ। प्रतिवादीलाई यो छुट कानूनले दिएको छैन। अत: पुनरावेदक प्रतिवादी विरू धामीसमेतका मानिसहरूले मृतकलाई घरबाट प्रहरीको जिम्मा लगाउन लछार पछार गर्दै लगेको अवस्थामा निज प्रतिवादीलगायतले होस नपुऱ्याई वा हेलचक्र्याइँ गरी लगेको प्रमाणित हुन्छ। ज्यान मार्ने मनसाय नदेखिएको भए तापनि मृतकले मादक पदार्थ सेवन गरी गाली बेइज्जती गरेको प्रतिक्रिया स्वरूप प्रहरीलाई हस्तान्तरण गर्न छरछिमेक भई घरबाट लिई गएका यी प्रतिवादीहरूले बाटोमा पर्ने भिर जस्तो स्थानमा होस पुऱ्याई यी मृतकको पनि जिउज्यान सुरक्षित रहने गरी संयमित हुनु पर्नेमा प्रस्तुत घटनामा त्यस्तो संयमता देखाएको अवस्था पनि देखिएन। कुनै घटना वा वारदात हुँदा मौकामै समाजका व्यक्तिले कारणीलाई नियन्त्रणमा लिएको वा भागी जाने सम्भावना रहेको व्यक्तिलाई समातेको जस्तो अपवादको अवस्था बाहेक कुनै कारण प्रहरीले कारबाही गर्नुपर्ने व्यक्तिलाई सम्बन्धित निकायमा उजुर वाजुर गर्नु अगावै घरबाटै प्रहरीसरह पक्राउ गरी गैरजिम्मेवारीपूर्वक तरिकाले लिई जाने प्रवृत्तिलाई सामान्य रूपमा स्वीकार गर्न नसकिने।

तसर्थ माथि विवेचित आधार र कारणसमेतबाट प्रतिवादी विरू धामीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याएको सुरू बझाङ जिल्ला अदालतको मिति २०७१।९।६ को फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, दिपायलबाट मिति २०७२।०२।११ मा भएको फैसला मिलेको नदेखिँदा केही उल्टी भई यी पुनरावेदक प्रतिवादी विरू धामीलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको ६(२) नं. बमोजिम २ (दुई) वर्ष कैद सजाय हुने ठहर्छ। पुनरावेदन नगर्ने प्रतिवादीहरू शंकरबहादुर धामी र मदन धामीको हकमा

मुलुकी ऐन, अ.बं. २०५ नं. बमोजिम निज प्रतिवादी शंकरबहादुर धामी र मदन धामीलाई समेत मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ६(२) नं. बमोजिम २ (दुई) वर्ष कैदको सजाय हुने ।

इजलास अधिकृत: गोपी विश्वकर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७५ साल वैशाख १० गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६७-WO-०८८५, उत्प्रेषण, *आसराम मुस्याख्वासमेत वि. भूमिसुधार कार्यालय, भक्तपुरसमेत*

कुनै जग्गा मोहीको हैसियतले कमाएको अवस्थामा सो जग्गामा मोहीको हक स्थापित हुने, त्यस्तो जग्गालाई मोही र जग्गाधनीले आपसी सहमतिका आधारमा संयुक्त निवेदन दिई आधाआधा छुट्याई लिन पाउने र यदि सहमति हुन नसकेमा जग्गाधनी र मोहीमध्ये कुनै पक्षले निवेदन दिएमा तोकिएको अधिकारीले जग्गाधनी वा मोहीलाई झिकाई आवश्यक प्रमाण बुझ्नुपर्ने भए बुझी नरम करम मिलाई आधाआधा हुने गरी जग्गा बाँडफाँड गरी मोही लगतसमेत कट्टा गरिदिनुपर्ने हुने ।

मोहीको निवेदन परेपछि सम्बन्धित कार्यालयले दुवै पक्षलाई झिकाई आवश्यक प्रमाण बुझ्नुपर्ने भए बुझी नरम करम मिलाई जग्गाधनी र मोहीलाई आधाआधा हुने गरी बाँडफाँड गरिदिनुपर्ने हुन्छ । यस कानूनी व्यवस्थानुसार भूमिसुधार कार्यालय भक्तपुरबाट सम्बन्धित जग्गाधनीहरू अर्थात् यी निवेदकहरूलाई झिकाई तारेखमा राखेको पाइन्छ । पछि जग्गाधनीहरूले तारेख गुजारेको देखिन्छ । जग्गाधनीहरूले तारेख गुजारे पनि निर्णय गर्दा नरम करम मिलाएर नै आधा आधा बाँडफाँड गर्नुपर्ने हुन्छ । कि.नं.५७६ को जग्गाको पूर्वतर्फ पिच सडक रहेभएको अवस्थामा स्वाभाविक रूपमै पिच सडकतर्फको जग्गाको मूल्याङ्कन बढी हुने र पछाडिको जग्गाको मूल्य अगाडिको पिच सडकतर्फको जग्गाभन्दा कम नै हुन जान्छ । यस्तो अवस्थामा जग्गाधनीको मन्जुरी विना अगाडि पिच सडकतर्फको जग्गा मोहीलाई र पछाडिको जग्गा जग्गाधनीलाई पर्ने गरी बाँडफाँड गर्दा नरम करम मिलेको मान्न सकिँदैन । यसमा पनि मोही चन्द्रबहादुर ढुकुछुले भूमिसुधार कार्यालयमा निवेदन दिँदा उक्त जग्गाको पूर्व पश्चिम चिरा गरी आधाआधा छुट्याई दक्षिणतर्फको आधा भाग आफूलाई पर्ने गरी बाँडफाँड गरिपाउँ भनी निवेदन दिएको देखियो । सो निवेदनअनुसार उत्तर दक्षिण आधाआधा हुने गरी पूर्वबाट पश्चिम चिरा पारी छुट्याएको भए दुवै पक्षको भागको जग्गा सडकतर्फ परी नरम करम मिलेको मान्न सकिने थियो । यसो नगरी निवेदक मोहीको मागभन्दा पनि बाहिर गई उत्तर दक्षिण चिरा पारी पूर्वतर्फ पिच सडकसँग जोडिएको भाग जग्गा सबै मोहीका भागमा मात्र पर्ने र पश्चिमतर्फको सडकसँग नजोडिएको भाग जति जग्गाधनीको भागमा पर्ने गरी बाँडफाँड गर्ने गरी भएको निर्णयलाई नरम करम मिलेको न्यायोचित बाँडफाँड मान्न सकिँदैन । यस्तो निर्णयमा कानूनको उचित परिपालना भएको तथा न्यायिक मनको प्रयोग भएको देखिन नआउने ।

जग्गाधनीको कुनै स्वीकृति नलिएको अवस्थामा केवल घर बनाएको भन्ने मात्र आधारमा सडकतर्फको बढी मूल्याङ्कन भएको सम्पूर्ण जग्गा मोहीको भागमा पर्ने गरी बाँडफाँड गरेबाट जग्गाधनीलाई ठूलो मार्का पर्न गई अन्याय हुन जान्छ । त्यस्तै जग्गाधनीको भागमा हुने भनिएको पश्चिमतर्फको जग्गामा जान ५ फिटको बाटो छोडेको भए पनि अगाडि

पिच सडकमा छोएको जग्गा र ५ फिटको साँघुरो बाटो छोडिएको भनिएको जग्गाको मूल्याङ्कन कदापि समान हुन सक्दैन । यदि पूर्वतर्फ दुवैतिर मोहीको घर पर्ने र सोतर्फको जग्गा मोहीको भागमा नपार्दा मोहीलाई मार्का पर्ने नै देखिएको भए पनि यस्तोमा निर्णय गर्दा जग्गाधनी पक्षलाई समेत राखी छलफल गराई निर्णयमा पुग्नु उपयुक्त हुने देखियो । सो अनुरूप गर्न दुवै पक्ष राखी छलफल गराउने भनी भूमिसुधार कार्यालयले मिति २०६४।११।२४ मा आदेश गरे पनि सो आदेशानुसार जग्गाधनी पक्षलाई सूचना जारी गरेको पाइएन । यसरी निर्णयकर्ताले प्रक्रिया पुऱ्याउनुपर्ने महसुस गरी सूचना जारी गर्ने भनी भएको आदेशलाई पालना नगरी भएको निर्णय कानूनसम्मत मान्न नमिल्ने ।

यसरी गरेको विभाजनमा कानूनी त्रुटि रही यी निवेदकहरूको हकाधिकारमा समेत आघात पुग्न गएको देखिएकोले निवेदकहरूको मागअनुसारको आदेश जारी गरी निवेदकहरूको हक संरक्षण गर्नुपर्ने देखिन आउने ।

अतः माथि विवेचित आधार र कारणहरूबाट भूमिसुधार कार्यालय, भक्तपुरको मिति २०६४।१२।१४ को निर्णयले निवेदन दाबीको कि.नं.५७६ को जग्गालाई भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(घ) अनुसार नरमकरम मिलाई जग्गाधनी र मोहीका बीचमा बाँडफाँड गरेको नदेखिएकोले उक्त निर्णय र सोसँग सम्बन्धित पत्राचारलगायतका सम्पूर्ण काम कारबाहीहरू उत्प्रेषणको आदेशबाट बदर गरिदिएको छ । अब उक्त जग्गा दुवै पक्षलाई राखी नरम करम मिलाई बाँडफाँड गर्नु भनी विपक्षी भूमिसुधार कार्यालय भक्तपुरका नाममा परमादेशसमेत जारी हुने ।

इजलास अधिकृत: यदुराज शर्मा
कम्प्युटर: सिजन रेग्मी
इति संवत् २०७४ साल पुस ३० गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७३-CI-०८४१, निषेधाज्ञा, *अनारदेवी तत्मा वि. सबरलाल चौधरीसमेत*

पुनरावेदिका अनारदेवी तत्माले दाबीको उक्त कि.नं. ७३ को ०-९-१९ जग्गामध्ये मिति २०७३।७।१८ मा पारित बन्डापत्रबमोजिम कित्ताकाट भई मेरो अंश भागमा परेको कि.नं. १०३५ को ०-१-१९ जग्गामा प्रतिवादीहरूले जबरजस्ती बाँसको टाटीले घेरबेर गरी गराई मेरो जग्गा दखल कब्जा गरी आफ्नो विद्यालयको जग्गासँग मिसाएकोले विपक्षीहरूको दखल कब्जा छुट्याई टाटबार हटाई विपक्षीहरूले गरेको खिचोला मेटाई चलनसमेत चलाई पाउँ भनी सप्तरी जिल्ला अदालतमा जग्गा खिचोला मुद्दा दायर गरेको कुरा फिरादपत्रको प्रमाणित प्रतिलिपिबाट देखिने ।

विद्यालयको स्थापनाकालदेखि नै दाबीको उक्त कि.नं. ७३ को ०-९-१९ जग्गा विद्यालयको कम्पाउन्डभित्र रही विद्यालयको भोगमा ३७/३८ वर्ष अघिदेखि रहेको र सो कुरा कि.नं. ७३ को दाता अनारदेवी तत्माले समेत विद्यालयलाई पत्राचार गरी स्वीकार गरिसकेको अवस्थामा वादीले कि.नं. ७३ बाटै मिति २०७३।७।१८ मा पारित बन्डापत्रबाट प्राप्त गरेको कि.नं. १०३५ को ०-१-१९ जग्गालाई लिएर मिति २०७३।७।२१ गते खिचोला गरेको भन्ने वादी दाबी मुलुकी ऐन, जग्गा मिच्नेको १८ नं. बमोजिमको हदम्याद विहीन भएकोले हदम्यादको अभावमा वादी दाबी खारेज गरिपाउँ भन्ने प्रतिवादीहरूको संयुक्त प्रतिउत्तर जिकिर रहेको देखिने ।

निवेदन दाबीको जग्गाको सम्बन्धमा जिल्ला अदालतमा मुद्दा दर्ता भई विचाराधीन रहेको देखिँदा प्रमाणको उचित मूल्याङ्कन गरी विवादित जग्गाको हकभोगको सम्बन्धमा सो जग्गा खिचोला मुद्दाको

रोहबाट निर्णय हुने नै हुँदा उक्त विचाराधीन मुद्दामा असर पर्ने गरी प्रस्तुत मुद्दाको रोहबाट विवादित जग्गाको सम्बन्धमा बोल्न मिल्ने देखिएन । यसरी यी पुनरावेदिकाले विवादित जग्गाको सम्बन्धमा वैकल्पिक उपचारको बाटो प्रयोग गरी जिल्ला अदालतमा जग्गा खिचोला मुद्दा दर्तासमेत गरिसकेको अवस्थामा निवेदन दाबीबमोजिमको आदेश जारी गर्न मिल्ने देखिएन । वैकल्पिक उपचारको बाटो प्रयोग गर्न पाउने कानूनी हक निवेदकलाई रहेको र आशङ्काको स्थितिको विद्यमानता रहेको नदेखिएकोले रीट निवेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत, राजविराजको फैसलालाई अन्यथा मान्न नमिल्ने ।

अतः माथि विवेचित आधार र कारणसमेतबाट रिट निवेदन खारेज हुने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत राजविराजबाट मिति २०७३।३।३० मा भएको फैसला मनासिब नै रहेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: गोपी विश्वकर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७५ साल भदौ १० गते रोज १ शुभम् ।

## इजलास नं. १०

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-WO-०७५७, उत्प्रेषण / परमादेश, *बालकृष्ण पौडेल वि. जिल्ला वन कार्यालय, इलामसमेत*

राष्ट्रिय वनको संरक्षण गर्ने तथा वातावरण एवम् पर्यावरणलाई असर नपारी अन्य गतिविधि सञ्चालन गर्ने गराउने सम्बन्धमा नीतिगत निर्णय गर्ने अख्तियार कानूनतः वन तथा भू-संरक्षण मन्त्रालयमा रहेको हुन्छ । वन एवम् वन सम्पदा संरक्षण गर्ने सिलसिलामा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट भएका निर्णय वन तथा भू-संरक्षण मन्त्रालयबाट भएको उक्त निर्णयबाट काष्ठ उद्योग सञ्चालनमा द्विविधा भई उद्योग सञ्चालनमा नै गम्भीर असर पर्न जाने देखियो । विपक्षी आयोगलाई वनमा आधारित उद्योग वन क्षेत्रबाट कति दुरीमा स्थापना गर्नुपर्ने भन्ने सम्बन्धमा नीतिगत निर्णय गर्न सक्ने अख्तियार कुनै कानूनले दिएको नपाइने ।

आफूलाई प्राप्त अख्तियारीभन्दा बाहिरको विषयमा निर्णय गरिएको कामले कानूनी वैधता प्राप्त गर्न सक्दैन । प्रस्तुत रिट निवेदनको सन्दर्भमा हेर्दा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले वन क्षेत्रबाट यति दुरीमा काठमा आधारित उद्योगहरू स्थापना हुनु उपयुक्त भनी आफैँले मापदण्ड बनाई निर्णय गरेको देखियो । यस्तो नीतिगत निर्णय गर्न सक्ने अधिकार वन तथा भूसंरक्षण मन्त्रालयलाई भएको हुँदा विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सो विषयमा निर्णय गरी मिति २०७०।१२।६ मा परिपत्र गर्ने गरेकोलगायतका काम कारबाही कानूनबमोजिम देखिन नआउने ।

अतः उल्लिखित आधार कारणबाट अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०७०।१२।६ को परिपत्र सो परिपत्रलाई आधार मानी वन विभागले गरेको मिति २०६७।१२।२१ को परिपत्र र जिल्ला वन कार्यालय, इलामको मिति २०७०।१२।२६ को पत्रसमेत गैरकानूनी देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब निवेदकले स्थापना गरेको अनिल काष्ठ उद्योग वन तथा भू-संरक्षण मन्त्रालयबाट मिति २०६८।११।१८ को निर्णयानुसारको दूरीलाई आधार मानी सोबमोजिम छ, छैन जाँचबुझ गरी कानूनबमोजिम गर्नु भनी जिल्ला वन कार्यालय, इलामको नाउँमा परमादेशको आदेशसमेत

जारी हुने।

इजलास अधिकृतः कल्याण खड्का

इति संवत् २०७५ साल वैशाख २५ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-CR-१६३६, लागु औषध (डाइजेपाम), *हुसन मुवारक अलि वि. नेपाल सरकार*

मिति २०६९।३।१० मा राजविराजबाट काठमाडौंतर्फ आएको ना.३ख. ६५९१ को बसमा यात्रा गरिरहेको चेकजाँच गर्दा प्रतिवादीको झोलाबाट डाइजेपाम २९, एम्पल, ब्युप्रिनोर्फिन २९ एम्पल, प्रोमोथाजेन फेनार्गन २७ एम्पल र नाइट्रोजेपाम ट्याब्लेट १९ बरामद भएको तथ्य बरामदी मुचुल्काबाट देखिन आउँछ र सो बरामदी मुचुल्कामा प्रतिवादी रोहवरमा रहेको देखिने।

आफूबाट फेला परेको उक्त बरामद लागु औषध दरभंगाको मेडिकल पसलमा किनेको र सो लागु औषध सेवन गर्न तथा साथी भाइलाई दिन भनी ल्याएको हो। सेवन गर्नको लागि कुनै चिकित्सकबाट सिफारिस लिएको छैन भनी अनुसन्धानको क्रममा बयान गर्दा उल्लेख गरेका छन्। अदालतमा बयान गर्दासमेत उक्त लागु औषध आफूबाट बरामद भएको र सेवनको लागि ल्याएको भनी स्वीकार गरेको अवस्था छ। अनुसन्धानको क्रममा सेवन तथा साथी भाइलाई दिन ल्याएको हो भनी बयान गरेको र बरामद लागु औषध विभिन्न प्रकृतिको रहेको देखिन्छ। लागु औषधको परिणाम हेर्दासमेत केवल सेवनको लागि मात्र ल्याएको हो भन्ने सकिने अवस्था छैन। प्रतिवादीले चिकित्सकको सल्लाहअनुसार उक्त लागु औषध सेवन गरेको भन्ने पनि नदेखिने।

अदालतमा सेवनतर्फ स्वीकार गरेको तर ओसारपसारमा इन्कारी रहे पनि सो इन्कारीले स्वतः प्रमाणको स्थानको ग्रहण गर्न सक्ने देखिँदैन। सो इन्कारी बयान मिसिल संलग्न वस्तुनिष्ठ प्रमाणहरूद्वारा पुष्टि हुनुपर्ने हुन्छ। उक्त परिणामको लागु औषध भारतको दरभंगाबाट खरिद गरी राजविराज हुँदै साथी भाइलाई दिन ल्याएको भन्ने हुँदा ओसारपसार र वितरणको उद्देश्यले ल्याएको भन्ने पुष्टि हुन आउँछ। प्रतिवादीले उक्त लागु औषध सेवनको लागि ल्याएकोले कम सजाय हुनुपर्छ भनी लिएको जिकिर प्रमाणित हुन सकेको नदेखिँदा उपर्युक्त बरामद लागु औषध बिक्री वितरणको लागि ओसारपसार गरेको पुष्टि हुन आउने।

तसर्थ, उल्लिखित आधार कारण र प्रमाणहरूबाट प्रतिवादी अलि भन्ने हुसन मुवारक अलिलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ (१)(झ) बमोजिम २ वर्ष कैद र १ लाख जरिवानासमेत हुने ठहऱ्याई भएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७०।११।२० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः केदारनाथ पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल मंसिर २५ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-CR-१६८३, वैदेशिक रोजगार कसुर, *शंकर कुमार खत्री वि. नेपाल सरकार*

मिसिल संलग्न मिति २०६८।७।२६ को सक्कल लिखत हेर्दा जाहेरवालाहरू दीपक परियार र भिमबहादुर नेपालीलाई १ महिनाभित्र अफगानिस्तान पठाई काममा लगाउने व्यवस्था मिलाउने गरी मिति २०६८।४।१२ मा रू.३,००,०००।- (तीन लाख रूपैयाँ) र ऐ.२३ गते रू.४,००,०००।- (चार लाख रूपैयाँ) समेत कूल रू.७,००,०००।- बुझिलिएँ भनी

यी प्रतिवादी शंकरकुमार खत्रीले जाहेवालाहरू दीपक परियार र भिमबहादुर नेपालीलाई लिखत गरिदिएको पाइने।

प्रतिवादी शंकरकुमार खत्रीले उक्त रकम मैले लिएको होइन। जाहेरवालाहरूले रकम सविन लामालाई बुझाएको हो । उक्त कागजमा जाहेरवालाहरूले जबरजस्ती सहिछाप गर्न लगाएका हुन् । लिखतमा भएको सहिछाप मेरै हो । जाहेरवालाहरूसँगै म पनि सविन लामामार्फत अफगानिस्तान जान लागेको थिएँ। हामी तीनै जनालाई दुबईसम्म पुऱ्याई त्यहाँबाट अफगानिस्तान पठाउन नसकेपछि नेपाल फर्काइदिएका हुन् । मैले जाहेरवालाहरूलाई अफगानिस्तान पठाउँछु भनेको नभई सविन लामाले मसमेतलाई अफगानिस्तान पठाइदिन्छु भनी मबाट पनि रू.३,००,०००।- (तीन लाख) लिएका हुन् भनी कसुर गरेकोमा इन्कार रही आफ्नो बयानमा उल्लेख गरेको देखिने । जाहेरवालाहरूले न्यायाधिकरणसमक्ष प्रतिवादीले वैदेशिक रोजगारमा अफगानिस्तान पठाइदिन्छु भनी हामीहरूबाट जनही रू.३,५०,०००।- (तीन लाख पचास हजार) का दरले रू.७,००,०००।- (सात लाख) लिई रोजगारमा पठाउन भनी दुबईमा लगी ७३ दिनसम्म राखी नेपाल फर्काएका हुन्। प्रतिवादीले हामीलाई हालसम्म रकम फिर्ता गरेको छैन । विदेश पठाउने जिम्मा प्रतिवादी शंकरकुमार खत्रीले लिएको हुँदा निजले नै हर्जानासमेतको रकम तिर्नुपर्दछ भनी आफ्नो जाहेरीलाई पुष्टि हुने गरी बकपत्र गरिदिएको पाइने।

जाहेरी परेपछि आफ्नो बयानमा जाहेरवालाहरूलाई लिखतमा उल्लिखित रकममध्ये समय पाएमा रू.४,००,०००।- (चार लाख) २ महिनाभित्रमा फिर्ता गर्न तयार छु भनी बयान गरेबाट यी प्रतिवादीको जाहेरवालाहरूसँग व्यवहार भएको देखियो। निजले उक्त कागज जबरजस्ती गराएको भनी जिकिर लिएको भएपनि सो लिखत कागजउपर कुनै निकायमा उजुरसमेत गरेको देखिँदैन । सोबाट उक्त कागज पुनरावेदकले जिकिर लिए जस्तो डरधाकको कारणले मात्र तयार भएको हो भनी मान्न नमिल्ने।

प्रतिवादी इजाजतप्राप्त वैदेशिक रोजगार व्यवसायी नभएको भन्ने कुरा निज स्वयम्‌को बयानबाट देखिन्छ । तथापि यी प्रतिवादीले जाहेरवालाहरूलाई बिनाइजाजत वैदेशिक रोजगारमा अफगानिस्तान पठाइदिन्छु भनी झुट्ठो आश्वासन दिई प्रलोभनमा पारी वैदेशिक रोजगारको कागज गरी वैदेशिक रोजगारमा नपठाई रकमसमेत फिर्ता गरेको नदेखिएको तथ्य स्थापित हुन आउने।

पीडितहरूको किटानी जाहेरी, मौकामा प्रतिवादीले गरिदिएको लिखत प्रमाण तथा जाहेरवालाहरूको बकपत्रसमेतका उल्लिखित विवेचित तथ्य प्रमाण तथा कानूनसमेतको आधारमा प्रतिवादी शंकरकुमार खत्रीले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसुर गरेको पुष्टि हुन आएको देखिने।

अतः प्रतिवादी शंकरकुमार खत्रीले आरोपित कसुर गरेको देखिएकोले प्रतिवादीलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम १।६।० (एक वर्ष छ महिना) कैद र रू.१,५०,०००- (एक लाख पचास हजार) रूपैयाँ जरिवाना हुने ठहऱ्याई अभियोग मागदाबीबमोजिम जाहेरवालाहरू दीपक परियार र भिमबहादुर नेपालीले हर्जानासमेतको बिगो रू.१०,५०,०००।- (दश लाख पचास हजार रूपैयाँ) प्रतिवादी शंकरकुमार खत्रीबाट भरी पाउने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौंले मिति

२०७०।८।२४ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः टेकराज जोशी

इति संवत् २०७५ साल जेठ १४ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७३-CR-१७४९, जबरजस्ती करणी, *बलबहादुर नेपाल वि. नेपाल सरकार*

पीडितको कन्याजाली च्यातिएको र कति समयअघि च्यातिएको हो भन्न नसकिने, निजको उमेर अन्दाजी १२-१४ वर्ष भएको तर यकिनका साथ भन्न नसकिने भन्ने मिसिल संलग्न प्राथमिक स्वास्थ्य केन्द्र उर्लाबारीको मिति २०७१।८।५ को प्रतिवेदनमा उल्लेख भएको देखिन्छ । पीडितको जन्म मिति २०५८।१०।१५ रहेको भन्ने मिति २०७१।४।२६ को जन्म दर्ताको प्रमाणपत्रबाट देखिएको छ। विगत २ वर्षदेखि नै करणी हुँदै आएकोमा अन्तिम पटक मिति २०७१।७।५ मा निरौलाको घरमा पीडितलाई करणी गरेको भनी प्रतिवादीको बयानमा समेत उल्लेख भएको देखिने।

पीडित साङ्केतिक नाम उर्लाबारी (श) ले अनुसन्धानको क्रममा र अदालतमा समेत आई प्रतिवादी बलबहादुर नेपालले जबरजस्ती करणी गरेको विवरण उल्लेख गरी बकपत्र गरेको देखिन्छ । निजले सुरू अनुसन्धानको क्रममा र अदालतमा समेत आफ्नो उमेर १३ वर्षको भनी खुलाएका छन् । निज कक्षा ८ मा पढ्ने गरेकी भन्नेसमेत जाहेरीमा उल्लेख छ । निजको शारीरिक परीक्षण, जाहेरीको बेहोरा तथा पीडितको अनुसन्धान तथा अदालतमा भएको बकपत्र र मिसिल संलग्न वारदात हुनुभन्दा अघिको जन्मदर्ता प्रमाणपत्रसमेतका आधारबाट निज पीडितको उमेर १३ वर्ष रहे भएको पुष्टि हुन आएको देखिने।

प्रतिवादीले पीडितको उमेर १६ वर्ष पुगिसकेको छ, सहमतिमा करणी भएको हो भन्ने जिकिर लिए तापनि सो पीडितको उमेर १६ वर्ष पुगिसकेको भन्ने कुनै प्रमाण दाखिल गर्न सकेकोसमेत देखिएको छैन। पीडितले आफ्नो उमेर १३ वर्षको भनी अदालतमा बकपत्र गर्दाको अवस्थामा प्रतिवादीको तर्फबाट कुनै जिरह भएको अवस्थासमेत नदेखिने।

अतः उल्लिखित आधार कारण र प्रमाणबाट प्रतिवादी बलबहादुर नेपालले वर्ष १३ की पीडितलाई जबरजस्ती करणी गरेको पुष्टि हुन आएको देखिँदा निजलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(२) नं. बमोजिम १० वर्ष कैद र पीडितलाई प्रतिवादीबाट २५ हजार क्षतिपूर्ति भराई दिने ठहऱ्याएको सुरू मोरङ जिल्ला अदालतको मिति २०७२।८।२३ को फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, विराटनगरबाट मिति २०७३।३।१ ना भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : केदारनाथ पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल मंसिर २५ गते रोज २ शुभम्।

## इजलास नं. ११

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७२-CI-१२९१, दर्ता बदर, हक कायम, जग्गा खिचोला, *दुर्गाप्रसाद पाण्डे वि. अमृता न्यौपानेसमेत*

हदम्यादसम्बन्धी जिकिरको सम्बन्धमा थाहा पाउने कारण र अवस्था यद्यपि मुद्दाको प्रकृतिअनुसार भिन्न भिन्न हुन सक्छ । नापीको समयमा एउटाको

जग्गालाई आफ्नो नाउँमा दूषित दर्ता गराई वर्षौंसम्म भोगचलन नगर्ने र पछि आएर मात्र भोगचलन गर्न जाँदा साबिक जग्गाधनीले देख्ने सुन्ने गरी थाहा पाएको पनि हुन सक्छ । प्रतिवादीले आफ्नो नाममा जग्गा दर्ता गराएको भन्ने कुराउपर नालिस उजुर गर्न सो कुरा थाहा पाएको तथ्यगत आधारमा हदम्याद कायम गरिनु पर्दछ। सम्बन्धित मालपोत कार्यालयबाट नक्कल सारी लिएपछि मात्र जग्गा दर्ता भएको भनी थाहा पाएको भन्ने वादीको जिकिर अन्यथा खण्डित नभएसम्म सोही नक्कल सारी लिएको मितिबाट हदम्याद गणना गरिनु पर्ने।

उक्त विवादित जग्गामा प्रतिवादी दुर्गाप्रसाद पाण्डेले घाँस काट्न लागेको देखेपछि सोध्दा निजले उक्त जग्गा आफ्नो नाउँमा दर्ता गरेको कुरा गरेपछि मालपोत कार्यालय, जुम्लामा गई प्रतिवादी दुर्गाप्रसाद पाण्डेको नाउँको जग्गाधनी दर्ता प्रमाण पुर्जाको नक्कल मिति २०६९।८।२७ मा सारी लिएपछि मात्र उक्त जग्गा प्रतिवादी दुर्गाप्रसाद पाण्डेले आफ्नो नाउँमा दर्ता गराइसकेको थाहा जानकारी भई मुलुकी ऐन, जग्गा मिच्नेको १८ नं. र मुलुकी ऐन, जग्गा पजनीको १७ नं. को हदम्यादभित्र दर्ता बदर, हक कायम जग्गा खिचोला मुद्दाको फिराद मिति २०६९।९।१२ मा दायर भएको पाइयो । वादीमध्येकी अमृता न्यौपानेसमेतले जुम्ला जिल्ला, हाँकु गा.वि.स. नं. ५ मा कि.नं. २१२, २७७, ३७६ लगायतका जग्गाहरू २०५१ सालमा नापी गराएको नापी कार्यालय, जुम्लाको फिल्डबुक उतारबाट देखिन्छ । वादीहरूले सोही वडा नं. ५ मा २०५१ सालमा केही कित्ता जग्गा दर्ता गराएको भन्ने आधारमा मात्र कि.नं. १५९ जग्गा पनि आफ्नो नाउँमा नापी नभएको सोही मितिमा थाहा थियो भन्न मिल्ने देखिँदैन । वादीले मिति २०६९।८।२७ मा नक्कल सारी थाहा पाएको र तदुउपरान्त म्यादभित्रै मिति २०६९।९।१२ मा नालिस गरेको देखिन आयो। यसरी मुलुकी ऐन, जग्गा पजनीको १७ नं. र ऐ. जग्गा मिच्नेको १८ नं. बमोजिम थाहा जानकारी भएको ६ महिनाभित्र नै दायर भएको फिराद दाबीलाई हदम्यादको कारण जनाई खारेज हुने ठहऱ्याई जुम्ला जिल्ला अदालतबाट भएको फैसला बदर गरी पुनः इन्साफको लागि सुरू जिल्ला अदालतमा पठाउने गरेको पुनरावेदन अदालत, जुम्लाको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अतः माथि विवेचित आधार, कारणबाट हदम्यादको कारण जनाई फिराद खारेज हुने ठहर गरेको सुरू जुम्ला जिल्ला अदालतको मिति २०७०।११।१ को फैसला उल्टी गरी पुनः इन्साफ गर्नु भनी सुरू अदालतमा पठाउने गरी भएको पुनरावेदन अदालत, जुम्लाको मिति २०७२।५।३० को फैसला मिलैकै देखिँदा सदर हुने।

इजलास अधिकृत: डल्लुराम चौधरी

कम्प्युटर: अर्जुन पोख्रेल

इति संवत् २०७५ साल भदौ ०३ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७३-CI-०५६६, अंश चलन, *डोम तामाङसमेत वि. धनमाया तामाङ*

प्रतिवादी धनमाया तामाङले बकसपत्रको माध्यमबाट पाएको जग्गा सम्बन्धमा विचार गर्दा काठमाडौं जिल्ला, बालुवा गा.वि.स. वडा नं.५ख कि.नं.१४४ क्षे. फ. ०-४-२-० जग्गा प्रतिवादी धनमाया तामाङले जिल्ला काभ्रे, सोलुसल्ले भुक्लु गा.वि.स. वडा नं. १ बस्ने लक्ष्मी लामासमेतका ३ जना व्यक्तिबाट र.नं. ११८६१ मिति २०६७।२।११ मा हालैदेखिको बकसपत्रको लिखतको माध्यमबाट प्राप्त गरेको देखियो। बकसपत्रको कैफियत महल हेर्दा उक्त जग्गा तपाइँ बकस पाउनेले हामीहरूको हरेक

कामकाजमा सहयोग गरी रिझाई आएकोले लेखिएको जग्गा रिझाएबापत हा.व. गरिदिएको भनी लेखेको पाइयो । बकसपत्र पाउने धनमाया तामाङले उक्त हा.व.को लिखतमा पतिको नाम ठेगाना उल्लेख नगरी आफ्नो बाबुको नाम ठेगाना उल्लेख गरी बकसपत्र पारित गरेको पाइयो। वादी समनबहादुर तामाङसमेतले उक्त बकसपत्र अन्यथा हो भनी भन्न सकेको अवस्था देखिँदैन । प्रतिवादी धनमाया तामाङले बकसपत्रको माध्यमबाट पाएको जग्गा भएकोले कि.नं.१४४ को जग्गा निजी आर्जनको सम्पत्ति हो भन्ने देखिन आउने।

प्रतिवादी धनमाया तामाङले बकसपत्रको माध्यमबाट पाएको निजी आर्जनको सम्पत्ति वादी दाबीबमोजिम अंशियारहरूबीच बन्डा लाग्ने अवस्था देखिँदैन । ममता तामाङबाहेकका अन्य फिरादीहरू धनमायाका पति तथा सौतेनी छोराछोरी नाताका मानिस देखिन्छन् । यस अवस्थाको नाता सम्बन्धका मानिसहरूका बीच अंशबन्डा गर्दा निजी तवरले आर्जन गरेको सम्पत्ति बन्डा गर्न कर लाग्दैन । यस अवस्थामा पनि बन्डा लगाइयो भने निजी आर्जनसम्बन्धी कानूनी अवधारणा प्रतिकूल हुन जान्छ । तथापि वादीमध्येका ममता तामाङ प्रतिवादी धनमाया तामाङको आफ्नो नाबालिग छोरी रहेको देखिन आएको छ । आमाले जुनसुकै बेहोराबाट प्राप्त गरेको सम्पत्तिमा छोरा छोरीहरूको अंश हक रहने मान्यता रहेकोले प्रतिवादी धनमाया तामाङले बकसपत्रबाट पाएको कि.नं.१४४ को जग्गाबाट निजको आफ्नै छोरी ममता तामाङले अंश पाउने नै देखियो । प्रतिवादी धनमाया तामाङले बकसपत्रको माध्यमबाट प्राप्त गरेको निजी आर्जनको उक्त सम्पत्तिमा निजका सौता, सौताका छोराछोरी र लोग्नेको अंशहक लाग्ने देखिएन । तसर्थ उक्त कि.नं. १४४ को जग्गाबाट समेत अंश पाउने गरी फैसला गरिपाउँ भन्ने वादीहरूको पुनरावेदन जिकिर मनासिब नदेखिने।

अतः माथि विवेचित आधार, कारणबाट प्रतिवादी धनमाया तामाङले बकसपत्रबाट पाएको कि.नं.१४४ को जग्गा निजी आर्जनको भनी प्रतिवादीको छोरी ममता तामाङले समेत अंश नपाउने भनी सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७२।३।३१ मा भएको फैसला सो हदसम्म नमिलेकोले केही उल्टी भई कि.नं. १४४ को जग्गाबाट वादीमध्येकी ममता तामाङले २ भागको १ भाग अंश पाउने निजबाहेक फिरादीहरूमध्येका अन्य कसैले पनि सो सम्पत्तिबाट अंश भाग नपाउने भनी ठहर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७३।०४।२७ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। साथै नाबालक ममता तामाङ आमा धनमाया तामाङको संरक्षकत्वमा रहने गरी सम्बन्ध विच्छेद मुद्दामा पुनरावेदन अदालत, पाटनसमेतबाट मिति २०७३।०४।२७ मा फैसला भएको देखिँदा निज नाबालक ममता तामाङको अंश भागमा पर्ने सम्पत्ति निजको उमेर नपुगेसम्म निजको आमा धनमाया तामाङको सहमति वा मन्जुरी नलिई कुनै पनि प्रकारबाट हक हस्तान्तरण गर्न नपाउने गरी अंश भाग बन्डा छुट्ट्याइसमेत दिने।

इजलास अधिकृत: डल्लुराम चौधरी
कम्प्युटर: अर्जुन पोखरेल
इति संवत् २०७५ साल भदौ ३ गते रोज १शुभम्।

## इजलास नं. १२

१

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री प्रकाशमान सिंह राउत,** ०६७-WO-१०१३, परमादेश, *काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ११ थापाथलीस्थित महिला, कानून र विकास मञ्चको*

*तर्फबाट अख्तियारप्राप्त र आफ्नै तर्फबाट समेत अधिवक्ता मीरा ढुङ्गानासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

प्रस्तुत रिट निवेदन दर्ता भएपछि बनेको नेपालको संविधानको धारा १५८ को उपधारा (६) को देहाय (ख) मा मुद्दा मामिलाको रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेका कानूनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने गराउने कर्तव्य महान्यायाधिवक्तालाई तोकिएको पाइन्छ भने कानून र न्याय मन्त्रालयअन्तर्गतको कानून किताब व्यवस्था समितिबाट प्रकाशित मुलुकी ऐनलगायत अन्य ऐनहरूमा शुन्य घोषित भएका ऐनहरू हटाइएको नै पाइयो । यसको अतिरिक्त लैङ्गिक समानता कायम गर्ने विषयमा छुवाछुतलाई गैरकानूनी घोषित गरी सजायसमेतको व्यवस्था गर्ने विषयमा र मुलुकी ऐनलाई प्रतिस्थापन गर्ने विषयमा त्यसैगरी घरेलु हिंसा विरूद्धमा समेत ऐनहरू निर्माण भइसकेको देखियो । यद्यपि यस अदालतबाट जारी भएका आदेशहरू पूर्णतः कार्यान्वयन भएको अवस्था छैन तर विपक्षीहरू कसैले पनि फैसला तथा आदेशहरू कार्यान्वयन गर्दैनौँ भनेको अवस्था पनि नहुने ।

नेपालको संविधानको धारा १२६ को उपधारा (२) बमोजिम मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णयको सबैले पालन गर्नुपर्नेछ भनी राज्यका समस्त निकायहरूउपर अदालतको फैसला तथा आदेशको कार्यान्वयन गर्नुपर्ने र कार्यान्वयन गर्न सहयोग गर्नुपर्ने दायित्व सुम्पिएको छ । यद्यपि पूर्ववर्ती संविधानहरूमा जस्तो अदालत, न्याय सम्पादनको कार्यमा सर्वोच्च र अन्य अदालतलाई सहयोग गर्नुपर्ने कर्तव्य सरकार र मातहतका पदाधिकारीहरूलाई तोक्ने व्यवस्था वर्तमान संबिधानमा छैन तर त्यसको अर्थ सरकार वा सरकारमा कार्यरत पदाधिकारीहरूले अदालतका फैसला कार्यान्वयन नगरी निरपेक्ष वा उदासीन रहन सक्छन् भन्ने कदापि होइन । यस्तो उदासीनतालाई संविधानले नसहने मात्र होइन अवस्थाअनुसार यो अपहेलनाको विषयसमेत बन्न सक्छ । तर एउटा आदेश वा फैसला कार्यान्वयन गर्न अर्को आदेश जारी गर्ने कुरा सामान्यतः वाञ्छनीय हुँदैन । अदालतका फैसला वा आदेशहरू संविधान र कानूनमा आधारित हुने हुँदा आफैँमा पूर्ण र शक्तिशाली हुन्छन् । यिनलाई अझ शक्तिशाली बनाउन अर्को आदेश जारी गर्नु उपयुक्त हुँदैन । त्यस दृष्टिबाट समेत यस अदालतको फैसला र आदेशहरू कार्यान्वयन गर्न परमादेशको आदेश जारी गरिपाउँ भन्ने निवेदकको माग स्वीकारयोग्य नदेखिने ।

अतः उपर्युक्त आधार कारणहरूबाट प्रस्तुत रिट निवेदनमा निवेदकहरूको मागबमोजिमको आदेश जारी गर्नु उचित र आवश्यक नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः गीता श्रेष्ठ

कम्प्युटर: अर्जुन पोख्रेल

इति संवत् २०७४ साल जेठ १ गते रोज ३ शुभम् ।

२

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री टंकबहादुर मोक्तान,** ०७०-CI-०८१७, अबन्डा जग्गा बन्डा दर्ता गरी नामसारी चलन, *रामप्रसाद राजवंशीसमेत वि. सुरेशकुमार चौधरी*

वादी र प्रतिवादीसमेतका ५ अंशियारका बीचमा मिति २०५९।५।५ मा अंशबन्डा भएको तथ्यमा कुनै विवाद नदेखिएको यी वादी प्रतिवादीहरूका स्व. पिता सिंहेश्वर राजवंशीको नाममा दर्ता रहेका कि.नं.१४२४ समेतका जग्गाहरू नामसारी गरिपाउँ भनी मिति २०५७।०४।२५ मा मालपोत कार्यालय, मोरङमा निवेदन दिई कारबाही चल्दाका क्रममा उक्त

जग्गाहरूमध्येको कि.नं.१४२४ को जग्गा रोक्का रहेको देखिँदा फुकुवा भएका बखत कारबाही हुने गरी बाँकी जग्गा नामसारी गर्ने भनी सोही मिति २०५७।०४।२५ मा मालपोत कार्यालय, मोरङबाट निर्णय भएको देखिन्छ । सोपश्चात् यी वादीहरूले मिति २०६०।२।२९ मा पास भएको बकसपत्र जग्गा सो हामीले पाउनुपर्ने पाइसकेका छौं लिनुपर्ने बाँकी छैन, बाँकी लिनुपर्ने दाबी विरोध गरेमा यसै कागजबाट बदर होस् भनी मिति २०६०।२।३० मा कागज गरी दिएकोमा यी पुनरावेदकले आफ्नो पुनरावेदनपत्रमा उक्त मिति २०६०।२।३० को कागजलाई अन्यथा हो भनी कुनै जिकिर लिएको नदेखिने।

उक्त कि.नं.१४२४ को जग्गाको हकमा सहकारीको धितो नतिरेको कारणले तत्कालीन अवस्थामा रोक्का रहेको कारणले नामसारी हुन नसकेकै अवस्थामा मिति २०६०।२।२९ मा पास भएको बकसपत्रअनुसारको जग्गा हामीले पाउनुपर्ने पाइसकेका छौं, अब लिनुपर्ने बाँकी छैन भनी मिति २०६०।२।३० मा कागज गरिदिएपश्चात् प्रतिवादी सुरेशकुमार चौधरीले मिति २०६६।०५।१८ मा सो सहकारी संस्थाको एक लाख रूपैयाँ ऋण तिरी सो जग्गा फुकुवा गराई आफ्नो नाममा नामसारी गराई लिएको देखिएबाट उक्त जग्गा निज प्रतिवादीले नामसारी गराई लिँदाका बखत अबन्डा रहेको भन्ने अर्थमा हेर्न नमिल्ने।

मिति २०५७।४।२५ मा मालपोत कार्यालयमा नामसारी गर्नको निमित्त दिएको मन्जुरीको कागजबाट उक्त जग्गा प्रतिवादी सुरेश चौधरीले नामसारी गराई लिएको देखिएबाट वादीहरूले मिति २०५९।५।५ मा नै बन्डा भइसकेका दाजुलाई मिति २०६०।२।२९ मा हालैको बकसपत्रबाट आफूले पाउने जग्गासमेत पाइसकेको भनी मिति २०६०।२।३० मा सोही सन्दर्भमा कागजसमेत गरेकोबाट सो कि.नं.१४२४ को जग्गाबाट यी पुनरावेदक वादीहरूले बन्डा पाउने भन्न मिलेन। समान अवस्था स्थिति रहेका अर्का भाइ सीताराम राजवंशीले उक्त जग्गा सम्बन्धमा दाबी नलिई चित्त बुझाई बसेको देखिएको अवस्था विद्यमान रहेको देखिने।

अतः उक्त कि.नं.१४२४ को जग्गासमेत अबन्डा रहेकोले हाम्रोसमेत बराबर अंश हक लाग्ने जग्गा दाजुले झुट्ठा सिफारिसका आधारमा आफ्नो नाममा मिति २०६६।५।१८ मा नामसारी हुने गरी मालपोत कार्यालयबाट निर्णय गराई आफ्नो नाममा दर्ता गराएको हाम्रो सगोलको अबन्डा सम्पत्ति भएकोले ५ भाग लगाई ३ भाग अंश छुट्याई दर्ता नामसारी गरी चलनसमेत चलाई पाउँ भनी लिएको वादीको दाबीसम्म नपुग्ने ठहऱ्याएको सुरू मोरङ जिल्ला अदालतको मिति २०६८।२।५ को फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६९।६।१० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: दीपेन्द्र तिवारी

इति संवत् २०७५ साल असार ३१ गते रोज १ शुभम्।

- यसै लगाउको ०७०-CI-०८१६, निर्णय बदर, *रामप्रसाद राजवंशीसमेत वि. सुरेशकुमार चौधरी* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## इजलास नं. १३

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०६८-WO-११२०, उत्प्रेषण, *रिञ्जे शेर्पा वि. मालपोत कार्यालय, सखुवासभा, खाँदबारीसमेत*

संखुवासभा जिल्लामा जग्गा नापजाँच गर्दा

देखापरेको समस्या समाधान गर्ने उद्देश्यले जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा ११(ख) बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्को) निर्णयबाट मिति २०४८।११।२६ को राजपत्रमा सूचना प्रकाशित गरी समिति गठन गरेको देखिन्छ । उक्त समितिले विवादित कि.नं.२३६ र कि.नं.३९५ को जग्गाहरू प्रमाणअनुसार नाप नक्सा गराई सकेको र प्रमाणले उक्त कित्ताहरू वनक्षेत्र देखिएकोले माग गरेका कित्ता जग्गाहरू दर्ता गर्न नमिल्ने भनी मिति २०५२।४।९ मा निर्णय भएको देखिन्छ । त्यसरी विवादित जग्गा दर्ता गर्न नमिल्ने भनी सो समितिबाट निर्णय गर्दा प्रमाणको मूल्याङ्कन गरी निर्णयको आधार र कारण स्पष्ट रूपमा खुलाई निर्णय गरेको देखिएन । उपर्युक्त जग्गा वन क्षेत्र नै परेको हो र निवेदकको हक नपुग्ने भई प्रचलित कानूनबमोजिम दर्ता गर्न नमिल्ने हो भनेपनि निर्णय गर्दा निर्णयकर्ताले प्रमाण, आधार र कारण उल्लेख गरी निर्णय गर्नुपर्ने हुन्छ । आधार र कारण उल्लेख नगरी गरेको निर्णय कानूनको दृष्टिमा स्वीकार्य हुँदैन । प्रस्तुत निवेदनको सन्दर्भमा उक्त समितिबाट निर्णय हुँदा अभिव्यक्त रूपमा यो यती कारणले जग्गा दर्ता गर्न मिलेन भनी उल्लेख भएको देखिँदैन । यस्तो निर्णयलाई आधार र कारणमा आधारित भएर गरेको निर्णय भनी मान्न नमिल्ने ।

निवेदकले दाबी गरेको कि.नं.२३६ र कि.नं.३९५ जग्गाका सम्बन्धमा जग्गा (नाप जाँच) नियमावली,२०३२ को नियम ६ बमोजिम सूचना प्रकाशित भएको भन्ने मिति २०५२।४।१० को निर्णयमा उल्लेख भएको देखिँदा साबिकमा दाबी परेको छ, छैन ? सोसम्बन्धी मिसिल र निवेदकले पेस गरेका प्रमाणसमेत बुझी सो प्रमाणहरू ग्राह्ययोग्य छ, छैन भन्नेबारे यकिन गरी निजको हक, भोग, तिरोको हो, होइन ? सोसम्बन्धी वस्तुनिष्ठ प्रमाणको समष्ठिगत मूल्याङ्कन गरी प्रक्रिया पूरा गरी निर्णय हुनु पर्ने अवस्था देखिन्छ । प्रस्तुत विवादमा सो गरेको नदेखिँदा सो समितिको मिति २०५२।४।१० र मिति २०५२।४।२१ को निर्णय त्रुटिपूर्ण हुँदा यो निवेदकको हकमा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब उक्त कि.नं.२३६ र कि.नं.३९५ जग्गाका सम्बन्धमा जग्गा (नाप जाँच) नियमावली, २०३२ को नियम ६ बमोजिम सूचना प्रकाशित भएको भन्ने मिति २०५२।४।१० को निर्णयमा उल्लेख भएको देखिँदा साबिकमा दाबी परेको छ, छैन ? सोसम्बन्धी मिसिल र निवेदकले पेस गरेका प्रमाणसमेत बुझी निजको हक, भोग, तिरोको हो, होइन ? यी निवेदकले ढिलो गरी आउनुको औचित्य र कारण पुष्टि हुन्छ वा हुँदैन ? सोसम्बन्धी वस्तुनिष्ठ प्रमाणको मूल्याङ्कन गरी प्रक्रिया पूरा गरी न्यायिक मनको प्रयोग गरी निर्णय गर्नु भनी विपक्षीहरूका नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृत : जगतबहादुर पौडेल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७५ साल जेठ २३ गते रोज ४ शुभम् ।

## इजलास नं. १४

१

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६८-WO-०९६९, उत्प्रेषण / परमादेश, *आशा भुषाल वि. त्रिभुवन विश्वविद्यालय केन्द्रीय क्याम्पस, कीर्तिपुरसमेत*

निवेदिकाले निवेदनमा दाबी गरेअनुसार निजको उत्तर पुस्तिका पुनः जाँच गर्ने र सो जाँच हुँदा प्राप्त अङ्कको आधारमा पुनः रिजल्ट प्रकाशन गराउने गरी आदेश जारी गर्न कानूनले मिल्ने पनि देखिँदैन । उत्तर पुस्तिका जाँच गर्दा हुन सक्ने लापरवाही तथा अनियमितताको सम्भावनालाई नियन्त्रण गर्न र जाँचमा

शुद्धता ल्याउनका लागि त्रिभुवन विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को परिच्छेद ६४ मा संपरीक्षण समितिको व्यवस्था गरी जाँच भएका उत्तर पुस्तिकाको तोकिएबमोजिमको परीक्षकबाट संपरीक्षण हुने व्यवस्था रहे भएको नै देखिन्छ । यसरी कानूनमा नै निश्चित गरी परीक्षा प्रणालीलाई पारदर्शी र व्यवस्थित गराउने गरी भएका प्रक्रिया र पद्धतिविपरीत हुने गरी निवेदिकाले दाबी गरेकै आधारमा निवेदन मागबमोजिम आदेश जारी गर्न मिल्ने पनि देखिँदैन । यस अवस्थामा निवेदिकाले प्राप्त गरेको अङ्क उत्प्रेषणको आदेशले बदर हुन सक्ने नदेखिने ।

निवेदिकाले अनुत्तीर्ण परीक्षार्थीको उत्तर पुस्तिका पुनः अर्को परीक्षकबाट परीक्षण गर्ने व्यवस्था गर्नु, कम्प्युटर प्रणालीद्वारा उत्तर पुस्तिका परीक्षण गर्ने प्रबन्ध र प्रावधान नियममा नै समावेश गर्नु, गराउनु भनी परमादेशयुक्त निर्देशनात्मक आदेश माग गरेको भए पनि निवेदन मागका उक्त विषय आवश्यकता र औचित्यताका आधारमा सम्भव र मनासिब देखिँदैन । परीक्षा प्रणालीलाई उचित व्यवस्थापन गर्ने र थप शुद्धता ल्याउने कुरामा उक्त त्रिभुवन विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० मा पर्याप्त व्यवस्था गरिएको नै देखिँदा निवेदन मागअनुसार आदेश जारी गर्नुपर्ने अवस्थासमेत देखिन नआउने ।

उपर्युक्त आधार कारणसमेतबाट त्रिभुवन विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालयले रिट निवेदिकाको Business Economics (203) विषयमा १०० पूर्णाङ्कमा प्रदान गरेको १४ अङ्क र सोको पुनर्योग गर्दा पूर्व प्राप्ताङ्कमा कुनै परिवर्तन नआएको भनी गरेको निर्णय कानूनसम्मत नै भएको देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिरहनु परेन र कानूनबमोजिम नै भएको सो निर्णयउपर थप परमादेश तथा निर्देशनात्मक आदेश जारी गरी रहनु पर्ने अवस्थासमेत नहुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: विष्णुप्रसाद पौडेल
कम्प्युटर: पद्मा आचार्य
इति संवत् २०७५ साल जेठ ३ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७०-WO-०६६९, उत्प्रेषण / परमादेश, *शिवशक्ति भट्टराईसमेत वि. भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय, सडक विभाग बबरमहलसमेत*

प्रस्तुत रिट निवेदनको विषयवस्तुलाई हेर्दा मिति २०७०।१०।११ को द राइजिङ नेपाल राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना नं. ०१।०७०।०७१ को सूचना र मिति २०७०।१०।२७ मा रिपब्लिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना नं. NIRTTP/०१/०७०-०७१ समेतका आयोजनाहरूको निर्माणसम्बन्धी ठेक्का बोलपत्रका विषयमा उल्लेख गरेका न्यूनतम सर्तसम्बन्धी विषयलाई उत्प्रेषणको आदेशद्वारा बदर गरी सामान्य न्यूनतम योग्यता पुगेका सबै निर्माण व्यवसायीलाई निर्वाध रूपमा भाग लिन दिनु, दिलाउनु भनी विपक्षीहरूका नाममा परमादेशसमेतको आदेश जारी गरिपाउँ भनी रिट निवेदन परेको देखिए तापनि निवेदनमा उल्लिखित २०७० सालमा बोलपत्र आह्वान भएका मुग्लिन-नारायणगढ सडक खण्डको मर्मत सुधारसम्बन्धी आयोजनाहरूको बोलपत्र स्वीकृत भई निर्माणसमेत सम्पन्न हुने क्रममा रहेको अवस्था र स्थितिसमेतलाई मध्यनजर गर्दा पनि प्रस्तुत विषयवस्तु हालको समयमा निष्प्रयोजन भएको देखिने ।

रिट निवेदकतर्फका कानून व्यवसायीले आज

सुनुवाइको बहसको क्रममा अब प्रस्तुत विषयवस्तुको औचित्यतासमेत समाप्त भइसकेको हुँदा रिट जारी गरी रहनु पर्ने स्थिति छैन भनी उल्लेख गर्नु भएकोले विपक्षीहरूको मिति २०७० सालको बोलपत्रसम्बन्धी निर्णयलाई अहिले आएर बदर गर्नुपर्ने स्थिति र अवस्थासमेत नदेखिँदा निवेदन मागबमोजिम रिट जारी गर्न मिलेन, प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विष्णुप्रसाद पौडेल

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७५ साल जेठ ३ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७१-RC-०१०४, कर्तव्य ज्यान र जबरजस्ती चोरी, *नेपाल सरकार वि. सलबहादुर गुरूङ*

घटनास्थलमा बरामद भएको बिँडदेखि टुप्पोसम्म ८ इन्च लम्बाई भएको रगत लागेको फलामको कर्दा (बामफोक) आफ्नै भएको र त्यही बामफोकले मृतकहरू लकबुटी शेर्पा, दावा शेर्पा र अप्सरा शेर्पा गरी ३ जनालाई प्रहार गरेको हुँ भनी यी प्रतिवादीले अदालतसमक्ष समेत साबिती भई बयान गरेको अवस्थासमेतबाट मृतकहरूको मृत्यु यिनै प्रतिवादीको बामफोक प्रहारबाट नै भएको भन्ने कुरा विवादरहित रूपमा पुष्टि हुन आउने।

अब प्रतिवादी सलबहादुर गुरूङलाई जिल्ला अदालत र पुनरावेदन अदालतले अभियोग माग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(१) बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरेको फैसला मिले नमिलेको सम्बन्धमा प्रतिवादी सलबहादुर गुरूङले मृतक लकबुटी शेर्पासँग दिउसो रू.५,०००।- सापटी माग्दा नदिएको अवस्थामा राति निजको घरमा प्रवेश गरी निजको बाकसबाट पैसा निकाल्न लाग्दा सुतिरहेका लकबुटी शेर्पासमेतले थाहा पाई होहल्ला गर्दा आफ्नो बेइज्जत हुने डरले आफूले भिरी राखेको बामफोकले लकबुटी शेर्पा, दावा शेर्पा र अप्सरा शेर्पासमेत गरी ३ जनालाई शरीरका विभिन्न स्थानमा पटकपटक प्रहार गरी मारेको कुरा मिसिल संलग्न प्रमाण कागजातबाट पुष्टि भइरहेको देखिँदा निज प्रतिवादी सलबहादुर गुरूङले अभियोग माग दाबीअनुसारको कसुर अपराध गरेको नै देखिन आउने।

तसर्थ उल्लिखित आधार र कारणसमेतबाट प्रतिवादी सलबहादुर गुरूङको उक्त कार्य मुलुकी ऐन, ज्यानसम्बन्धीको १ नं. तथा १३(१) नं. विपरीतको कसुर भएकाले सोही कसुरमा सोही ऐनको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने र चोरीको कसुर गरेतर्फ मुलुकी ऐन, १४(२) नं. बमोजिम सजाय गर्नलाई ज्यान मुद्दामा र्सवस्वसहित जन्मकैदको सजाय भएकोले दण्ड सजायको १० नं. बमोजिम थप सजाय गरिरहन नपर्ने ठहऱ्याएको सुरू जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, धनकुटाबाट मिति २०७१।२।२८ मा भएको फैसला मिलेकै देखिँदा पेस हुन आएको साधक सदर हुने।

इजलास अधिकृत: विष्णुप्रसाद पौडेल

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७५ साल जेठ ३ गते रोज ५ शुभम्।

## इजलास नं. १६

१

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७०-CR-०८४१, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. रोहित गुरूङ*

जाहेरवालाहरूले आफूहरूबाट प्रतिवादीले

विदेश पठाई दिने भनी जम्मा रू.२,३५,०००।- बुझिलिई विदेश पनि नपठाएको र पैसा फिर्ता पनि नगरेको भनी जाहेरी दिए पनि वादी पक्षले जाहेरवालालाई अदालतमा उपस्थित गराई सो जाहेरी बेहोरा समर्थन हुने गरी बकपत्र गराउन सकेको पाइँदैन। वैदेशिक रोजगार न्यायाधिकरणबाट मुलुकी ऐन, अ.बं. ११५ नं. बमोजिमको म्याद जारी गर्दासमेत जाहेरकर्ताहरू अदालतमा आई बकपत्र गरिदिएको पाइँदैन । यसबाट जाहेरी बेहोरा समर्थन हुन सकेको देखिँदैन । यसैगरी जाहेरीसँग पेस भएको यी प्रतिवादीले पैसा बुझेको भनिएको लिखतको सक्कल पनि जाहेरकर्ताले पेस गर्न सकेको पाइँदैन। अन्य कुनै मिसिल संलग्न प्रमाणहरूबाट पनि जाहेरीको बेहोरा पुष्टि हुन आएको पाइँदैन । प्रत्यर्थी प्रतिवादी रोहित गुरूङले अनुसन्धानमा बयान गर्दा आफूले साथी जोन तुलाधरले भनेअनुसार पैसासम्म प्रतिवादीबाट बुझी निज जोन तुलाधरलाई नै दिएको भने पनि अदालतमा बयान गर्दा भने आफूले यी प्रतिवादीहरूलाई जोन तुलाधरसँग परिचय मात्र गराइदिएको पैसा नबुझेको भनी आरोपित कसुरमा पूर्ण इन्कार रही बयान गरिदिएको पाइन्छ । निजको अनुसन्धानका क्रममा गरेको बयान अन्य कहिँकतैबाट समर्थित हुन सकेको पाइँदैन । यसबाट निजको अनुसन्धानको बयानलाई सत्य रहेछ भनी भन्न सकिँदैन र सोको आधारमा प्रतिवादीलाई सजाय हुनुपर्ने हो भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

जाहेरी एक अपराधको सम्बन्धमा प्रारम्भिक सूचना मात्र हो। यो आफैँमा कुनै स्वतन्त्र प्रमाण हुन सक्दैन अर्थात् जाहेरीको बेहोरा अन्य प्रमाणबाट समर्थित हुन नसकेको अवस्थामा जाहेरी बेहोरालाई मात्र प्रमाण मानी कुनै व्यक्तिलाई दोषी ठहऱ्याउन मिल्ने देखिन नआउने।

स्वयम् पीडित भनिएका जाहेरीकर्ताले अदालतबाट मुलुकी ऐन, अ.बं. ११५ नं. बमोजिम आदेश हुँदासमेत अदालतमा उपस्थित भई आफ्नो जाहेरी बेहोराको समर्थनमा बकपत्र गर्न नसकेको र जाहेरीमा उल्लिखित कागजको सक्कल पनि निजहरूले पेस गर्न नसक्नुको साथै जाहेरी बेहोरा अन्य कुनै प्रमाणबाट समर्थन हुन सकेको देखिँदैन । पीडित भनिएका जाहेरकर्ताहरू आफ्नो भनाइलाई पुष्टि गर्न प्रयासरत हुनुपर्नेमा आफ्नो भनाइलाई पुष्टि गर्न नसकेको अवस्थामा र अन्य प्रमाणबाट पनि जाहेरी समर्थित हुन नसकेको अवस्थामा निजहरूको जाहेरीको भनाइलाई सत्य रहेछ भनी भन्न नमिल्ने।

आरोपित कसुरलाई पुष्टि हुने गरी प्रमाण पेस गर्ने भार वादी पक्षमा निहित रहनेमा प्रस्तुत विवादको सन्दर्भमा वादी पक्षले आफूले लगाएको अभियोग पुष्टि हुने गरी कुनै प्रमाण पेस गर्न सकेको पाइँदैन । वादी नेपाल सरकार पक्षबाट आरोपित कसुर पुष्टि हुने गरी कुनै प्रमाण पेस हुन नसकेको अवस्थामा केवल अभियोग लगाएको आधारमा मात्र कुनै पनि व्यक्तिलाई दोषी ठहर गर्न मिल्दैन। तसर्थ यी प्रत्यर्थी प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ दिने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसला मिलेको नै देखिन आउने।

अतः माथि विवेचित आधार, कारण र प्रमाणहरूबाट प्रत्यर्थी / प्रतिवादीउपरको कसुर शङ्कारहित तरिकाले पुष्टि हुन सकेको नदेखिएकोले यी प्रत्यर्थी प्रतिवादी रोहित गुरूङले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६९।०७।२१ मा भएको

फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल मङ्सिर १० गते रोज १ शुभम्।

२

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७०-CR-१२२२, वैदेशिक रोजगारसम्बन्धी कसुर, *रजनी जोशी वि. नेपाल सरकार*

मिति २०६३।९।१२ र २०६३।३।१३ का वैदेशिक रोजगारसम्बन्धी लिखत जाहेरवालाहरूले जबरजस्ती करकापसँग गराएको भन्ने जिकिर प्रतिवादी रजनी जोशीले लिए तापनि सो लिखतहरूको सम्बन्धमा करकापमा नालिस गरी बदर गराउन सकेको नदेखिएको, मिति २०६३।०३।१३ को लिखतका साक्षी र लेखक साक्षीले सो लिखतहरू रजनी जोशीले गरेकी हुन् भनी बकपत्र गरिदिएकी र मिति २०६३।०९।१२ को लिखतका सम्बन्धमा लेखक साक्षीले सोमा आफ्नो दस्तखत नभएको भनेपनि विशेषज्ञको राय तथा बकपत्रबाट उक्त लिखतमा भएको हस्ताक्षर सत्य साँचो बेहोराको देखिन आएबाट सो लिखतहरूलाई प्रतिवादीको जिकिरअनुसार झुट्टा र करकापमा गराएको भन्न मिल्ने देखिन आएन । पुनरावेदक प्रतिवादीले वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने अनुमति लिएको पनि देखिन आउँदैन । यसबाट यी पुनरावेदक प्रतिवादीले वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने इजाजतपत्र नलिई जाहेरवालाहरूलाई वैदेशिक रोजगार दिलाई दिने झुट्टा आश्वासन तथा प्रलोभनमा पारी रकम लिई वैदेशिक रोजगारसम्बन्धी कसुर गरेको देखिन आउने।

लिखतहरूउपर करकापमा नालिस उजुर गरी बदर गराउन सकेको पाइँदैन । करकाप गरेको भन्ने देखिने अन्य कुनै प्रमाणसमेत निजले पेस गर्न सकेको पाइँदैन । सो लिखतहरूमध्ये मिति २०६३।०३।१२ को लिखतका साक्षी र लेखक साक्षीले सो लिखतमा भएको सहीछाप आफ्नै रहेभएको र कागजमा भएको बेहोरासमेत सत्य साँचो हो भनी आफ्नो बकपत्रमा लेखाई दिएको पाइन्छ भने मिति २०६३।०९।१२ को लिखतका सम्बन्धमा लेखक साक्षीले सोमा भएको दस्तखत आफ्नो नभएको भनी बकपत्र गरे पनि विधि विज्ञान प्रयोगशालाबाट निजको दस्तखत नमुना परीक्षणबाट उक्त लिखतको लेखक साक्षीमा परेको दस्तखत निजको दस्तखतसँग धेरै मात्रामा मिलेको भन्ने देखिन आएबाट निजको उक्त लिखतमा सहिछाप नपरेको भनी भन्न सकिएन । यसरी लिखतमा भएका साक्षीको सहिछाप सत्य देखिएको र सो कागज गरिदिनेमा यी पुनरावेदकको आफ्नै सहिछाप रहेभएको भनी निज स्वयम्ले नै स्वीकार गरेको अवस्थामा सो लिखतमा भएको बेहोरालाई पनि सत्य नै मान्नुपर्ने हुन्छ। यसरी उक्त लिखतहरूमा सहिछाप गर्नुपर्ने कारण र अवस्थाका सम्बन्धमा अन्यथा प्रमाणित नभएसम्म सो लिखत सामान्य अवस्थामा कानूनअनुरूप नै भएको मान्नुपर्ने पनि देखिने।

लिखतहरू मिति २०६३।३।१३ र २०६३।९।१२ मा भएको र उक्त लिखतहरूबाट प्रतिवादीले जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा पठाइदिनका लागि भनी निजहरूसँग २०६२ साल फाल्गुण २५ गते र २०६३ साल वैशाख महिनामा रकम लिएको भनिएको समयमा वैदेशिक रोजगार ऐन, २०६४ प्रारम्भ भई नसकेकोले प्रस्तुत मुद्दाका सम्बन्धमा वैदेशिक रोजगार ऐन, २०६४ आकर्षित हुने नभई वारदात हुँदाको अवस्थामा विद्यमान रहेको वैदेशिक रोजगार ऐन, २०४२ नै आकर्षित हुने देखिन्छ । त्यसैले यी पुनरावेदक प्रतिवादीले वैदेशिक रोजगार ऐन, २०४२ को दफा ३ बमोजिम वैदेशिक

रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतपत्र नै नलिई प्रतिवादी जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा स्पेन पठाइदिन्छु भनी झुट्टा आश्वासन तथा प्रलोभन देखाई निजहरूबाट रकम लिई रोजगारमा नपठाई वैदेशिक रोजगार ऐन, २०४२ को दफा २४(२) को कसुर गरेको देखिन आउने।

अतः माथि विवेचित आधार र प्रमाणहरूबाट प्रतिवादी रजनी जोशीलाई वैदेशिक रोजगार ऐन, २०४२ को दफा २४(२) बमोजिम रू.५०,०००।- जरिवाना हुने र निजबाट जाहेरवालाहरू नन्दकुमार कोइरालाले बिगो रकम रू.१,२०,०००।- र हर्जाना रकम रू.६०,०००।- गरी जम्मा रू.१,८०,०००।- श्रवण पुडासैनीले बिगो रकम रू.१,२०,०००।- र हर्जाना रकम रू.६०,०००।- गरी जम्मा रू.१,८०,०००।- रविन्द्र पोखरेलले बिगो रकम रू.७,००,०००।- र हर्जाना रकम रू.३,५०,०००।- गरी जम्मा रू.१०,५०,०००।- हर्जानासहितको बिगो भराई पाउने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६९।०९।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल मङ्सिर १० गते रोज १ शुभम्।

## इजलास नं. १७

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७१-CR-०१९६, लागु औषध ब्राउन सुगरसमेत, *नेपाल सरकार वि. कृष्ण श्रेष्ठ भन्ने कृष्णनाथ श्रेष्ठसमेत*

प्रतिवादी कृष्ण श्रेष्ठको बायाँ खल्तीबाट लागु औषध स्पास्मो १६ क्याप्सुल र अगाडिको दायाँ खल्तीबाट लागु औषध ब्राउनसुगर ९ ग्राम बरामद भएको र निजले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दाको क्रममा सो लागु औषध ब्राउन सुगर र स्पास्मो क्याप्सुल मैले खल्तीभित्र राखी साथमा लिई आइरहेको अवस्थामा मेरो साथबाट बरामदी भएको हो तर म लागु औषध बिक्री वितरण सेवन केही गर्दिन उक्त लागु औषध ब्राउन सुगर र स्पास्मोसमेत निज सागर पुनले लगी दिन भनेपछि मैले साथीको नाताले घरमा लगी राखी दिनको लागि ल्याएको थिएँ भनी बयान गरेको पाइन्छ भने निज प्रतिवादी अदालतमा उपस्थित भई बयान गर्दा सागर अधिकारी र म प्रतिवादी कृष्ण श्रेष्ठ कहिलेकाहीँ सँगै बसी लागु औषध सेवन गर्ने गरेकोमा सो दिन सेवन गर्नको लागि सागर अधिकारीले किनी दिएको लागु औषध स्पास्मो १६ क्याप्सुल र ब्राउन सुगर ७ ग्राम मैले लगाएको पाइन्टको खल्तीमा राखी बुटवलतर्फ आउँदै गरेको अवस्थामा प्रहरीले बरामद गरेको हो, म लागु औषध बिक्री वितरण गर्दिन सेवन मात्र गर्छु भनी बयान गरे पनि उक्त बयानलाई पुष्टि हुने गरी प्रमाण ऐन, २०३१ को दफा २७ अनुसार प्रमाणित गराउन सकेको देखिँदैन। आफूसँग बरामद भएको लागु औषधको सम्बन्धमा लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १३ अनुसार आफूसँग रहनुपर्नाको कारण तथा यस ऐनबमोजिम प्राप्त गरेको वा राखेको कुराको प्रमाण प्रतिवादीले नै पेस गरी पुष्टि प्रमाणित गराउनु पर्ने दायित्व रहेकोमा त्यसरी आफूले कसुरबाट सफाइ हुने गरी कुनै प्रमाण आधार पेस गरेको देखिँदैन। प्रतिवादी स्वयम्ले अर्काको लागि ल्याई दिएको ओसारपसार गरेको नै देखिन्छ। लागु औषधको मात्रासमेतलाई विचार गर्दा ज्यादै सानो मात्रा नभई ९ ग्राम रहेको देखिन्छ। सेवन प्रयोजनको लागि मात्र

ल्याएको भनी मान्न सकिने अवस्था नदेखिने।

प्रतिवादी फिरोज गाहा मगरले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज र अदालतमा आई गरेको बयानमा सो लागु औषध मैले आफ्नो सेवनको लागि भारत सुनौलीबाट रू.८००।- मा खरिद गरी ल्याएको हो । बिक्री वितरणको लागि ल्याएको होइन भनी बयान गरेको र प्रतिवादी फिरोज गाहा मगरको बायाँ खल्तीबाट लागु औषध ब्राउन सुगर २ ग्राम मात्र बरामद भएको देखिँदा उक्त लागु औषध प्रतिवादी फिरोज गाहा मगरले सेवनको लागि नल्याई, बिक्री वितरणको लागि ल्याएको भन्ने तथ्य पुनरावेदक वादीले पुष्टि गर्न नसकेको परिप्रेक्ष्यमा उक्त लागु औषध फिरोज गाहा मगरले सेवनको लागि ल्याएको भन्ने पुष्टि भएकोले निज प्रतिवादी फिरोज गाहा मगरलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ (१)(ज) बमोजिम ६ महिना कैदको सजाय हुने ठहऱ्याई सुरू रूपन्देही जिल्ला अदालतबाट मिति २०६९।३।२० मा भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, बुटवलबाट मिति २०७०।३।३० मा भएको फैसला मिलेकै देखिने।

प्रतिवादीमध्येका फिरोज गाहामगरले, मिति २०६८।२।१९ गतेका दिन भारतको सुनौली गई एकजना नाम थाहा नभएको मानिसमार्फत भारतीय नाम थाहा नभएकी महिलालाई भेटी रू.८००।- मा लागु औषध ब्राउनसुगर खरिद गरी साथमा राखी घरतर्फ आउँदै गरेको अवस्थामा जिल्ला रूपन्देही, सिद्धार्थनगर नगरपालिका वडा नं.१ बेलहियामा प्रतिवेदक प्रहरी कर्मचारीले मेरो शरीर तलासी लिँदा मेरो साथबाट लागु औषध ब्राउनसुगर बरामद भएको हो उक्त लागु औषध मैले सेवन गर्नका लागि लिई आएको हुँ भनी कसुरमा साबिती भई मौकामा र अदालतमा समेत साबित भई बयान गरेको देखिने।

ब्राउनसुगर र स्पास्मोको ओसारपसार र बिक्री वितरणलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ ले छुट्टाछुट्टै कसुर कायम गरी छुट्टाछुट्टै सजायको व्यवस्था गरेको परिप्रेक्ष्यमा निजले लागु औषध स्पास्मो साथमा लिएर हिँडेको कसुरतर्फ मौन रहेको सुरू जिल्ला अदालतको फैसला सो हदसम्म मिलेको नदेखिँदा निजले गरेको उक्त कसुर पुष्टि भइरहेको अवस्थामा निजलाई अभियोग मागदाबीबमोजिम लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ (१)(छ)(१) बमोजिम ५ वर्ष कैद र रू.५०००।- (पाँच हजार रूपैयाँ) जरिवाना हुने र सोही ऐनको दफा १४ (१)(झ) बमोजिम थप २ वर्ष कैद र एक लाख रूपैयाँ जरिवानासमेत हुने ठहऱ्याई पुनरावेदन अदालत, बुटवलबाट मिति २०७०।३।३० मा भएको फैसला मिलेकै देखिन आउने।

अतः माथि विवेचित आधार, कारणहरूबाट प्रतिवादी कृष्ण श्रेष्ठ भन्ने कृष्णनाथ श्रेष्ठलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ (१)(छ)(१) बमोजिम ५ वर्ष कैद र रू.५०००।- (पाँच हजार रूपैयाँ) जरिवाना हुने र प्रतिवादी फिरोज गाहा मगरलाई सोही ऐनको दफा १४ (१)(ज) बमोजिम ६ महिना कैदको सजाय हुने ठहऱ्याई सुरू रूपन्देही जिल्ला अदालतबाट मिति २०६९।३।२० मा भएको फैसला सो हदसम्म मिलेकै देखिँदा सदर हुने र प्रतिवादी कृष्ण श्रेष्ठ भन्ने कृष्णनाथ श्रेष्ठको साथबाट लागु औषध स्पास्मोसमेत बरामद भएको देखिँदा निजलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ (१)(झ) बमोजिम समेत सजाय गर्नुपर्नेमा त्यसतर्फ केही नबोली भएको सुरू फैसला केही उल्टी गरी प्रतिवादी कृष्ण श्रेष्ठ भन्ने कृष्णनाथ श्रेष्ठलाई सोही दफा १४(१)(झ) बमोजिम २ वर्ष कैद र एक लाख रूपैयाँ जरिवानासमेत हुने ठहऱ्याई पुनरावेदन अदालत, बुटवलबाट मिति

२०७०।३।३० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: दीपेन्द्र तिवारी

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७५ साल वैशाख १० गते रोज २ शुभम्।

## एकल इजलास

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७५-WH-००५६, बन्दीप्रत्यक्षीकरण, रेवतरमण भट्टराईको हकमा कमला भट्टराई वि. महानगरीय प्रहरी वृत्त कमलपोखरी, काठमाडौंसमेत

कानूनको परिपालना, कार्यान्वयन सहज र व्यावहारिक रूपमा हुनुपर्दछ। अदालतमा सार्वजनिक बिदा परी बन्द भएकोमा सो अवधिका लागि कानूनले तोकेको कार्यबाहेक अन्य कार्य अदालतले गर्न सक्दैन। अतः मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ३४ मा भएको कानूनी व्यवस्था प्रस्तुत निवेदकको हकमा समेत आकर्षित हुने नै देखिने।

तसर्थ, सुरेन्द्र कपालीको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी रेवत रमण भट्टराईसमेत भएको ठगी मुद्दामा रेवत रमण भट्टराईलाई प्रहरी हिरासतमा राखी अनुसन्धान गर्न काठमाडौं जिल्ला अदालतबाट मिति २०७५।६।२३ गतेसम्मको म्याद थप अनुमति प्रदान भएकोमा म्याद थप गर्नुपर्ने अन्तिम दिन २०७५।६।२४ गतेदेखि अदालतमा बिदा परेको र बिदा परेको लगत्तै अदालत, खुलेको पहिलो दिन कानूनबमोजिम म्याद थप गराउनको लागि जान सक्ने अवस्था रहेको स्थितिमा प्रतिवादीलाई गैरकानूनी थुनामा राखिएकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी निजलाई थुनामुक्त गराई पाउँ भन्ने निवेदन दाबी मनासिब देखिन नआएकोले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विकासकुमार रजक

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७५ साल असोज ३१ गते रोज ४ शुभम्।

**"मेलमिलाप गरौं, विवाद नबढाऔं"**

**- सर्वोच्च अदालत, मेलमिलाप समिति**